# बझाङ जिल्लाका बाह्रमासे गीतको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दशौं पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

विष्णुबहादुर दहनी

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

नेपाल


२०६५

बझाङ जिल्लाका बाह्रमासे गीतको अध्ययन – विष्णुबहादुर दहनी (२०६५)

# बझाङ जिल्लाका बाह्रमासे गीतको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दशौं पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

विष्णुबहादुर दहनी

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

नेपाल


२०६५

शोधनिर्देशक
उप-प्रा.डा. दुर्गाबहादुर घर्ती

# बझाङ जिल्लाका बाह्रमासे गीतको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दशौं पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र

शोधार्थी
विष्णुबहादुर दहनी

त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं
नेपाल

२०६५

# शोध-निर्देशकको मन्तव्य

नेपाली एम.ए. (शैक्षिक वर्ष २०६४/६५) दोस्रो वर्षका छात्र श्री विष्णुबहादुर दहनीले **'बभाङ जिल्लाका बाह्रमासे गीतको अध्ययन'** शीर्षकको यो स्नातकोत्तर शोधपत्र मेरा निर्देशनमा परिश्रमपूर्वक तयार गर्नुभएको हो । म उहाँको यस शोधकार्यसँग सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

**मितिः** २०६५।१०।१०

...............................................

**उप-प्रा.डा. दुर्गाबहादुर घर्ती**
**शोध-निर्देशक**

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा निजी व्यस्तताका बाबजुद पनि मलाई आवश्यक सल्लाह र उचित निर्देशन प्रदान गर्नुहुने शोधनिर्देशक नेपाली केन्द्रीय विभागका उपप्राध्यापक आदरणीय गुरु डा. दुर्गाबहादुर घर्तीज्यूप्रति म चिरऋणी छु र उहाँको यस निर्देशनप्रति अत्यन्त आभार प्रकट गर्दछु । यसैगरी मेरो शोधप्रस्तावलाई स्वीकृत गरी लेखन कार्यमा समेत आवश्यक सुझाव एवं हौसला प्रदान गर्नुहुने त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागका प्राध्यापक राजेन्द्र सुवेदीलगायत सम्पूर्ण श्रद्धेय गुरुज्यूहरूप्रति म कृतज्ञ छु ।

आफ्ना अनेकौं दु:खकष्ट र अभावसँग जुझ्दै अध्ययन कार्यमा सधैं सहयोग एवं आशीर्वाद दिनुहुने मेरी पूजनीय स्व. आमा विर्मादेवी दहनीप्रति म चिरऋणी छु । साथै आदरणीय दाजु श्री लछी दहनी र रामबहादुर दहनीप्रति पनि म कृतज्ञ छु । शोधपत्र तयारका लागि आवश्यक सामग्री सङ्कलन गर्ने क्रममा विभिन्न गीतहरू गाएर सहयोग गर्नुहुने गायिका दिदी श्रीमती शकुन्तला कठायत, रूपा विष्ट, अफी सार्की, प्रेमबहादुर विष्टलगायत ती गीतहरूलाई मौखिक रूपमा जिवित राख्ने सम्पूर्ण बझाङवासी नरनारीहरूलाई म कृतज्ञताज्ञापन गर्दछु । त्यस्तै शोधपत्रका लागि आवश्यक विभिन्न पत्र-पत्रिका एवं पुस्तक जुटाउन सहयोग गर्नुहुने भानिज श्री धीरेन्द्र के.सी. र सन्तोष बिष्ट लगायत थोरै भए पनि मलाई सहयोग र सहानुभूति दिनुहुने सम्पूर्ण शुभचिन्तकप्रति म आभारी छु ।

शोधपत्र तयार पार्ने क्रममा विभिन्न पुस्तक, पत्रपत्रिका एवं लेख रचना आदि उपलब्ध गराई सहयोग गर्नुहुने त्रि.वि. केन्द्रीय पुस्तकालयका कर्मचारी तथा समयमा नै शोधपत्र टङ्कन गरी आवश्यक सहयोग गर्नुहुने दुर्क कम्प्युटर सिस्टम कीर्तिपुर नयाँ बजारका श्री दुर्कमान महर्जनप्रति म धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष प्रस्तुत गर्दछु ।

**मितिः** **विष्णुबहादुर दहनी**

# विषय-सूची


| | | पृ. |
|---|---|---|
| **अध्याय एक : शोधपरिचय** | | **१-७** |
| १.१ | शोध-परिचय | १ |
| १.२ | शोध-समस्या | २ |
| १.३ | शोधको उद्देश्य | ३ |
| १.४ | पूर्वकार्यको समीक्षा | ३ |
| १.५ | अध्ययनको औचित्य तथा महत्त्व | ६ |
| १.६ | सामग्रीसङ्कलन विधि तथा अध्ययन ढाँचा | ६ |
| १.७ | शोधको अध्ययन क्षेत्र र सीमा | ७ |
| १.८ | शोधपत्रको रूपरेखा | ७ |
| **अध्याय दुई : बाह्रमासे गीतको सैद्धान्तिक परिचय** | | **८-२२** |
| २.१ | परिचय | ८ |
| २.२ | लोकगीत | ९ |
| | २.२.१ लोकगीतको वर्गीकरण | १२ |
| २.३ | बाह्रमासे गीत | १६ |
| | २.३.१ बाह्रमासे गीतको वर्गीकरण | १८ |
| | २.३.२ बाह्रमासे गीतका विशेषता | १९ |
| २.४ | निष्कर्ष | २२ |
| **अध्याय तीन : बझाङ जिल्लाको संक्षिप्त परिचय** | | **२३-४०** |
| ३.१ | परिचय | २३ |
| ३.२ | भौगोलिक परिचय | २४ |
| | ३.२.१ हिमाली प्रदेश | २४ |
| | ३.२.२ लेकाली प्रदेश | २५ |
| | ३.२.३ पहाडी प्रदेश | २५ |
| | ३.२.४ नदीले बनाएका बेंसीहरू | २६ |

३.३ ऐतिहासिक परिचय २७
३.४ सामाजिक जनजीवन र लोकसंस्कृति ३०
३.४.१ जातजाति ३०
३.४.२ संस्कार तथा रीतिरिवाज ३२
३.४.३ सामाजिक बनोट ३४
३.४.४ आर्थिक अवस्था ३५
३.४.५ शैक्षिक अवस्था ३६
३.५ भाषा-भाषिका ३७
३.६ निष्कर्ष ४०

**अध्याय चार : बझाङ्गी लोकगीतका परिप्रेक्ष्यमा बाह्रमासे गीत ४१-६२**
४.१ परिचय ४१
४.२ बझाङ्गी लोकगीतको वर्गीकरण ४३
४.२.१ परम्परित गीत ४४
४.२.२ परिवेशसिर्जित गीत ५२
४.३ निष्कर्ष ६२

**अध्याय पाँचः बझाङ्गी बाह्रमासे गीतको सङ्कलन, वर्गीकरण र विश्लेषण ६३-**
५.१ परिचय ६३
५.२ बझाङ्गी बाह्रमासे गीतको वर्गीकरण ६५
५.२.१ लयका आधारमा वर्गीकरण ६५
५.२.२ विषयवस्तुका आधारमा वर्गीकरण ६८
५.२.३ गायनका आधारमा वर्गीकरण ८९
५.२.४ स्वरूपका आधारमा वर्गीकरण ९२
५.२.५ रसका आधारमा वर्गीकरण ९५
५.२.६ प्रस्तुतीकरणका आधारमा वर्गीकरण १०१
५.३ बाह्रमासे गीतको संरचना १०२
५.४ निष्कर्ष १०४

**अध्याय छः बझाङ्गी बाह्रमासे गीतका विशेषता, स्थान र महत्त्वको निरूपण** **१०५-११४**

६.१ परिचय १०५

६.२ बझाङ्गी बाह्रमासे गीतका विशेषता १०५

६.२.१ द्विपदीय संरचना १०५

६.२.२ सदाबहार एवं चक्रीयता १०६

६.२.३ एकल गायन १०७

६.२.४ वाद्य-नृत्युमुक्त १०८

६.२.५ अन्त्यानुप्रासयुक्त १०८

६.२.६ स्थानीयपन १०८

६.२.७ विविधभाव १०९

६.२.८ लाक्षणिकता र आलङ्कारिकता ११०

६.२.९ भाषाशैलीगत सरलता एवं माधुर्य १११

६.३ बझाङ्गी बाह्रमासे गीतको स्थान र महत्त्व ११२

६.४ निष्कर्ष ११४

**अध्याय सातः शोधनिष्कर्ष** **११५-११७**

**सन्दर्भग्रन्थ सूची** **११८-१२०**

**परिशिष्ट** **१२१-१२५**

# अध्याय-एक
# शोधपरिचय

## १.१ विषय-परिचय

लोकको साहित्यिक अभिव्यक्ति लोकसाहित्य हो भने लोकसाहित्यिक अभिव्यक्तिको सशक्त माध्यम लोकगीत हो । लोकगीत यस्तो विधा हो जसले लोकसाहित्यका सबै विधालाई कुनै न कुनै रूपमा प्रभाव पारिरहेको हुन्छ । लोकगीत विशेष गरी स्थानीय समाजका सबै उमेर, वर्ग र लिङ्गका गलामा झुण्डिरहेको हुन्छ । लोकगीत, देवगीत, पर्वगीत, संस्कारगीत, कर्मगीत, ऋतुगीत आदिका रूपमा विभिन्न लय ढाँचामा गाइने गरिन्छ र तिनमा श्रृङ्गार, करुण, शान्त, रौद्र आदि रसको पनि उत्तिकै प्रभाव रहेको हुन्छ । लोकगीतको लय तथा भाका एवं ढाँचा बेग्ला बेग्लै भए पनि त्यसलाई जुनसुकै ठाउँको जनजिभ्रोले सजिलैसाग गुन्गुनाउन सक्नु लोकगीतको प्रमुख आफ्नो पहिचान र विशेषता दुवै हो ।

बझाङ्ग जिल्लामा प्रचलित लोकगीतहरूमध्ये डेउडा र बाह्रमासे गीत प्रमुख हुन् । बझाङ्ग जिल्लाको स्थानीय भाषामा ‘डेउणा’ भनेर चिनिने लोकगिती शब्दलाई ड्यौडा भनिएको पाइन्छ । त्यस्तै, डेउडा गीत जस्तै प्रसिद्ध तर भिन्नै पहिचान बोकेको लोकगीतको एक उपविधालाई बाह्रमासे गीत भनिन्छ । बझाङ्ग जिल्लामा गाइने, बाह्रमासेगीत विशेष गरी करुण रस प्रधान छन् । यहाँ बाह्रमासे गीतलाई ‘ठाडो भाकाकागीत’ भनेर भनिन्छ । बझाङमा डेउडालाई खेल पनि भनिन्छ, जो नृत्ययुक्त र पूर्ण सामूहिकतामा आधारित भएर खेलिन्छ । यसमा दुई पक्षबीच सवालजवाफको ढाँचामा हात समाएर गोलावृत्तमा एक पाइलो घरिभित्र र अर्को पाइलो त्यसपछि भित्र लिएर गीतको ‘ढप’ (लय-भाका) अनुसार पाइलाको चाल मिलाएर खेलिन्छ तर बाह्रमासेगीतको केही मूल संरचना डेउडागीतको जस्तै भए पनि आंशिक सामूहिक र शुद्ध (नृत्यवाद्यमुक्त) रूपमा लघु एवं लघुतम् लय ढाँचामा गाइन्छ । डेउडा जसरी बझाङ्गी जनजीवनको नशा नशामा सञ्चित हुनाले दश बाह्रजना साथीभाइको जमघट हुने बित्तिकै निश्चित परिवेशमा मिलेर खेल्न थाल्दछन् त्यसरी नै बझाङ्गी जनजीवन एक्लो हुँदा के घर-आगन, के वनपाखा जो जहाँ भए पनि आफ्ना अनुभूतिलाई बाह्रमासे गीतका माध्यमबाट अभिव्यक्त गरेर पोख्न थाल्छन् ।

बाह्रमासे गीतलाई सदाबहार गीतका रूपमा पनि चिन्ने गरिएको छ, जसलाई स्थानीय भाषामा ‘बाह्रमासे’ पनि भन्ने गरिन्छ । यसमा ऋतुगीत, कर्मगीत, प्रेम वा विरही गीत, स्वतन्त्र एवं

शान्ति र एकान्तगीत पर्दछन् । समाजमा वा धेरै व्यक्तिका अगाडि व्यक्त गर्न नसकेको भावना एवं विचारलाई जब मानिस एक्लो हुन्छ अनि बाह्रमासे गीतका रूपमा भावविह्वल भई सजिलै गुनगुनाउन शुरु गर्छ । लोकजीवन बाह्रमहिनाको चक्रमा घुमिरहने भएका कारण कुनै बेला असारे त कुनै बेला घाँसे, कुनै बेला हली त कुनै बेला दाइँ जस्ता कर्मगीत गाउँछ भने कुनै बेला ऋतुचक्रबाट प्रभावित भएर प्रेम तथा विरही गीत गाउँछ त कुनै बेला सामाजिक तथा वर्गीय थिचोमिचोका गीत गाएर आफ्नो मनलाईहलुको बनाउँछ । सौन्दर्यले भरिपूर्ण बझाङ्गी परिवेशमा यहाँको जनजीवन मौका पर्ने बित्तिकै बाह्रमासेगीत मधुर स्वरमा सुसेल्न हतारिन्छ । आधुनिक चकचकीको कृतिम वातावरणबाट चोखो उक्तसमाज वर्षभरि नै लेक-बेसी झरिरहने र विशेष खेतमा काम गरिहने भएकाले त्यस्तो अवस्थामा सजिलैसँग गुन्गुनाइने गीतका रूपमा बाह्रमासे गीतलाई लिइन्छ । अन्य लोकगीतहरूसँग रहेको बाह्रमासेगीतको समानता एवं भिन्नता नै बाह्रमासे गीतको सीमा र पहिचान दुवै हुन् । बझाङमा प्रचलित बाह्रमासेगीत लघु एवं लघुतम् तर पद्यात्मक स्वरूपका पाइन्छन् । लोकगीतका हरेक पक्षमा बाह्रमासे गीतको निकै प्रभाव छ । तिनीहरूको लय, ढाँचा, शैली तथा उक्त ठाउँमा दिइने नामकरणमा जति विविधता देखिए पनि ती बाह्रमासे गीतबाट सधैं प्रभावित रहेका पाइन्छन् ।

बाह्रमासे गीत बझाङ्गी लोकजीवनको महत्त्वपूर्ण पाटो हो । वर्षभरिमा गाइने कर्मगीत ऋतुगीत, मिलन-विछोडका गीत तथा प्रणय प्रेम सम्बन्धी गीत एवं सामाजिक थिचोमिचो सम्बन्धीका गीत जो एकल वा आंशिक सामूहिक गायन र विशेष करुणसप्रधान एवं मध्यम, लघु र लघुतम् स्वरूपका साथै शुद्धगीतमा पर्दछन् त्यसलाई बाह्रमासे गीत भनिन्छ । प्रस्तुत शोधकार्यमा बझाङ जिल्लामा प्रचलित बाह्रमासे गीतको अध्ययन गरिएको छ ।

## १.२ शोधसमस्या

सेती अञ्चलको बझाङ जिल्लामा विभिन्न प्रकारका लोकगीतहरू प्रचलित रहेका पाइन्छन् । तीमध्ये बाह्रमासे गीत पनि *एक* हो । बझाङ जिल्लाका बाह्रमासे लोकगीतको अध्ययन गर्नु प्रमुख समस्या रहेको प्रस्तुत शोधमा निम्नलिखित समस्याहरू छन् ।

(क) बाह्रमासे गीतको के-कस्तो सैद्धान्तिक स्वरूप पाइन्छ ?

(ख) बझाङ जिल्लामा के-कस्ता लोकगीतहरू पाइन्छन् र तीमध्ये बाह्रमासे गीत कुन भेदमा पर्दछ ?

(ग) बझाङ जिल्लामा प्रचलित बाह्रमासे गीतको वर्गीकरण र विश्लेषण के कसरी गर्न सकिन्छ ?

(घ) बझाङ जिल्लामा प्रचलित बाह्रमासे गीतको विशेषता, महत्त्व र स्थान कस्तो छ ?

## १.३ शोधको उद्देश्य

बझाङ जिल्लामा परम्परागत रूपमा चल्दै आएर मानवीय जीवनका अनेकौं पक्षहरूको अभिव्यक्ति दिने एक माध्यम लोकगीतका विभिन्न प्रकारहरूमध्ये बाह्रमासे गीतको विशेष अध्ययन-अनुसन्धान गर्ने क्रममा यस शोधका उद्देश्य निम्नानुसार रहेका छन्:

(क) बाह्रमासे गीतको सैद्धान्तिक स्वरूपको पहिचान गर्नु ।

(ख) बझाङ जिल्लामा प्रचलित लोकगीतको सङ्कलन गरी तिनको सामान्य चिनारी दिनु ।

(ग) बझाङ जिल्लामा प्रचलित बाह्रमासे गीतको वर्गीकरण र विश्लेषण गर्नु ।

(घ) बझाङ जिल्लामा प्रचलित बाह्रमासे गीतको विशेषता, महत्त्व र स्थानको निरूपण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

लोकसाहित्यको अत्यन्त धनी विधा लोकगीतको राष्ट्रियस्तरमा लोकसाहित्य प्रेमी व्यक्ति र विभिन्न संघ-संस्थाबाट अध्ययन, विश्लेषण र सङ्कलन कार्य मनग्गे भएको पाइन्छ । अध्ययनका यस्ता पक्षलाई लोकगीतमा रहेको भाव, ऐतिहासिकता, संस्कृतिपन र लोकगीत गायकका मधुर कण्ठले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म आकर्षित गरेका छन् । राष्ट्रिय, क्षेत्रीय तथा जातजाति र भाषाभाषीमा केन्द्रित भएर लोकगीतको अध्ययन गरिएको पाइन्छ तर बझाङ जिल्लामा केन्द्रित भएर लोकगीतको विस्तृत अध्ययन भने कसैबाट भएको पाइँदैन ।

डोटी प्रदेशमा केन्द्रित भएर केही लोकसाहित्यप्रेमीद्वारा लोकसाहित्यको अध्यन गर्ने क्रममा आंशिक रूपमा छिमेकी जिल्ला बझाङका लोकगतिको पनि चर्चा भएको पाइन्छ भने लोकगीत कै देशव्यापी अध्ययन गर्ने उद्देश्य लिएका व्यक्तिहरूबाट पनि आंशिक अध्ययन भएको पाइन्छ । त्यसरी अध्ययन गर्ने विभिन्न व्यक्तिका कृतिलाई हेर्दा यस्तो देखिन्छः

धर्मराज थापाले 'डाँफेचरी' (२०१४) पत्रिका मा हालको बझाङ जिल्लाभित्र पर्ने थलारा, छान्ना लगायतका अन्य स्थानमा पुगी त्यहाँका 'डेउडा' गीतको अधयन गरेको पाइए पनि बाह्रमासे गीतका बारेमा केही जानकारी दिएको पाइँदैन ।

धर्मराज थापाले 'मेरो नेपाल भ्रमण' (२०१६) मा बझाङ जिल्लाका केही ठाउँमा भ्रमण गरी त्यहाँका लोकगीतको केही संकलन र अध्ययन गरेको पाइए तापनि तिनलाई डेउडाकै नामले मात्र चिनाएका छन् । बाह्रमासे गीतको कुनै जानकारी छैन ।

देवकान्त पन्तले 'डोटेली लोकसाहित्य' (२०३२) मा सुदूरपश्चिमलाई लोकगीतको मुख्य क्षेत्र उल्लेख गर्नुका साथै डोटेली लोकगीतकोअध्यनका क्रममा "बझाङ्गी लोकगीतलाई स्थानीय संस्कृतिको ध्वन्यात्मक रूप भन्न सकिन्छ" मात्र भनेका छन् । अन्य केही जानकारी पाइँदैन ।

विजय चालिसेले 'डोटेली लोकसंस्कृति र साहित्य' (२०३९) मा डोटी लगायत छिमेकी जिल्लाः बझाङ, बाजुरा, अछाम आदि जिल्लाका लोकगीत र रेडियो नेपालबाट गाइने लोकगीतको तुलनात्मक अध्ययन गरी सुदूरपश्चिमेली गीतमा बढी स्थानीयपन पाइन्छ भनेका छन् । यसमा बझाङको लोकगीत बारे अन्य कुनै जानकारी पाइँदैन ।

पूर्णप्रकाश नेपाल 'यात्री' ले 'भेरी लोकसाहित्य' (२०४१) मा बझाङ्गी लोकगीतको केही सङ्कलन गरेको पाइए पनि तिलनई 'डेउडा' गीतको नामले चिनाइएको छ, बाह्रमासे गीतका बारेमा कुनै जानकारी दिएको पाइँदैन ।

रामप्रसाद उपाध्यायले 'बझाङ्गी डेउडा गीतको अध्ययन' (२०५७), स्नातकोत्तर तहको आठौं पत्र (शोध) मा डेउडा गीतलाई सङ्कलन गर्ने क्रममा बाह्रमासे गीतको सङ्कलन गरेको पाइए पनि तिनलाई डेउडागीतकै रूपमा चिनाइएको छ, बाह्रमासे गीतका बारेमा कुनै जानकारी छैन ।

धर्मराज थापाले 'गण्डकीको सुसेली' (२०३०) मा बाह्रमासे गीतको सामान्य जानकारी दिएको पाइन्छ । बाह्रमासे गीतलाई कर्म (श्रम) गीत, ऋतुगीत, प्रेमगीत, विरहीगीत आदिका दृष्टिबाट पनि हेर्न सकिन्छ । यी गीतलाई 'भदौरे' वा 'सालैज्यो' भनेर कतै-कतै चिन्ने गरेको पाइन्छ भनेर उनले बाह्रमासेगीतलाई परिचयात्मक रूपमा मात्र उल्लेख गरेका छन् ।

धर्मराज थापा र हंसपुरे सुवेदीले 'नेपाली लोकसाहित्यको विवेचना' (२०४१) मा लोकगीतको वर्गीकरण गर्ने क्रममा बाह्रमासेगीत सामान्यगीत अन्तर्गत पर्दछ भनेर उल्लेख मात्र गरेका छन् ।

काजीमान कदङ्वाले 'नेपाली जनसाहित्य' (२०२०) मा बाह्रैमहिना गाउन सकिने गीतलाई बाह्रमासे गीतका रूपमा चिनाउँदै त्यसलाई सकर्मक र अकर्मक बाह्रमासे गीतमा वर्गीकरण गरेका भए पनि त्यति विस्तृत अध्ययन गरिएको छैन ।

सत्यमोहन जोशीले 'लोकगीतका केही झल्का' (२०१२) मा बाह्रमासे गीतलाई लोकगीतको सामान्य गीत अन्तर्गत वर्गीकरण गरेर यस गीतलाई "जो सुकैले जस्तोसुकै बेला वा बाह्रै महिना गाउन सकिन्छ" भनेर जानकारी दिएका छन् ।

ईश्वर बरालले 'नेपाली जनगीतका विषयमा' (२०१०) मा बाह्रमासे गीतलाई ऋतुगीत र कर्मगीतका रूपमा उल्लेख गरेका छन् । अन्य जानकारी पाइँदैन ।

ईश्वरीप्रसाद गैरेले 'लोकसाहित्य' (२०६०) मा लोक गीतको वर्गीकरण गर्ने क्रममा बाह्रमासे गीतलाई कर्मका आधारमा गाइने गीत अन्तर्गत समावेश गरेर देखाएका छन् तर बाह्रमासे गीतका बारेमा अन्य केही जानकारी दिएको पाइँदैन ।

चूडामणि बन्धूले 'नेपाली लोकसाहित्य (२०५८) मा बाह्रमासे र बाह्रमासा बीच विभेद देखाउँदै "बाह्रै महिनाको पृष्ठभूमिमा रहेर गाइने बिरही गीत बाह्रमासे र बाह्रमहिनाको वर्णन गरिएका गीत बाह्रमासा हुन्, बाह्रमासे गीत बाह्रमासा गीत भन्दा बढी लोकप्रिय रहेका हुन्छन्" भनेर बाह्रमासे गीतको संक्षिप्त परिचय दिएको पाइन्छ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलले 'लोकवार्ता विज्ञान र लोकसाहित्य' (२०६३) मा बाह्रमासा गीत र बाह्रमासेगीतलाई पर्यायवाचीको रूपमा चिन्ने गरिएको सन्दर्भलाई लिएर "बाह्रमासा भनेर बाह्र वटै महिनाको वर्णन गरिएका गीतलाई भनिन्छ भने बाह्रमासे भन्नाले बाह्रै महिना गाइने वा सदाकालिक जुनसुकै गीतलाई पनि बुझाउँछ" भनेर एक सतही जानकारी मात्र दिएको पाइन्छ ।

कालीभक्त पन्तले 'हाम्रो सांस्कृतिक इतिहास' (२०२८) मा "बाह्रमासे गीतलाई सामान्यगीत, झ्याउरे गीत, घाँसे गीत र सामाजिक गीत भन्न सकिन्छ" भनेर उल्लेख गरी परिचयसम्म दिएको पाइन्छ ।

उल्लिखित केही स्रष्टा तथा खोजकर्ताहरूबाट बझाङ, अछाम, डोटी लगायत कर्णालीसम्मका लोकगीतका बारेमा अध्ययन एवं खोज गरिएको पाइए पनि बझाङ्गी बाह्रमासे गीतका बारेमा भने

कुनै अध्ययन हुन सकेको पाइँदैन । केही खोज कर्ताहरूबाट लोकगीतको अध्ययन गर्ने क्रममा बाह्रमासे गीतको जानकारी दिएको पाइए पनि त्यो सीमित, संक्षिप्त, सतही, टिप्पणी तथा उल्लेख मात्र र परिचयात्मक रूपमा मात्र रहेको हुँदा बाह्रमासे गीतका बारेमा विस्तृत अध्ययन गरी त्यसको पूर्ण सैद्धान्तिक एवं व्यवहारिक अध्ययन गर्न यो शोधकार्य आवश्यक छ ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

लोकसाहित्यिक विधाको एउटा पक्ष बझाङ्गी लोकगीतका बारेमा विभिन्न व्यक्तिहरूबाट जे-जति खोज र अध्ययन गरिएको भए पनि त्यहाँका बाह्रमासे गीतको खासै अध्ययन हुन नसक्दा प्रस्तुत् अध्ययनमा त्यसको अभावलाई पूर्ति गर्ने प्रयास गरिएको छ । यस अध्ययनबाट एकातर्फ बझाङ जिल्लामा प्रचलित बाह्रमासे गीतका बारेमा अध्ययन गर्न चाहने जो-सुकै अनुसन्धानकर्तालाई प्रत्यक्ष फाइदा पुऱ्याउने छ भने अर्कोतर्फ यसका जिज्ञासु, पाठक, शिक्षकवर्ग एवं सर्वसाधारणका लागि पनि यो अति उपयोगी हुनेछ । यही नै प्रस्तुत शोधकार्यको औचित्य र महत्त्व हो ।

## १.६ सामग्रीसङ्कलनविधि तथा अध्ययन ढाँचा

यो शोधपत्र तयार गर्न सम्बन्धित क्षेत्र बझाङ जिल्लामा गई त्यहाँका स्थानीय परिवेश ( मेला, खेत-बारी, पर्व, उत्सव आदि) मा प्रत्यक्ष सहभागी भएर आवश्यकतानुसार सम्बन्धित गीतका गायकहरूबाट टेप रेकर्ड गर्नुका साथै ती गीतहरूले स्थानीय जनजीवनमा ओगटेको महत्त्वका बारेमा जानकारी लिन लोकगीत विशेषज्ञसँग प्रश्न, अन्तर्वार्ता र प्रत्यक्ष अवलोकन समेत गरी व्यावहारिक र सैद्धान्तिक दुवै विधिको प्रयोग गरिएको छ ।

यस शोधका सामग्री सङ्कलन गर्न क्षेत्रीय सर्वेक्षण पद्धतिका साथै त्यसको विश्लेषण र वर्गीकरणका लागि द्वितीय वा पुस्तकालयीय अध्ययन पद्धतिलाई पनि अगालिएको छ । यसमा सम्बन्धित विषयका विभिन्न विद्वानहरूका अभिव्यक्तिलाई समेत समावेश गरिएको छ । त्यस्तै सम्बन्धित शोध निर्देशकज्यूबाट र अन्य पक्षबाट पनि आवश्यक सरसल्लाह एवं राय लिइएको छ ।

## १.७ शोधको अध्ययन क्षेत्र र सीमा

यस शोधको अध्ययन क्षेत्र सुदूरपश्चिमाञ्चलको सेती अञ्चलअन्तर्गत पर्ने बझाङ जिल्लामा प्रचलित विभिन्न लोकगीतहरूमध्ये बाह्रमासे गीत मात्र हो । बझाङ जिल्लामा प्रचलित यिनै बाह्रमासे गीतको सङ्कलन गरी त्यसको वर्गीकरण र विश्लेषण गर्नु यसको सीमा हो ।

## १.८ शोधपत्रको रूपरेखा

यस शोधपत्रलाई सुसंगठित एवं व्यवस्थित रूपमा तयार गर्नका लागि निम्नलिखित अध्यायमा विभाजन गरिएको छ,

पहिलो अध्याय : शोधपरिचय

दोस्रो अध्याय : बाह्रमासे गीतको सैद्धान्तिक परिचय

तेस्रो अध्याय : बझाङ जिल्लाको संक्षिप्त जानकारी

चौथो अध्याय : बझाङ्गी लोकगीतका परिपेक्षमा बाह्रमासे गीत

पाँचौ अध्याय : बझाङ्गी बाह्रमासे गीतको संकलन, वर्गीकरण र विश्लेषण

छैटौं अध्याय : बझाङ्गी बाह्रमासे गीतको विशेषता, स्थान र महत्त्वको निरूपण

सातौं अध्याय : शोधनिष्कर्ष

सन्दर्भग्रन्थसूची

परिशिष्ट

# अध्याय दुई
# बाह्रमासे गीतको सैद्धान्तिक परिचय

## २.१ परिचय

लोकसाहित्यका विभिन्न विधाहरू छन् । ती विधाहरूमध्ये लोकगीत महत्त्वपूर्ण विधा मानिन्छ भने लोकगीत भित्रको लोकप्रिय उपविधा बाह्रमासे गीत हो । लोकसाहित्यको केही चर्चा गरेपछि मात्र त्यसको विस्तृत ज्ञान गर्न सजिलो हुने हुँदा यहाँ पहिला लोकसाहित्यका बारेमा चर्चा गर्ने जमर्को गरिएको छ ।

'लोक' शब्दको प्रचलन प्राचीन समयदेखि विशिष्ट रूपमा रहेको देखिन्छ । ऋग्वेद, ब्राह्मण ग्रन्थ, उपनिषद एवं संहिताहरूमा 'लोक' शब्दलाई सर्वव्यापक तत्वका रूपमा स्वीकारगरिएको पाइन्छ । यसरी हेर्दा 'लोक' भनेर दिव्य र पार्थिव दुवैलाई लिएको बुझिन्छ । अहिले आएर यो शब्दको अर्थ विशेष रूपमा बुझिन थालिएको छ, त्यो हो संवेदनशील र अनुभूतिशील जनसमुदाय ( थापा, २०३०: १३) । वर्तमान समयमा 'लोक' एउटा पारिभाषिक शब्द बनिसकेको छ । धेरैजसो विद्वान्हरू यसलाई साधारण जनसमाजको अर्थमा लिन्छन्, जसभित्र जाति, वर्ग, धर्म, संस्कृति सबैलाई समेट्ने मानव सम्मिलित छन् । 'लोक' शब्दले सामान्यतया संसार वा जगत् भन्ने अर्थ बोध गर्ने भए तापनि लोकसाहित्यसँगको अर्थ स्पष्ट गर्दा यसले मानवसमाजको ग्रामीण परिवेशमा परम्पराको प्रवाहमा जीवित रहने वर्गलाई बुझाउँछ (बराल, २०५५: ४३१) । 'लोक' शब्दले सृष्टिको आदिदेखि लिएर आजसम्म अनेकार्थ दिँदै आएको पाइन्छ । लोकसङ्गीतको अर्थ जति साधारण मानिएको छ, सूक्ष्म रूपबाट विश्लेषण गर्दा त्यति नै गहन छ । 'लोक' शब्दको पछाडि राख्दा यसले स्थान भन्ने अर्थ बुझाएको देखिन्छ । जस्तैः शिवलोक, इन्द्रलोक, विष्णु लोक, यमलोक आदि । त्यसैगरी 'लोक' लाई शब्दको अगाडि राख्दा मानव जातिलाई बुझाएको पाइन्छ; जस्तैः लोकधर्म, लोकनृत्य, लोकदेवता, लोकसङ्गीत, लोकबाजा, लोकपरम्परा आदि (शाह, २०५७: ४३) ।

लोकसाहित्यमा 'लोक' शब्दले जनता वा संसारको अर्थ बुझाउँछ । साहित्य शब्दले जनताको हितका निम्ति प्रयुक्त शिष्ट अभिव्यक्ति भन्ने अर्थ द्योतन गर्दछ । यसरी लोकसाहित्यको समष्टि अर्थ गर्दा लोक वा जनताको कल्याणका भावनाले अभिप्रेरित शिष्ट अभिव्यक्ति लोकसाहित्य हो भन्ने बुझिन्छ । लोकसाहित्यलाई ग्राम साहित्य,अशिष्ट साहित्य आदि शब्दले पुकारेको पनि पाइन्छ ।

वास्तवमा लोकसाहित्य गाउँमा मात्र सीमित साहित्य होइन । यद्यपि ग्रामीण क्षेत्रमा लोकसाहित्यको प्रचलन बढी हुन्छ तापनि लोकसाहित्यको प्रयोग र व्यवहार सहरी क्षेत्रमा पनि हुन्छ । त्यसो हुनाले यसलाई ग्राम साहित्य र अशिष्ट साहित्य भन्नु त्यति उपयुक्त हुँदैन । लोकसाहित्यमा लोकतत्व प्रमुख रूपमा देखिन्छ भने शास्त्रीयता चाहीँ गौण भएर रहेको हुन्छ । लोक साहित्य भन्नाले समाजको मष्तिष्क अथवा प्राण स्वरूप मौखिक रूपले जीवित भइरहेको अलिखित वाङ्मय हो । यसलाई समाजले पुर्ख्यौली साझा सम्पत्तिका रूपमा अङ्गीकार गरिराखेको हुन्छ (थापा, २०३०: ४३१) । त्यसैले यो मौखिक परम्परामा हुर्केको हुन्छ, कुन बेला कसले सिर्जना गऱ्यो भन्ने कुरो अत्तोपत्तो नै हुँदैन । लोकसाहित्य लोककोसाहित्य अर्थात् लोकबाट आएको, लोकको भावनामा फुटेको र लोकमै मौलाएको अभिव्यक्ति हो । यसमा लोकमानसका समस्त क्रिया-प्रतिक्रिया गुन्जन्छन्, लोकको आत्मजीवन बोल्छ र व्यक्तिविशेषणका सट्टा सामूहिकताको चेतना रहन्छ (पराजुली, २०५४: १०१) । लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव-मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो (थापा र सुवेदी, २०४१: ३) । यसरी विविध पाटाहरूलाई समेट्ने लोकसाहित्य हरेक विधाहरूबाट अभिव्यक्त भएको पाइन्छ । लोकसाहित्य एउटा अत्यन्त विस्तृत र व्यापक विधा भएकोले यसको वर्गीकरण गर्ने काम सहज नभए पनि मोटामोटी रूपमा लोकसाहित्यका विधालाई लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, गाउँखाने कथा, उखान र टुक्काका रूपमा वर्गीकरण गरिएको पाइन्छ ।

यसरी लोकमानसको शाब्दिक अभिव्यक्ति र लोकानुभूतिको सरल-सहज वाणीगत अभिव्यक्ति भएको, अज्ञात रचयिता, निरन्तर परिवर्तनशीलता, शास्त्रीय बन्धनबाट मुक्त रहेर लोकमर्यादामा आधारित मानव जीवनको हर्ष-बिस्मात्, सुख-दुःख आदिको चित्रण भएको सहजानुभूतिउक्त मौखिक साहित्य नै लोकसाहित्य हो भन्न सकिन्छ ।

## २.२ लोकगीत

लोकगीत संरचना 'लोक' र 'गीत' दुई शब्दको संयोगबाट बनेको छ । लोक शब्दको लोकसाहित्यिक अर्थ 'जन' वा ग्राम एवं संवेदन र अनुभूतिशील जनसमुदाय भए जस्तै 'गीत' शब्दलाई पनि विभिन्न विद्वान्हरूले आ-आफ्नो ढङ्गले चिनाउने प्रयास गरेको पाइन्छ ।

'गीत' शब्दको व्युत्पत्ति गै + क्त = गीत हुन्छ, जसको अर्थ गाना भजन आदि भन्ने हुन्छ ( आप्टे, २०२६: ३४५) । गीतलाई सामान्यतः पद्यको एउटा प्रकार पनि मान्ने गरिन्छ । पूर्वमा पद्यको

परम्परा ऋग्वेद जस्तो प्राचीनतम् ग्रन्थदेखि चलिआएको पाइन्छ तर गीतको भने त्यति पुरानो परम्परा पाइँदैन । पूर्वमा गीतको परम्परा संस्कृतका प्रख्यात कवि जयदेव र उनको प्रसिद्ध कृति गीतगोविन्ददेखि सुरुआत भएको मानिन्छ । नेपालीमा हीनव्याकरणी विद्यापतिलाई गीति छन्दका प्रथम प्रयोक्ता मानिन्छ (शर्मा, २०५०: २५-२६) । गीतका सम्बन्धमा महाकवि शेलीका अनुसार "हाम्रा मीठा गीतहरू ती हुन् जो हृदयमा सबैभन्दा मीठो वेदना कहलाउँछन्" (पराजुली, २०५०: ६१) । गीत र लोकगीत दुवै जीवनका अभिव्यक्तिमा आउने गुञ्जन हो । दुवैथरी गीतले मानवीय संवेदना तथा आन्तरिक अनुभूतिलाई टिपेका पाइन्छन् । गीतले जीवन र जगतका सूक्ष्म कुरा व्यक्त गरिएको पाइन्छ भने लोकजीवनका जाग्रत्, प्रफुल्लित, दुःखित आदि क्षणलाई समेटेका पाइन्छ । लोकगीत जाति, लिङ्ग र समाजको भेदभाव नगरी हरेक उमेर र वर्गकाले स्वच्छन्द भएर गाएका पाइन्छन् । अतः विभिन्नता यति हो; लोकगीतले चाहिँ लोकमानसिकता सुसेलेको हुन्छ भने गीतमा चाहीँ कविहृदय बोलेको हुन्छ (पराजुली, २०५०, पृ. ५९) । जीवन जगत्का तरलतम भाव, तद्नुरूपको कोमल भाषा र विशिष्ट लय लोकगीतका प्रमुख तत्त्व हुन् । वस्तु पक्षभन्दा भाव पक्ष र मस्तिष्क भन्दा हृदयसँग टाँसिएका हुन्छन् । त्यसैले लोकगीतहरू सुइरो रोपिएझैं मान्छेका हृदयमा रोपिन्छन् । भावका प्रवलताले गर्दा लोकगीत सुन्दासुन्दै कतिपय मान्छेमा तुरुन्तै हाँसो वा आँसु देखा पर्न थाल्दछ (सुवेदी, २०५४: १००) भनेर राजेन्द्र सुवेदीले लोकगीतलाई चिनाएका छन् ।

लोकगीतको संरचनामा आएका 'लोक' र गीत शब्दको अङ्ग्रेजी पर्यायवाची रूप 'फोक' र 'सङ्' हुन्छ । नेपाली बृहत् शब्दकोशले लोकगीतलाई 'समाज परम्परादेखि गाउँदै र चल्दै आएको गीत' भनेर अर्थ्याएको छ (नेपाली बृहत् शब्दकोशः ११८८) । हिन्दी साहित्यकोशमा लोकगीतका निम्ति तीन अर्थ लगाइएको पाइन्छ; (१) लोकमा प्रचलित गीत (२) लोकनिर्मित गीत, (३) लोकविषयक गीत (वर्मा, २०२०: ७५०) ।

लोकसाहित्यका विभिन्न विधाहरूमध्येको पहिलो विधा लोकगीत नै हो । लोकसाहित्यका अन्य विधाभन्दा बढी फैलिएको र सम्पन्न विधा पनि यही लोकगीत नै हो । यसैले होला लोकगीतको शाब्दिक व्युत्पत्तिसँगै विद्वान्हरूद्वारा त्यसको परिभाषा गर्ने प्रयास पनि बढ्दो छ । लोकगीत के हो भनेर चिनाउने सन्दर्भमा सबैले आ-आफ्नो तरिकाले चिनाउने प्रयास गरेको पाइन्छ ।

अङ्ग्रेजी विश्वकोशमा लोकगीतलाई 'फोक सङ' भनी यो लोकपरम्पराद्वारा सुरक्षित भएर एक मान्छेदेखि अर्को मान्छे र एक पुस्तादेखि अर्को पुस्तासम्म सर्दै जान्छ भनिएको छ ( इन्साइक्लोपेडिया ब्रिटानिया भाग ८, १४४) । भारतीय लोकसाहित्यका विद्वान् परमारले लोकगीत

परम्पराको त्यो महानदी समान हो जुन स-साना नदी मिलेर बनेको हुन्छ भनेका छन् (परमार, १९५४: ५३) । नेपाली साहित्यकोशमा लोकगतिलाई “नेपाली लोकसाहित्यको एक प्रमुख अङ्ग लोकगीत हो । यसलाई नेपाली प्राकृतिक कविता भने पनि हुन्छ । यसले आफ्नो रूप र विधा आफैले जन्माउँछ । यो सरल हुन्छ , सुबोध हुन्छ र लोकप्रिय हुन्छ । यसको कलेवरमा लोकजीवन छर्लङ्गीने ऐना हुन्छ । यसैले लोकगीत भनेको समष्टिको मनबाट जन्मिने कुरा हो । अतः लोकगीतमा कविता सिर्जना गर्ने कविहरूको नाम उल्लेख भएको पाइदैन । यसको संरचनामा कुनै पुर्वयोजना पनि हुदैन । जसरी कुनै एक चरीले गीन गाउँदा त्यसको बोली सुर र ध्वनिले कुनै पुर्वचयन गरेको हुँदैन” भनेर चिनाएको छ (नेपाली साहित्यकोश, २०५५: ४३६) । नेपाली साहित्यकार चिनाइएका छ महाकवि लक्ष्मीप्रसाद देवकोटाले मुनाकमदनभित्र सज्जनवर्गप्रति भन्ने उपशीर्षकमा “झ्याउरे भनी नगर हेला हे प्यारा सज्जन” (देवकोटा १९९२: ५३) भन्दै लोकगीतको झयाउरे लयलाई महत्त्व दिएका छन् । वास्तवमा मानव अन्तस्करणका विभिन्न भावहरू बाहिर। उद्दीप्त भएर प्रस्तुत हुने लयात्मक अभिव्यक्ति नै लोकगीत हो ।यसमा भाव र लय हुन्छ ।

नेपाली लोकगीतका अध्येता सत्यमोहन जोशीले ‘लोकगीत’ भनेको त्यो सङ्गीत वा गीत हो जुन मानव समाजमा मातृभाषाको नाताले मानिसहरूमा नैसर्गिक रूपले सुख र दुःखको अनुभवमा अभिव्यक्त भइ लयदार काव्यमय शैली निस्कन्छ’ (जोशी, २०१२: १४५) भनेका छन् । नेपाली साहित्यमा लोकगीतलाई विभिन्न नामले चिनाइन्छ । जनसाहित्यको नामले चिनाउने काजीमान कन्दङ्वाले जनसमूहका दैनन्दिनका भावनाहरू लयदार भाषामा बगेका गीतलाई लोकगीत भनेका छन् (कन्दङ्वा, २०२०: १०) । कालीभक्त पन्तले नेपाली लोकगीतलाई कसैको दबाब र प्रलोभनमा नपरी स्वयं दुःखित वा प्रफुल्लित हृदयबाट प्रस्फुटिट हुने लोक अभिव्यक्तिका रूपमा लिएका छन् ( पन्त, २०२८: १७) । आर.डी. र एल.एल. ले नेपाली लोकगीत नेपाली गाउँघरे भावुक हृदयको स्पन्दनशील लयदार कवितामा सामूहिक ध्वनि हो भनेका छन् (आर.डी. र एल.एल., २०२३: ४२) । नेपाली लोकसाहित्यका अध्येता लक्ष्मण लोहनीले मानवीय क्रियाकलापसँगै बाह्रै महिना डम्फू मादल, झ्याली, करताल, खैंजडी, मुजुरा आदि लोकवाद्यका रन्कोमा रोदीघरदेखि डाँडापाखासम्ममा गुन्जने सुमधुर स्वरलहरीहरूलाई लोकगीत भनेका छन् (लोहनी, २०२२: ८) ।

निचोडमा भन्दा उपर्युक्त विद्वान्हरूका परिभाषामा लोकगीतको अर्थ समान किसिमको देखिँदैन । त्यसमा कसैले भावुकतामा, कसैले अनुभव र अनुभूतिमा, कसैले स्वःस्फूर्तमा त कसैले

लय, सुर आदिमा विशेष जोड दिइएको पाइन्छ । ती सबैलाई हृदयङ्गम गरी भन्नुपर्दा आफ्नो सांस्कृतिक परिवेश अनुरूप समकालीन सामाजिक चेतनाको प्रस्फुटन र लयात्मक रूपमा हुने अभिव्यक्तिलाई लोकगीत भन्न सकिन्छ । लोकगीतले गेयात्मकता, निर्वैयक्तिकता, तीव्रता, सरलता, मार्मिकता, रागाात्मकता, विश्वव्यापकता आदि विशेषता बोकेको हुन्छ । नेपाली लोकगीतमा पनि उपर्युक्त विशेषता पाइन्छन् । बौद्धिकताको जटिलताबाट लोकगीत टाढै रहेको हुन्छ भने यसमा हार्दिक पक्षको वर्चस्व रहेको हुन्छ । यसमा भाषा लयदार हुन्छ र भावना तथा सङ्गीतात्मकताको समन्वय पाइन्छ । त्यसैले समालोचक दयाराम श्रेष्ठले लोकगीतहरू आकारमा छोटा, गाउन र कथ्न सजिला मनोरञ्जन तथा तुरुन्तै प्रभाव उत्पन्न गराई हँसाउन वा रुवाउन सक्ने हुनाले सर्वसाधारणमा पनि यी लोकप्रिय बनेका छन् भनेका छन् (श्रेष्ठ, २०३८: १५) ।

### २.२.१ लोकगीतको वर्गीकरण

कुनै पनि साहित्यिक विधाको वर्गीकरण गर्नु त्यति सरल हुँदैन । साहित्यको सर्वाङ्गीण अध्ययन र सम्यक विश्लेषण गरिसकेपछि मात्र त्यसको सम्पूर्ण सैद्धान्तिक स्वरूप प्रष्ट हुन्छ । यही स्थिति लोकगीतको अध्ययनको सम्बन्धमा पनि देखिन्छ । लोकगीत लोकसाहित्यको अत्यन्त सम्पन्न विधा भएकाले यसको क्षेत्र अत्यन्ध व्यापक छ, यसको भण्डार अगाध र अपार छ । त्यसैले पनि यसको वर्गीकरण गरेर विभाजनको अठोट गर्नु निश्चय नै कठिन छ । त्यस्तै लोकसाहित्य लोकजीवनकै समग्र पक्षपक्षान्तरहरूको प्रतिबिम्ब भएकाले यिनमा लोकजीवनका संस्कार, परम्परा, रीतिरिवाज, सुख, दुःख र त्यस क्रममा आफूले भोगेका सामाजिक, आर्थिक एवम् प्राकृतिक ऋतुगत आदि प्रभाव समेत देखिन्छ । सामाजिकताका सन्दर्भमा कतै जातीय वैविध्यले जन्माएको वैशिष्ट्य पनि देखिन्छ भने कतै क्षेत्रीय विभाजन र भौगोलिक विषमताले जन्माएका जीवनका स्थलानुसारी वैशिष्ट्य ।

नेपाली लोकगीततर्फ दृष्टि दिँदा अझै पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म र अझै त्यसभन्दा पनि पर नेपाली जाति र नेपाली भाषाका वक्ता पुगेका संसारका विभिन्न स्थलसम्म पुगी त्यहाँका लोकगीतसमेत सङ्कलन गर्नुपर्ने आवश्यकता छ, तर त्यस्तोकार्य हुन सकेको छैन । नेपाली भाषा र तिनको अध्ययन एवं विश्लेषण बिना नेपाली लोकगीतको वर्गीकरण गर्नु युक्तिसङ्गत देखिँदैन । अर्कातर्फ नेपाली लोकगीतको वैज्ञानिक र व्यवस्थित अध्ययन, विश्लेषण र वैज्ञानिक आधारमा आधारित वर्गीकरण दिनु आवश्यक छ । त्यसकारण समग्र नेपाली लोकगीतको संकलन नै भइनसकेकोले अध्ययन र विश्लेषण भई व्यवस्थित र वैज्ञानिक वर्गीकरण हुन बाँकी रहेको भए पनि

केही हदसम्म सकेजति लोकसाहित्यको खोज, सङ्कलन र अध्ययनमा श्रम र समय खर्च गर्नु भएका लोक साहित्यप्रेमी व्यक्तित्वबाट श्रम र समय खर्च गर्नु भएका लोक साहित्यप्रेमी व्यक्तित्वबाट आ-आफ्नै तरिकाले त्यसको वर्गीकरण गरेको पाइन्छ । लोकगीतमा विविधता, बहुरूपता र नित्य नवीनता देखिनाले पनि यसको वर्गीकरण गर्दा कुनै विद्वान्ले अर्कोले गरेका वर्गीकरणलाई आलोचना गर्दै आफ्नो धारणाअनुसार नयाँ वर्गीकरणलाई पेश गरेका छन् तर तर कुनै पनि विद्वान्ले गरेको वर्गीकरणलाई सर्वसम्मत र वैज्ञानिक मान्न भने सकिने स्थिति छैन । यस सन्दर्भमा विभिन्न विद्वान्हरूबाट गरिएका लोकगीतको वर्गीकरणलाई यहाँ प्रस्तुत गरिएको छ ।

भारतीय लोकसाहित्यका प्रसिद्ध विद्वान् डा. कृष्णदेव उपाध्यायले लोकगीतको वर्गीकरणका पाँचवटा आधार पेश गरेका छन्:

(१) लोकगीत गाइने संस्कार (२) रसानुभूति प्रणाली (३) ऋतु र ब्रत (४) क्रियागीत र (५) जाति (उपाध्याय, इ. १९५७: २७) । डा. स्वर्णलताले विषयवस्तुका आधारमा लोकगीतलाई चार भागमा वर्गीकरण गरेकी छन्: (१) संस्कारगीत (२) व्यावसायिक गीत (३) अव्यवसायिक गीत (४) मनोरञ्जनसम्बन्धी गीत (स्वर्णलता, इ, १९७९: ४५) । यस वर्गीकरणमा सैद्धान्तिक आधार देखिन्छ किनभने यसमा प्रायः सबैजसो प्रचलित लोकगीतहरू समावेश भएका छन् । अर्का विद्वान् सन्तराम अनिलले रस, राग, कथावस्तु र अवसरको अनुकूलता गरी चार वटा आधार प्रस्तुत गरेका छन् (अनिल, १९७५: ४४) । लोकगीतमा देखिएको आलोच्य दृष्टिकोणलाई साम्य पार्न अनि वैज्ञानिक अवधारणा अनुरूप वर्गीकरणको आधार प्रस्तुत गर्नका निम्ति डा. श्रीराम शर्माले लोकगीतको वर्गीकरण गर्दा गायकवर्गको आधार, गाउने वातावरण, गायनपद्धतिको आधार र लोकगीतको रूपात्मक विविधताको आधार जस्ता तथ्यलाई ध्यानमा राख्नुपर्ने कुरा बताएका छन् ( शर्मा, इ. १९८१: ६४) । यसरी भारतीय विद्वान्हरूले लोकगीतको वर्गीकरण गर्ने विभिन्न आधारहरू प्रस्तुत गरेका छन् ।

नेपाली विद्वान्हरूबाट पनि लोकगीतको वर्गीकरणलाई आ-आफ्नो ढङ्गबाट प्रस्तुत गरिएको पाइन्छ । विद्वान् सत्यमोहन जोशीले नेपाली लोकगीतको विवेचना गर्दै यसलाई सामयिक लोकगीत ( ऋतु, मौसम र चाडअनुसार गाइने) र सामान्य (जहिले पनि गाउन सकिने) गरी दुई भागमा वर्गीकरण गरेका छन् (जोशी, २०१२: १४५) । पूर्णप्रकाश नेपाल 'यात्री' ले नेपाली लोकगीतको वर्गीकरण गर्ने क्रममा आफ्नो धारणा प्रस्तुत गर्दै लोकसिर्जित गीत, लोकरचित गीत र लोकविषयक गीतमा भिन्नता देखाउने प्रयास गरेका छन् (यात्री, २०३९: ५७) । नेपाली साहित्यका समालोचक

ईश्वर बरालले अवस्थाअनुरूप ऋतु परिस्थितिलाई आधार मानेर लोकगीतलाई १८ भागमा वर्गीकरण गरेका छन्: मादले, दोरी, छोकडा, टप्पा, लयवरी, मालश्री, सिलोक, संगिनी, गाइने गीत, जुवारी, सवाइ, कलन, भैलो, देउसी, रत्यौली, बाह्रमासे, प्रभाती, निर्गुण झ्याउरे (बराल, २०१०: ३५)। यिनको वर्गीकरणले विस्तृत आकार लिएको देखिन्छ। यिनको यो वर्गीकरणलाई वर्गीकरण भन्नुभन्दा सङ्कलित लोकगीतको टिपोट भन्नु युक्तिपूर्ण देखिन्छ। काजीमान कदङ्वाले नेपाली लोकगीतलाई जनगीत वा जनकविता भन्दै लोकगीतको प्रस्तुतीकरणलाई आधार मानेर यसको वर्गीकरणलाई सकर्मक र अकर्मक गरी दुई भागमा बाँडेका छन् (कदङ्वा, २०२०: १३)। उनले आफूले सङ्कलन गरेका लोकगीतहरूमध्ये सकर्मक ऋतुकालीन लोकगीतमा असारे, राशिगीत, मारुनी गीत (जुन कर्मसहित गाइन्छन्) लाई समावेश गरेका छन् र सकर्मक बाह्रमासेमा बाह्रैमहिना गाउन सकिने डम्फू, सेलो, मादले, खैंजडी भजन आदि गीतलाई समावेश गरेका छन्। त्यस्तै अकर्मक, ऋतुकालीनमा द्यौसी, भैलो, तीजे, मालश्री आदि र अकर्मक बाह्रमासेमा सिलोक, भजन, दोहा, रसिया आदि गीतलाई समावेश गरेका छन्। उनले गरेको यस किसिमको वर्गीकरणलाई नेपाली लोकगीतको राम्रो वर्गीकरण मान्न सकिन्छ। दयाराम श्रेष्ठले लोकगीतको वर्गीकरण चार प्रकारले गरेका छन् :

(१) संस्कारसम्बन्धी लोकगीत (२) ऋतुकालीन लोकगीत (३) क्रियासम्बन्धी लोकगीत (४) विविध लोकगीत (श्रेष्ठ, २०३८: १५)। लेखक एवं साहित्यकार आर.डी. र एल.एल. ले लोकगीतलाई जाति, रस, ऋतु र शैली गरी मुख्य चार भागमा वर्गीकरण गरेका छन् (श्रेष्ठ, २०३८: ५६)। कृष्णप्रसाद पराजुलीले लोकगीतलाई वर्ष चक्रिय र जीवन चक्रीय गरी दुई भागमा वर्गीकरण गरेका छन् ( पराजुली, २०६०: ३३)। वर्ष चक्रीयमा बाह्रमासे र प्रकृतिगीतलाई राखेका छन्। उनले प्रकृति गीतअन्तर्गत श्रमगीत, ऋतुगीत आदिलाई राखेका छन् भने जीवन चक्रियामा संस्कारगीत, प्रेमगीत र विरहीगीत राखेका छन्। मोतीलाल पराजुलीले नेपाली लोकगीतको वर्गीकरण (१) भाषिक अभिव्यक्तिका आधारमा

(२) प्रस्तुतीकरणका आधारमा (३) संस्कारका आधारमा र (४) विषयवस्तुका आधारमा गरेका छन् ( पराजुली, २०४९: ७-१०)। ईश्वरीप्रसाद गैरेले लोकगीतलाई चार भागमा वर्गीकरण गरेका छन्: (१) उपयोगिताका आधारमा (२) कर्मका आधारमा (३) चाडपर्वका आधारमा (४) प्रकृति भेदका आधारमा (गैरे, २०६०: २४)। उनले उपयोगिताका आधारमा गाइने लोकगीतमा जन्मगीत, न्वारनगीत, विवाह गीत र संस्कारगीत, कर्मका आधारमा गाइने लोकगीतमा रोपाइगीत, दाइँगीत, हली-बाउसेगीत, घाँसेगीत, जेठेगीत, चाडपर्वका आधारमा गाइने लोकगीतमा द्यौसी, भैलो, तीजेगीत आदि गीत

पर्दछन् । अनि प्रकृति भेदका आधारमा गाइने गीतलाई उनले गेयात्मक र पाठ्यात्मक रूपमा छुट्याएर गेयात्मक गीतलाई शुद्धगीत (बाजा नचाहिने), नाट्यगीत (खेल्दै गाउने) र नृत्यगीत (नृत्य र गीत सहित-संगिनी, बालुन) गरी तीन भागमा बाँडेर प्रस्तुत गरेको पाइन्छ । धर्मराज थापा र हंसपुरे सुवेदीले लोकसाहित्यको चर्चा गर्दा लोकगीतको वर्गीकरण सातवटा आधारबाट गरेका छन्: (१) सामान्य गीत (२) ऋतुगीत (३) संस्कारगीत (४) कर्मगीत (५) पर्वगीत (६) लोकनृत्य वा नृत्यगीत र (७) विविध (थापा र सुवेदी, २०४१: ९४) ।

उपर्युक्त विद्वान्हरूका लोकगीतसम्बन्धी वर्गीकरणका ढाँचालाई हेरेर नेपाली लोकगीतको वर्गीकरण निम्नलिखित आधारमा गर्नु सान्दर्भिक देखिन्छ :

**(१) प्रयोगका आधारमा**

विविन्न अवसरमा कुन-कुन लोकगीत प्रयोग हुन्छन् भन्ने कुरालाई आधार मानेर लोकगीतलाई संस्कारसम्बन्धी गीत, श्रम वा कर्मसम्बन्धी गीत, पर्व वा ऋतुकालनि गीतमा वर्गीकरण गर्न सकिन्छ ।

**(२) प्रस्तुतीकरणका आधारमा**

लोकगीतको पनि आ-आफ्नै प्रकारको प्रस्तुती हुन्छ । कुनै गीत शुद्ध गीत हुन्छन् र भने कुनै वाद्य र नृत्य-गायन समेतका हुन्छन् । यसरी प्रस्तुतीकरणका आधारमा शृद्ध गायन, नृत्य गायन र वाद्यनृत्यगायनका लोकगीतलाई क्रमशः शुद्ध गीत र मिश्रित गीत गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

**(३) स्वरूपका आधारमा**

लोकगीतको स्वरूपलाई हेर्दा नेपाली लोकगीतका विभिन्न रूपहरू पाइन्छन् । यसमा मध्यआकारका, लघु आकारका र लघुतम आकारका गीत पर्दछन् ।

**(४) गायनका आधारमा**

प्रत्येक लोकगीतको आ-आफ्नै गायन प्रवृत्ति हुन्छ । कुनै गीत एक जनाले मात्र गाउँछ भने कुनै समूह मिलेर गाइन्छ । यस आधारमा लोकगीत एकल र समूह गायन गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

(५) **रसप्रधानताका आधारमा**

लोकगीतलाई रसप्रधानताका आधारमा हाँस्य, वीर, शान्त, करुण आदि रसप्रधान लोकगीतका रूपमा वर्गीकरण गर्न सकिन्छ ।

## २.३ बाह्रमासे गीत

बाह्रमासे गीत लोकगीतको एउटा प्रकार हो । 'बाह्र' र 'मास' जस्ता छुट्टाछुट्टै अर्थ र प्रकृतिका दुई शब्दको योगबाट 'बाह्रमास' शब्द बन्दछ । यसको अर्थ वर्षभरिमा आउने बाह्रमहिना हुन्छ । यसरी बनेको बाह्रमास शब्दमा 'ए' प्रत्यय लाग्दा (बाह्र + मास् + ए) 'बाह्रमासे' शब्दको निर्माण हुन्छ । यसको शाब्दिक अर्थ 'सधैं' वा 'सदाबहार' भन्ने हुन्छ । लोकगीतका अर्थमा उक्त बाह्रमासेसँग 'गीत' शब्दलाई लिएर हेर्दा लोकजीवनका हृदयमा रहेका प्रेम,करुणा, आशा-निराशा, हर्ष-पिडा, आँसु-हाँसो, मिलन-विछोड आदि जाग्रत रूपमा अनवरत तरिकाले अभिव्यक्त भई स्वयं र श्रोतापक्ष भावुक एवं आल्हादित हुने साथै हरेक उमेर र वर्गद्वारा विना भेदभाव स्वच्छन्दरूपमा सुसेलिने यस्ता भावलहरी बाह्रमासे गीत हुन्; जसमा ऋतु गीत र त्यसभित्र गरिने कर्मअनुसारका गीत पर्दछन्, (थापा, २०३०: ४७), उनले आफ्नो अध्ययन एवं विश्लेषणका क्रममा बाह्रमासे गीतलाई बाह्रमासाका नामले पनि चिनाएको पाइन्छ । यस्तै अन्य विद्वान्हरूले पनि बाह्रमासे गीतलाई कहीँ बाह्रमासा र कहीँ बाह्रमासेका नामले नै चिन्ने-चिनाउने गरेको पाइन्छ । ...मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलले (२०६३: १००) बाह्रमासा र बाह्रमासे गीत बीच विभेद देखाउँदै बाह्रै महिनाको वर्णन गरिएका गीतलाई बाह्रमासा र बाह्रै महिना गाइने वा सदाकालिक जुनसुकै गीतलाई बाह्रमासे गीत भनेका छन् । ६ महिनाको वर्णन गरिएकालाई ६ मासे र चार महिनाको वर्णन गरिएका गीतलाई चौमास भन्न सकिन्छ भनेका छन् । थापाले कर्मगीतलाई किसानसँग जोडका छन् भने ऋतुगीतलाई वर्षभरि आउने ऋतुकालीन गीतसँग । उनले 'सालैज्यो', साउने, भदौरे आदि गीतलाई बाह्रमासे गीत हुन भनेका छन् (थापा, २०३०: ६३) । उनको हंसपुरे सुवेदीसँगको सहलेखनमा भने लोकगीतको वर्गीकरण गर्दा बाह्रमासे गीतलाई सामान्य गीत अन्तर्गत राखेर ऋतुगीत र कर्मगीतलाई छुट्टै वर्गमा विभाजन गरिएको छ (थापा तथा सुवेदी, २०४१: ९४) । सत्यमोहन जोशीले लोकगीतको वर्गीकरण गर्दा सामयिक र सामान्य गरी जम्मा दुई भागमा विभाजन गरेका छन्: जसमा क्रमशः ऋतुगीत, मौसमीगत एवं चाडअनुसारगाइने गीत र जहिले पनि गाउन सकिने गीत पर्दछन् (जोशी, २०१२: १४५) । उक्त वर्गीकरणमा उनले 'जहिले पनि गाउन सकिने' भनेर बाह्रैमासे गीतलाई नै चिनाउन खोजेको साथै कर्मगीतको उल्लेख अन्य वर्गमा

नगरेबाट कर्मगीत पनि यसै बाह्रमासे गीतभित्र राखेको हुनुपर्दछ । नेपाली साहित्यका समालोचक ईश्वर बरालले लोकगीतलाई१८ भागमा वर्गीकरण गरेका छन् (बराल, २०१०: ३५) । यसमा वर्गीकरणको १७ औं भागमा बाह्रमासे गीतको वर्ग राखेका छन् । उक्त वर्गीकरणमा ऋतुगीत र कर्मगीतको संकेत कहीँ नपाइने हुँदा उनले उक्त गीतलाई बाह्रमासे गीतभित्र समेटेको छन् भन्नु सहज हुन्छ । काजीमान कदङ्वाले नेपाली लोकगीतको वर्गीकरण गर्ने क्रममा बाह्रमासे वाद्ययुक्त र वाद्यमुक्त हुन्छन् भनेका छन्; जसलाई उनले क्रमशः सकर्मक र अकर्मक नामले चिनाएका छन् । उनले बाह्रमासे गीतलाई बाह्रेमास गाउन सकिने भनेर चिनाएका छन् (कदङको, २०२०: १३) । दयाराम श्रेष्ठले लोकगीतको वर्गीकरण गर्दा बाह्रमासे गीतलाई क्रियागीतका रूपमा चिनाएको पाइन्छ । उनले कर्मगीतलाई पनि त्यसैमा राखेका छन् (श्रेष्ठ, २०३८: १६) । ईश्वरीप्रसाद गैरेले गरेको लोकगीतको वर्गीकरणमा मुख्य चारवटा आधार छन् । उक्त आधारमा गरिएको वर्गीकरणमा बाह्रमासे गीतलाई कही नदेखाइएको भए पनि उल्लिखित केही विद्वान्हरूका वर्गीकरणका आधारमा टेकेर हेर्दा उनले गरेको कर्मगीतका आधारमा गरेको वर्गीकरणमा नै बाह्रमासे गीत हुनुपर्ने देखिन्छ; जसमा रोपाइँगीत, दाइँगीत, हली-बाउसेगीत, घाँसेगीत, जेठेगीत आदि पर्दछन् भनिएको छ (गैरे, २०६०: २८) ।

नेपाली भाषाका साहित्यकार, समालोचक, लेखक, लोकसाहित्यकार आदिवर्गबाट गरिएको लोकगीतको वर्गीकरणका सम्बन्धमा आ-आफ्नै तरिका, ढाँचा र आधार पाइए पनि केही हदसम्म निचोड सबैको एउटै हुनुले त्यसबाट एक नयाँ सैद्धान्तिक स्वरूप निर्माण हुन्छ; जुन बाह्रमासे गीतको लागि एक बलियो सैद्धान्तिक आधार हो । यसै आधारमा टेकेर बाह्रमासे गीतको वर्गीकरण एवं अध्ययन अघि बढाउन ठूलो सहयोग मिल्दछ ।

### २.३.१ बाह्रमासे गीतको वर्गीकरण

लोकसाहित्यका लोकगीत एवं त्यसका अन्य विधाहरूभैंं बाह्रमासे गीतको क्षेत्र पनि व्यापक छ, त्यसैले पनि यसको वर्गीकरण गर्न खोज्नु त्यति सहज छैन । लोकगीतको अध्ययन तथा अनुसन्धान गर्ने प्रत्येक विद्वान्ले आ-आफ्नो दृष्टिकोण अनुसार यसको वर्गीकरण गरेका छन् । लोकगीतमाझैं बाह्रमासे गीतमा पनि विभिन्न परिवेशअनुसारका विविधता र बहुरूपता हुनुले त्यस्तो अवस्था निम्त्याउनु स्वभाविक मान्नुपर्छ । विद्वाहरूका उक्त वर्गीकरणका विविधताका बाबजुद पनि उनीहरूले बाह्रमासे गीतलाई चिनाउन खोजेका सबै किसिमका पक्ष एवं आधारलाई विस्तृत अध्ययन गरी त्यसैको निचोडमा आधारमा यहाँ बाह्रमासे गीतको वर्गीकरण गर्ने प्रयास गरिन्छ ।

**(क) प्रयोगका आधारमा**

बाह्रमासे गीत खासगरी कुन-कुन अवसरमा प्रयोग हुन्छ वा गाइन्छ भन्ने कुरालाई आधार मानेर बाह्रमासे गीतलाई कर्म वा श्रमसम्बन्धी गीत र पर्व वा ऋतुसम्बन्धी गीतमा वर्गीकरण गर्न सकिन्छ ।

**(ख) प्रस्तुतीकरणका आधारमा**

लोकगीतमा झैं बाह्रमासे गीतको पनि आफ्नै प्रकारको प्रस्तुति पाइन्छ । यसै प्रस्तुतीकरणलाई आधार मानेर बाह्रमासेगीतलाई शुद्ध गायन, नृत्यगायन र वाधनृत्यगायन गरी तीन भागमा वर्गीकरण गर्न सकिन्छ ।

**(ग) स्वरूपका आधारमा**

बाह्रमासे गीतको स्वरूपलाई हेर्दा नेपाली बाह्रमासे गीतका विभिन्न रूपहरू पाइन्छन्; यसमा मध्य, लघु र लघुतम आकारका गीत पर्दछन् ।

**(घ) गायनका आधारमा**

प्रत्येक लोकगीतहरूमा झैं बाह्रमासे गीतको पनि आफ्नै प्रकृति छ; यही प्रकृतिका आधारमा यो गाइन्छ । कुनै गीत एकजनाले मात्र गाइन्छ भने कुनै समूहमा मिलेर गाउँनु पर्ने हुन्छ । यस आधारमा बाह्रमासे गीतलाई एकल र समूह गायन गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

**(ङ) रसप्रधानताका आधारमा**

लोकगीतका अन्य विद्याहरूमा झैं बाह्रमासे गीतमा पनि विभिन्न रसहरको प्रयोग भएको पाइन्छ । यसैले बाह्रमासे गीतलाई रसप्रधानताका आधारमा करुण, हास्य, बीर, शान्त, श्रृङ्गार आदि रसप्रधान बाह्रमासे गीतका रूपमा वर्गीकरण गर्न सकिन्छ ।

### २.३.२ बाह्रमासे गीतका विशेषता

बाह्रमासे गीतको सूक्ष्म अध्ययन गर्दै जाने हो भने यसका आफ्नै मौलिक विशेषताहरू भेटिन्छन् । कतिपय कुराहरूमा लोकगीतका अन्य विधासँग समानार्थी जस्ता देखिने नेपाली बाह्रमासे गीतहरू नेपालकै सांस्कृति धरोहरका रूपमा हाम्रो ग्रामीण लोकजीवनको मीठो ढुकढुकी बनेका छन्

। केही निजी र केही साझा रूप र गुणलाई लिएर नेपाली लोकजीवनका मनमस्तिष्कलाई बिउँताउने यस्ता बाह्रमासे गीतका विशेषतालाई निम्नलिखित रूपमा उल्लेख गर्न सकिन्छ:

(क) **सदाबहार**

बाह्रमासे गीत गाउन देश, काल र अवस्थाको कुनै बन्धन वा सीमा हुँदैन । नेपाली समाजका सबै जात, लिङ्ग, उमेर, र वर्गहरूले आफ्नो बाह्रमासे जिभ्रोमा जुनसुकै क्षणमा पनि बाह्रमासे गीतलाई गुनगुनाउने गर्दछन् । गहिरिएर अध्ययन गर्ने हो भने बाह्रमासे गीतमा हाम्रा जीवनका सम्पूर्ण पक्षको चित्रण अति सजीव र दार्शनिक ढङ्गबाट गरिएको हुन्छ तर यसमा प्रस्तुतीकरणको जुन सरलता हुन्छ, त्यसले गर्दा बाह्रमासे गीत सुन्ने कसैले पनि त्यसमा रहेको बौद्धिकतातर्फ ध्यान दिँदैनन् र हार्दिकताले नै त्यसलाई अघि बढाइरहेको महशुस गर्न पुग्छ । त्यसैले हामी निर्धक्क भनिदिन्छौं; बाह्रमासे गीतको सम्बन्ध बुद्धिसँग होइन हृदयसँग हुन्छ ।

(ख) **चक्रीयता**

बाह्रमासे गीतको सदाबहादरपछिको दोस्रो विशेषता चक्रीयता हो । समयको चक्रमा जसरी हरेक ऋतु, पर्व, कर्म आदि फेरिरहन्छन् त्यसरी नै बाह्रमासे गीतले पनि ती चक्रहरूमा आधारित भएर लोकजीवनका कैयौँ अनुभव र अनुभूतिलाई टिपेर अघि बढ्छ । समयको परिवर्तनसँगसँगै मानवीय भावना पनि परिवर्तन हुन सक्ने भएकाले कि मानिसले त्यही समय वा ऋतुमा आधारित भएर आफ्ना प्रेरित कौतूहल पोख्छन् कि त ती ऋतुचक्रमा गरिने कर्मका आधारमा आधारित भएर आफ्ना अनुभव एवं अनुभूति बाह्रमासे गीतमार्फत् पोख्दछन् ।

(ग) **स्थानीयपन एवं मौलिकता**

बाह्रमासे गीतले स्थानीयपन तथा त्यहाँको मौलिकतालाई झल्काउने हुँदा एक ठाउँमा गाइने बाह्रमासेगीत अर्को ठाउँमा त्यही भए पनि फरक जस्तो लाग्छ । यो बाह्रमासे गीतको तेस्रो मुख्य विशेषता हो ।

(घ) **व्यापकता**

क्षेत्रीय तथा सामाजिकलगायत अनेक विविधताका कारण नेपाली लोकजीवनमा गाइने बाह्रमासे गीतमा केहीभिन्नता पाइए पनि ती क्षेत्र तथा समाजमा बस्ने सबै जातजाति, लिङ्ग,

उमेर र वर्गका मानिसहरूले थकाइ मेटाउन होस् वा मन बहलाउन होस् सधैं बाह्रमासे गीतको नै सहारा लिएका हुन्छन् ।

**(ङ) रागात्मकता**

लोकगीतका अन्य विधामध्ये अत्यन्त लोकप्रिय बन्न पुगेको बाह्रमासे गीतलाई लयात्मक एवं रागात्मकविना कल्पना गर्न सकिँदैन । लोकगीतका अन्य विधाका तुलनामा बाह्रमासे गीतमा रागात्मकता बढी पाइन्छ । यसैले बाह्रमासे गीत श्रुतिमधुर र सम्भन सकिने हुन्छन् । त्यसैले मानवहृदयलाई बाह्रमासे गीतले अत्यन्त छिटो छुन्छ । यसमा पूर्वयोजनाविना नै लोकचेतनाबाट स्वःस्फूर्त रूपमा छन्द, अलङ्कार वक्रोक्ति आदिको समावेश भएको पाइन्छ । यसैले बाह्रमासे गीतको प्रमुख विशेषता त्यसमा पाइने रागात्मकता एक हो ।

**(च) स्वच्छन्दता**

लोकगीतका अन्य विधाहरूमा भन्दा बाह्मासे गीत लोक-जीवनको सहजानुभूतियुक्त हार्दिक अभिव्यक्ति हो । यो कुनै निर्धारित नियम एवं शास्त्रीय विधानका अनुशासनमा नबाँधिई लोकजीवनले आफैं पहिल्याएको गति र लयमा प्रवाहित भइरहेको हुन्छ । लोकसर्जकहरूका अनुभूतिमा निःसृत हुने भएकोले नै बाह्रमासे गीतका लय पनि लोकजीवनकै प्रचलित भइसकेका र निखरा हुन्छन् । यिनै विविध कारणले बाह्रमासे गीतका अभिव्यक्ति स्वच्छन्द हुन्छन् ।

**(छ) सरलता**

बाह्रमासे गीतका मुख्य विशेषताहरूमध्ये सरलता पनि एक हो । बाह्रमासे गीत कुनै निश्चित व्यक्तिद्वारा रचना गरिएका भए पनि त्यसमा सम्मूर्ण समाजका हरेक मानिसहरूको सुख-दुःख प्रतिबिम्बित हुने हुँदा यसमा रचनाकारभन्दा त्यसगीतको महत्त्व हुन्छ । सुख-दुःखलाई अत्यन्त सजीव र भावुक ढङ्गबाट प्रस्तुत गरिने यस्ता बाह्रमासे गीतहरूमा मार्मिकता नै मार्मिकता भरिएको हुन्छ । बाह्रमासे गीत श्रुतिमधुर र सम्भन सकिने भएका कारण नै यसलाई कुनै गाह्रो महशुस नगरी सजिलै कण्ठ पार्न तथा गाउन सकिन्छ । यसैले लिखित साहित्यमा भैं क्लिष्टता नभई सरल र सहज लिनदिन सकिनु बाह्रमासे गीतको विशेषता हो ।

**(ज) पुनरावृत्ति**

बाह्रमासे गीतमा विभिन्न शब्द वा पूरै वाक्यको पनि पुनरावृत्ति भएको हुन्छ । यस्ता पुनरावृत्तिले कतै बाह्रमासे गीतलाई लयात्मक र आकर्षक बनाएको हुन्छ त कतै कुनै कुरामा जोड

दिँदा यस्तो पुनरावृत्ति हुन्छ । एउटै कुरा दुई वा धेरै पटक पुनरावृत्ति हुँदा पनि भन्ने वा सुन्ने कसैलाई झर्को नलागि झन् त्यस गीतलाई सुनिरहुँ जस्तो बनाइदिन्छ । त्यस्तै बाह्मासे गीतमा विभिन्न थेगो वा भाकाको फरक-फरक प्रयोग हुन्छ । एउटै गीतलाई भिन्न-भिन्न थेगो तथा भाकामा गाउँदा फरक महशुस हुनुले बाह्रमासे गीतमा पुनरावृत्तिको महत्त्वपूर्ण भूमिका हुन्छ ।

**(झ) प्राकृतिकता**

बाह्रमासे गीत प्राकृतिक हुने भएकाले यो लिखित साहित्यका जस्तो कृतिम आडम्बरबाट कोसौं टाढा रहेको हुन्छ । यसरी हेर्दा लिखित साहित्य सहरिया नर्सरीमा बिनासिजन फुलेको बेमौसमी फूल हो भने लोकसाहित्य एवं त्यसभित्र रहेको बाह्रमासे गीत हाम्रा हरिया डाँडा भरि स्वः स्फूर्त रूपमा कुनै कृतिमताविना फुल्ने सुन्दर लालीगुराँस हो ।

**(ज) अज्ञात रचयिता**

सिङ्गै लोकगीतमा रहेको यो विशेषता बाह्रमासे गीतमा पनि पाइन्छ । बाह्रमासे गीत व्यक्तिद्वारा नै रचित भइकन पनि रचनाकार अज्ञात रहने र मौखिक परम्परामा नै हुर्कंदै र सुरक्षित हुँदै आएको हुन्छ । यस्ता रचनाहरू अरुको नठानी प्रत्येकले आफ्नै जस्तो अत्यन्तै प्रेम र श्रद्धाका साथ गाइने हुँदा बाह्रमासे गीतलाई वेदझैं अपौरुषेय भन्ने गरिन्छ ।

## २.४ निष्कर्ष

नेपाली साहित्यका विभिन्न विधाहरूमध्ये अलिखित अथवा मौखिक लोकपरम्पराका विशेषताले चिनिने लोकसाहित्य एक चर्चित विधा हो भने त्यसभित्रको लोकगीत अझैं लोकप्रिय उपविधा हो; जुन लोकजीवनको रागात्मक स्वतः स्फूर्त अभिव्यक्ति तथा शास्त्रीयताधर्मी भएर पनि शास्त्रीययोजनाविना अनुग्रहित जस्ता गुणले भरिभराउ छ । यसको अध्ययनका क्रममा विभिन्न विद्वान्वर्गबाट आ-आफ्नो दृष्टिकोण अगाडि सारिएको भए पनि त्यसको क्षेत्रीय, जातीय, भाषिक आदि विविधताका कारण त्यसमा एकरूपता आउन भने सकेको पाइँदैन, तर पनि ती विद्वान्हरूले लोकगीतसम्बन्धी दिएका परिभाषा, सुझाउ एवं उनीहरूबाट गरिएका वर्गीकरण र विश्लेषणलाई आधार मान्दा लोकगीतभित्र पनि विभिन्न उपविधाहरू देखिन्छन् । ती उपविधाहरूमध्ये बाह्रमासेगीत लोकजीवनका बाह्रमासे जिभ्रोमा सदा झुण्डिएर रहने झनै लोकप्रिय उपविधा हो । साहित्य तथा लोकसाहित्य सबै विधाका विद्वान्हरूका फरक-फरक अध्ययन एवं दृष्टिकोणहरूको निचोडमा पुग्दा बाह्रमासे गीत लोकजीवनले कि बाह्र महिनाको समय वा ऋतु चक्रका आधारमा गाउँछन् कित ती ऋतृचक्रभित्र गरिने अनेक थरी कर्मका आधारमा आधारित भएर । यस्तै बाह्रमासेगीत प्रयोगका

आधारमा, प्रस्तुतिका आधारमा, स्वरूपका आधारमा, गायनका आधारमा र रसका आधारमा गरी जम्मा पाँच भागमा वर्गीकरण गर्न सकिन्छ भने सदावहार, चक्रीयता, स्थानीयपन वा मौलिकता, व्यापकता, रागात्मकता, स्वच्छन्दता, सरलता, पुनरावृत्ति, प्राकृतिकता र अज्ञात रचयिता जस्ता विशेषताले यो चिनिन्छ ।

# अध्याय तीन

# बझाङ जिल्लाको संक्षिप्त परिचय

## ३.१ परिचय

नेपालको सुदुरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने सेती अञ्चलमा बझाङ जिल्ला अवस्थित छ । सदरमुकाम चैनपुर रहेको यस जिल्लालाई दुई वटा संसदीय निर्वाचन क्षेत्र र ४७ वटा गा.वि.स. मा विभाजन गरिएको छ । अवस्थितका हिसाबले हेर्दा यस जिल्लाको पूर्वमा बाजुरा, पश्चिममा बैतडी, उत्तरमा हिमाल (हुम्ला) र दक्षिणमा डोटी जिल्ला पर्दछ (मेचीदेखि महाकाली २०३१, भाग ४: पृ. ११०) । यस जिल्लाको जम्मा जम्मी कुल जनसंख्या १,७९५२९ रहेको छ (नेपाल मानव अधिकार वर्ष २०६१, पृ. ६४३) । यस जिल्लाको भेषभूषा, रीतिरिवाज र चालचलन छिमेकी जिल्ला, जस्तैः बाजुरा, डोटी, अछाम, बैतडी आदिसँग केही मिल्दोजुल्दो नै रहेको छ ।

लामो इतिहास बोकेको यो जिल्ला प्राचीन सिंजा र डोटी प्रदेशबाट छुट्टिएर बाइसी राज्यअन्तर्गत पर्‍यो । 'बज्राङ' शब्दबाट अपभ्रंश भएर बजाङ हुँदै बझाङ नामकरण रहेको यस जिल्लाको राजनीतिक पृष्ठभूमि स्व. मानवतावादी राजा जयपृथ्वी बहादुर सिंह, सहिद राजकमार ॐ जङ्गबहादुर तथा २०६१/६२ सालसम्म भत्ता पाइरहेका बझाङ्गी राजपरिवारसँग जोडिएको कुरा जन श्रुतिमा सुनिन्छ । प्राकृतिक दृश्यावलीले भरिपूर्ण यस जिल्लामा सूर्मा सरोवर, लुयाँटा कोटेलीको ऋषिकुण्ड, छान्नागडी, बान्नी मस्टो, खप्टडको लेक आदि स्थानहरू ऐतिहासिक तथा पुरातात्त्विक दृष्टिले महत्त्वपूर्ण मानिन्छन् । त्यस्तै चैनपुरको हात्तीसार, विभिन्न कोटहरूः बान्जीकोट, मेल्लककोट, थलाराकोट इत्यादि, मठमन्दिर- पाटीपौवा आदिले यस जिल्लाको महिमा अझ बढाएको छ । परम्परा र अवैज्ञानिक कृषि व्यावसायमा जकडिएको यो जिल्ला आर्थिक दृष्टिकोणले निकै पिछडिएको छ । यहाँका मुख्य बालीहरू धान, गहुँ, मकै, कोदो, आलु, जौं, फापर आदि हुन् । यहाँका मानिसहरूको मुख्य पेशा कृषिका साथै गाई, भैंसी, भेडा-बाखालाई पाल्नु हो । जलस्रोतको अपार प्राप्ति रहे पनि सदरमुकाम वरिपरिका गा.वि.स. बाहेक अन्य ४० वटा गा.वि.स. हरूले सरकारी स्तरबाट पहल नभएका कारण अझै विद्युतबाट वञ्चित नै रहनुपरेको छ । यातायातका दृष्टिकोणले धनगडी र नेपालगञ्जबाट उड्ने हवाइजहाज रहे पनि कुनै निश्चित आवागमन नभई अनिश्चित जस्तै भएको छ । कच्ची रोडले सदरमुकाम चैनपुरसम्म छोएको भए पनि वर्षादमा मोटरले बझाङको सिमानासम्म पनि भेट्टाउन सक्दैन । शैक्षिक दृष्टिले हेर्दा माध्यमिकसम्मको शिक्षा सर्वसुलभ भए

तापनि सरकारीस्तरबाट चालु एउटा पनि उच्च शिक्षालय नभएका कारण धेरै नवयुवाहरू उच्च शिक्षा प्राप्तिबाट बञ्चित भएका छन् । औद्योगिक नीति अपनाएर आधुनिक वैज्ञानिक अनुसन्धान गरेमा सीमा, फलाम, तामा, अभ्रख, गन्धक, स्लेट, चुन, खरी, पत्थर, गेरु सिंहमरमर आदि जस्ता बहुमूल्य खनिज रहेको अनुमान भए पति ती सम्पदाहरू लुकेरै रहेका कारण यहाँको आर्थिक एवं औद्योगिक अवस्था शूल्य नै छ ।

संक्षिप्तमा हेर्दा आर्थिक एवं औद्योगिक विकासका दृष्टिले पछाडि धकेलिएको भए पनि यहाँका विभिन्न प्राकृतिक साधनको सदुपयोग गर्न सकेमा यसजिल्लाको प्रगतिका साथै यसले राष्ट्रिय सम्पत्तिमा पनि टेवा पुऱ्याउन निकै सहयोग मिल्ने अनुमान सजिलै विश्वास गर्न सकिन्छ ।

## ३.२ भौगोलिक परिचय

नेपालको भौगोलिक मानचित्र अनुसार सुदूर पश्चिमाञ्चल क्षेत्रमा अवस्थित बझाङ जिल्ला २९°२२' उत्तरदेखि ३०°९" उत्तरी अक्षांश र ८०°४६ पूर्वदेखि ८१°३४" पूर्वी देशान्तरमा रहेको छ । सबभन्दा होचो भूभाग ९१५ मि. देखि उच्च स्थान साइपाल हिमाल ७०३६ मि. सम्मको उचाइमा रहेर ३,४४९ वर्ग कि.मी. को क्षेत्रफलमा यो जिल्ला अवस्थित छ । विविध भू-बनोटमा फैलिएको यहाँको भौगोलिक संरचनालाई मुख्य चार भागमा बाँड्न सकिन्छ (मेचीदेखि महाकाली, २०३१: भाग ४, ११०) ।

### ३.२.१ हिमाली प्रदेश

समुद्र सतहबाट ३,३५४ मिटरदेखि ७,०३६ मिटरसम्म फैलिएको बझाङ जिल्लाको यस प्रदेशमा प्रायः हिउँ जमिरहने भएकाले मानिसको बसोबास एकदमै पातलो र कम छ । तिब्बतको सिमासँगै जोडिएको यस भागमा अग्ला-अग्ला पर्वतहरू, पतझर जंगल र स-साना बुट्यानहरू पाइन्छन् । कस्तुरी, हिमचितुवा, हिमभालु, झारल, घोरल जस्ता हिमजन्य जनावरका साथै डाँफे, मुनाल जस्ता महत्त्वपूर्ण तथा दुर्लभ पंक्षीहरू पनि यहाँ पाइन्छन् (मेचीदेखि महाकालीसम्म, २०३१, पृ. ११०) ।

### ३.२.२ लेकाली प्रदेश

समुद्र सतहबाट २,१३४ मिटरदेखि ३,३५४ मिटरसम्मको उचाइमा रहेको यो भूभाग भिरालो र हिउँदमा हिउँ पर्ने भएका कारण खेतीयोग्य जमीन नहुँदा मानिसहरूको बस्ती निकै पातलो पाइन्छ

। यहाँका बासिन्दाहरू विशेषगरी सुख्खायाममा तिब्बतबाट नुन ल्याइ चिसो याममा बेसीतिर झरेर नुन र हिमाली जडिबुडीको व्यापार गर्छन् । यसभन्दा बाहेक यो प्रदेशका मानिसहरूले आलु, जौं र फाँपरजस्ता बालीहरूको खेती र पशुपालन गरी जीविको पार्जन गर्छन् । प्रायः वनजंगल भएको र अग्ला-अग्ला ठूला पर्वतहरू भएको यस प्रदेशमा हर्रो, बर्रो, शिलाजित, पाँचऔंले यार्सागुम्बा आदि जस्ता महत्त्वपूर्ण र दुर्लभ लेकाली जडिबुटीहरू पाइन्छन् । वनस्पतिहरूमा निंगालो, बाँझ, लेकसल्ला, खर्सु, भुजपत्र आदि मुख्य हुन् भने बँदेल, भालु, ब्वाँसो, थार, डाँफे, मुनाल आदि पशुपंक्षीहरू मुख्य पाइन्छन् । खप्तड, गुरपललेक, सुर्मासरोवर, धुली, काँणा यस बझाङ जिल्लामा अवस्थित लेकाली भागका उच्च प्रमुख स्थान हुन् ।

### ३.२.३ पहाडी प्रदेश

समुद्रबाट १,५२४ मि. देखि २,१३४ मि. सम्मको भूभाग पहाडी प्रदेश हो । हिउँदमा कहिलेकाहीँ हिउँ पर्ने भए पनि त्यति चिसो नहुने र गर्मीमा पनि त्यति गर्मी नहुने साथै खेतीयोग्य जमिन पनि भएकाले यस प्रदेशमा मानिसहरूको बस्ती हिमाली तथा लेकाली प्रदेशको भन्दा अत्यधिक पाइन्छ । नजिकका खोलानालाबाट कुलो खनी सिंचाइको व्यवस्था भएको जमिनमा मौसम अनुसार धान, गहुँ र मकैको खेती प्रमुख गरिन्छ भने भिरालो एवं पाखो जग्गामा कोदो, भटमास, मकै, जौ, आलु आदिको खेती गरिन्छ । त्यस्तै फलफूलमा स्याउ, नासपाती, अमिलो, कागती, ओखर आदि यस प्रदेशका लागि निकै सम्भावित फलफूल भए तापनि त्यसको उत्पादनमा राम्रो ज्ञान नभएका कारण कुनै चाँसो दिएको पाइँदैन । त्यस्तै यस प्रदेशमा विभिन्न खानी, जस्तैः फलाम, अभ्रख, तामा, सिसा, गन्धक, स्लेट, खरी, चुनढुङ्गा आदिजस्ता खनिजको सम्भावना छ । विभिन्न किसिमका महत्त्वपूर्ण जडिबुटीहरूले सिंचित लगायत ठूल-ठूला जंगलका फाँटहरू भएको यस प्रदेशको निकै महत्त्व छ । यस प्रदेशमा उत्तिस, बाँझ, बुराँस, ओखर, काफल, भिमल, बाँस, निंगाला, सल्लो, काउलो आदि मिश्रित जंगल पाइन्छ । पशुपंक्षीहरूमा बाघ, भालु, बाँदर, लंगुर, स्याल, दुम्सी, रतुवा, वनकुखुरा, च्याखुरा, कोइली, परेवा, काग, गिद्ध आदि पाइन्छन् । भिरालोबाट बगेका जलप्रवाह भएका कारण यस प्रदेशबाट विद्युत उत्पादनको निकै सम्भावना भए पनि सरकारतर्फबाट कुनै चासो नहुँदा यहाँका बासिन्दा बत्तीबाट वञ्चित नै छन् ।

संक्षेपमा भन्दा विभिन्न किसिमका प्राकृतिक खनिज तथा वन्य वनस्पति लगायत विविध आर्थिक अवसरका सम्भावना रहेको भए पनि यहाँका बासिन्दाको अज्ञानतासँगै सरकारबाट दृष्टि नपुग्दा यस प्रदेशका विकासजन्य सम्भावनाहरू जहाँकहीँ छन् ।

### ३.२.४ नदीले बनाएका बेंसीहरू

नदीले बनाएका बेंसीहरू समुद्र सतहबाट ९१५ मिटरदेखि १५२४ मिटरसम्मको उचाइमा पर्दछन् । सेती नदी लगायत ठूला-साना अन्य खोलाहरूले जमिनलाई काटेर बनाएका समथर भूभागलाई उक्त नामले चिनाएको छ । नजिकका खोलानालाबाट सिंचाई सजिलै गर्न सक्नुका साथै समथर जमिन भएकोले यो प्रदेश एकदमै खेतीयोग्य हुँदा मानिसहरूको बसोबास बाक्लो छ । धान, गहुँ, मकै, कोदो, भटमास आदि यस क्षेत्रका मुख्य बालीहरू हुन् । समशीतोष्ण जस्तो समहावापानी रहेको यस भू-भागमा साल, सिमल, भिमल, पिपल, टुनी, अमला, वर, बाँस आदि जातका वनस्पति पाइन्छन् । वर्षायामको बादीले यहाँको जनजीवनलाई सधैंजसो प्रभावित पारिराख्ने भए पनि यस क्षेत्रमा मलिलो माटो थुप्रिने भएका कारण बाली निकै सप्रिन्छ । यसको साथै समहावापानी र मलिलो माटोका कारण यो क्षेत्र आँप, सुन्तला, केरा, अम्बा, नासपाती जस्ता फलफुलका साथै माछापालनको अति सम्भावना रहे पनि त्यसतर्फ स्थानीय बासिन्दाको ध्यान जान नसक्दा त्यस्तो कुनै खास व्यवसाय अहिलेसम्म हुन सकिरहेको छैन । चैनपुर, डिलकोटेली, मालुमेला, देउरा आदि यस प्रदेशमा पर्ने प्रमुख स्थानहरू हुन् ।

विविध भू-बनोटमा अवस्थित बझाङ जिल्लामा हावापानी पनि एकै किसिमको छैन । यस जिल्लाको हिमाली तथा लेकाली भागमा शीतप्रधान र लेकाली किसिमको हावापानी पाइन्छ भने पहाडी र बेंसीतिर ठण्डा शीतोष्ण र समशीतोष्ण हावापानी पाइन्छ । अनेक प्रकारको भू-बनोटमा निर्मित बझाङ जिल्लामा विभिन्न प्राकृतिक सम्पदा तथा खनिज तत्व रहेको सम्भावना पनि प्रयाप्त छन् । यस्ता प्राकृतिक खनिज तत्वका सम्भावित क्षेत्रहरूमा छान्नाको घाँटखोला, मालुमेलाको लिस्ताडा, जुयाँटा गा.वि.स.का तामा खानी र सिसा खानी नामका ठाउँ (वडा नं. ७), जुँगलको ज्वावन, चीरको फलाम खानी, खप्तडको त्रिवेणी आदि बझाङ्ग जिल्लामा पर्ने मुख्य सम्भावित क्षेत्र हुन् । सेतीनदी, डिलकोटेली गाण, जडारीगाण, कालङ्गा, सुनीगाण, बाउलीगाण, तारुगाण, थलारीगाण आदि यस जिल्लाका महत्त्वपूर्ण प्रमुख जलस्रोत हुन् ।

प्राकृतिक सम्पदाको धनी यस जिल्लामा पर्यटकीय स्थल रहेका भए पनि भौगोलिक विकटता, शिक्षाको कमी, यातायातको अभाव र सरकारी लापरवाहीका कारण यहाँका प्राकृतिक सम्पदा र दृश्यावलीको विकास पछि पर्न गएको छ ।

## ३.३ ऐतिहासिक परिचय

नेपालका ७५ वटै जिल्लाहरूमध्ये सुदूरपश्चिममा अवस्थित बझाङ जिल्लाको ऐतिहासिक महत्त्व प्राचीनकालदेखि नै रहिआएको भए तापनि बझाडको प्रमाणिक इतिहासका लागि अझै पर्खनु परेको छ । डोटी र सिंजा प्रदेशको इतिहास अध्ययनकै क्रममा योगी नरहरिनाथ (२०१३), राजाराम सुवेदी (२०३९), पूर्ण प्रकाश नेपाल 'यात्री' (२०३५) जस्ता व्यक्तिहरूले बझाङी बंशावली, ताम्रपत्र, शिलालेख आदिको खोज गरेको देखिए तापनि सम्पूर्णता र एकरूपता देखिँदैन ।

यस जिल्लाको इतिहास पूर्णरूपमा जानकारी नभइसकेको भए पनि यसको पुरानो नाम 'बज्राङ' थियो भन्ने कुरा राजा मेदिनी सिंहको 'खतेडा सल्लेरीमा बज्राङस्य नगरे तामागढी राज धान्याँ' भन्ने शिलालेखबाट स्पष्टिन्छ । यस ठाउँमा विभिन्न चुम्बकीय खनिजका कारण ज्यादै बज्रपात पर्थ्यो, त्यसैले बज्राङ नाम रहन गयो भन्ने जनश्रुतिमा सुन्न पाइन्छ । बझाङ जिल्लाको ऐतिहासिक महत्त्वका बारेमा नेपाल एकीकरण पूर्व बाइसी राज्यका रूपमा चिनिएको र एकीकरण हुँदा पनि प्रक्रियामा त्यसले ठूलो तगारो पारेकोबाट प्रष्टिन्छ । वि.सं. १२८६ मा सिंजा राज्यको कर्णाली नदी पारीका प्रसिद्ध १२ वटा थर्पुहरूमध्ये ३ वटा थर्पु (डुगरा अडै थर्पु, जुझी थर्पु र अडै थर्पु) तथा डोटीराज्यका थलारा र बुँगल २ क्षेत्रलाई मिलाएर सिंजा प्रदशका जैमन फत्ताले बझाङ राज्यको स्थापना गर्ने काम गरेका थिए । त्यसको १३२ वर्षपछि वि.सं. १४१८ मा फत्ताका १२ औं पुस्ताका जगति बम्मले राज्यको पूर्ण अधिकार पाई तामगढी कोटमा राजधानी बनाएर तत्कालीन राज्य वर्गीकर(ा अनुसार लघु राज्यका रूपमा बझाङ राज्यको स्थापना गरेका थिए भन्ने कुराको चर्चा, 'सेती अञ्चलको दिग्दर्शन' ('यात्री', २०३५: १४२-१४५) मा पूर्ण प्रकाश नेपाल 'यात्री' ले गरेका छन् भने विष्णुभक्त जोशीले चितौडगढका हरिवंश रानाले बझाङ राज्यको स्थापना गरेका थिए भनेका छन् (जोशी, २०५५: २) । जोशीले रानाका ७ पुस्तापछि फत्ताको छैठौ पुस्तामा मात्र जैमल फत्ताको समय देखाएका छन् (२०५५ ३) । यसरी सत्य तथ्य शोधखोजको अभावमा बझाङ राज्यको स्थापना गर्ने व्यक्ति को थिए र कुन थरका थिए ? इतिहासकारले सत्य-तथ्य खोज गरी प्रष्ट्याउनु खाँचो देखिन्छ ।

वि.सं. १५०३ मा शासक शक्ति बम्मले बझाङ राज्यको जिम्मा लिएको देखिए पनि यस राज्यको खास स्थापना गर्ने व्यक्तिका बारेमा भने मत मिल्न नसकेको देखिन्छ । शक्ति बम्मका सिङ निस्केका भएर त्यहीबाट बझाङमा सिंह थरको शुरुवात भई पछि त्यसको अपभ्रंस भइ त्यहाँका शासक सिंह भनिएका थिए भन्ने भनाइ पाइन्छ । भाइ जक्ति सिंहले पछि यही राज्यबाट थलारा छुट्टै

राज्य बनाएर राज्य गरेकाले सिंगो बझाङ राज्य पनि स-साना टुक्रामा टुक्रिएको थियो तर वि.सं. १७९० मा पृथ्वीनारायणका फौजले डोटी, अछाम, थलारा आदि जितेर नेपालमा गाभे भने बझाङलाई वार्षिक ५०१/- कर तिर्ने सर्तमा छोडे । यसबेला बझाङमा समुद्रसिंह थिए । केही पुस्तापछि राजा गजराजले राज्य समालेको र गिर्वाणयुद्धकी छोरीसँग विवाह गरी थलारासहित केही राज्य दाइजोको रूपमा प्राप्त गरे । यिनको शासनपछि भूपेन्द्रबहादुर सिंह र बिक्रम बहादुर सिंह राजा भए । बिक्रमबहादुर सिंहको तीनवटा रानी थिइन । तिनमा दुईटा जङ्गबहादुर राणाकी छोरी थिइन भने एउटा सर्वसाधारणकी छोरी थिइन् । उदार हृदय भएका राजा बिक्रम बहादुर सिंहले आफू छँदै १४ वटा छोराहरूमध्ये १० वर्षमा नाबालक जयपृथ्वीबहादुर सिंहलाई राज्यको अभिभारा सुम्पे । राणा पुत्रीका सन्तानबाट शासन होस् भन्ने मनसाय बोकेका राणाहरू सधैं राज्यमा किचलो फैलाउने गर्थे भने जयपृथ्वीबहादुर सिंह राज्यलाई अझै बलियो बनाउन चाहन्थे । उदार र कुशल हृदय एवं बुद्धिमान जयपृथ्वीबहादुर सिंहले सीमित व्यक्तिको उद्धार भन्दा विश्वमानव समाजलाई हेर्ने मनसायले राज्यको जिम्मा बुबालाई नै सुम्पेर पहिलो र दोस्रो विश्वयुद्धले मचाएका मानव विरोधी गतिविधिलाई नजिकैबाट हेर्ने इच्छा राख्दै बाहिरिए । जयपृथ्वीबहादुर सिंह निःसन्तान भएकाले त्यसपछि राज्यको जिम्मा यिनका भाइ देवीजङ्गबहादुर सिंहले पाए । बिक्रमबहादुर सिंहका १४ छोराहरूमध्ये जयपृथ्वीबहादुर सिंह बाहेक सबै राणाकी पुत्रीका सन्तान भएकाले नामसँग जङ्ग जोड्ने चलन देवीजङ्गकै पालादेखि शुरु भएको मानिन्छ । देवीजङ्गपछि रामजङ्ग राजा भए । यिनकै शासनबाट बझाङ राज्यको अन्त्यको घडी बनिसकेको थियो । बेला-बेला आफू स्वतन्त्र हुन खोज्ने बझाङ राज्यको नेपाल-सरकारबाट राज्यका राजा-रजौटा उन्मूलनको घोषणाले ठूलो मूल्य चुकाउनु पर्‍यो, जसले गर्दा राजा रामजङ्गका छोरा ॐ जङ्ग (राजकुमार) मारिए । फलस्वरूप दार्चुला जिल्लाको मार्मामा डोटीतिरबाट गएको सरकारी सैनिकको गोलीबाट २०१९ मा वीरगति प्राप्त गरे तर बझाङी राजाको सन्तान दर-सन्तानले राजाको पदवी पाउने व्यवस्था समेत नेपाल सरकारले गरिदिए, जुन २०६१/६२ सम्म पनि कायमै थियो ।

बझाङका राजाहरूले उक्त राज्यको बचावटका लागि जति बलिदान एवं योगदान दिए पनि आखिर २०१७ सालमा विशाल नेपालमा विलय हुँदा स्वतन्त्र राज्यको अस्तित्व नै खतम भयो । आफ्नो शासन कालमा शत्रुहरूको आक्रमण तथा छरिएका जनसमुदायबाट सर-सल्लाह बटुल्नका लागि बझाङी राजाहरूले विभिन्न समयमा बस्ती नजिक तर अग्ला टाकुरामा करिब ९० जति 'कोट' निर्माण गरेको कुरा आज पनि केही यथार्थ आँखाले देख्न सकिन्छ; जुन भत्किएर एउटा भग्नावशेषका रूपमा मात्र छन् । यस्ता कोटहरूको खोज तथा भग्नावशेषको उत्खनन् गर्न सके

त्यसबेलाका विभिन्न ऐतिहासिक कलाकौशलहरूका बारेमा जानकारी प्राप्त गर्नाका साथ विभिन्न ताम्रपत्र तथा शिलालेख पनि प्राप्त गरी त्यस जिल्लाको थप जानकारी गर्न सकिने देखिन्छ । बझाङी राजाहरूले आफ्नो पूरै शासनकालमा आफ्नो स्वार्थका निमित्त स्वतन्त्र राज्य बचावको काम गरे पनि उनीहरूले त्यस अवधिभर केही उल्लेखनीय कार्य, जस्तैः राजा गजराजले निर्माण गर्न लगाएको हात्तीसारको दरबार, राजा भुपेन्द्रले बनाएको भोपुरको दरबार, राजा पृथ्वीबहादुर सिंहले स्थापना गरेको सत्यवादी स्कुल, राजा रामजङ्गले बनाउन लगाएको खप्तडको धर्मशाला लगायत विभिन्न बाटाघाटा, पुलपुलेसा, पाटीपौवा, धारा तथा कुला आदि केही विकासका कामप्रति पनि हात बढाएको पाइन्छ ।

यसरी समष्टिमा हेर्दा प्राचीन कालदेखि नै सार्वभौमसत्ता सम्पन्न र शक्तिशाली राज्यका रूपमा रहेको बझाङ, उदार-हृदय, कुशल-शासक, बौद्धिक-व्यक्तित्व, शिक्षाप्रेमी, मानवतावादी भावना भएका राजा जयपृथ्वीबहादुर सिंह तथा जनताको पक्षमा लड्ने प्रजातन्त्रप्रेमी सहिद राजकुमार ॐ जङ्गबहादुर सिंह जस्ता ऐतिहासिक व्यक्तित्वको जन्मभूति हो । भौगोलिक र पुरातात्विक दृष्टिकोणले पनि ऐतिहासिक स्थानको रूपमा चिनिने बझाङको बारेमा सीमित अध्ययनले मात्र नपुग्ने भएकोले यसको विस्तृत शोधखोज गरेर तथ्य सत्य बाहिर ल्याउनु जरुरी छ ।

## ३.४ सामाजिक जनजीवन र लोकसंस्कृति

जुनसुकै भूभाग तथा देश, त्यहाँको जाति र ठाउँको सामाजिक जनजीवनको अध्ययन गर्दा त्यस ठाउँको लोकसंस्कृति पनि अध्ययन गर्नु पर्ने हुन्छ । सामाजिक जनजीवनको अवस्था र लोकसंस्कृति बीच एक घनिष्ट सम्बन्ध रहेको हुन्छ । यी दुई बीचको आपसी समायोजनका कारण त्यस ठाउँको एक छुट्टै सभ्यता निर्माण हुन्छ । त्यसले नै त्यहाँको सम्पूर्ण अवस्था तथा जातजाति, रीतिरिवाज, धर्मकर्म, रहनसहन, आर्थिक एवं शैक्षिक आदि कुराहरूको निर्धारण गर्छ ।

भारतमा मुगलहरूले आफ्नो बर्चस्व कायम गरेपछि त्यहाँका अधिकांश आर्यसंस्कृतिका मानिसहरू आफ्नो धर्म एवं संस्कृतिलाई सुरक्षित गर्न कुमाउ-गढवाल हुँदै उत्तरको भू-भागमा बस्न थालेका थिए । जुन भुभाग अहिलेको राजनैतिक जिल्ला विभाजन अनुसार बझाङ, बाजुरा, डोटी, अछाम, बैतडी, डडेल्धुरा, दार्चुला आदि जिल्लामा पर्दछन् । त्यहाँ प्राचीन पुर्खाहरूले आफूसँग अलिखित संविधानको रूपमा बोकेर ल्याएका संस्कृति तथा परम्परा प्रचलित भए । बझाङ जिल्लामा

पनि त्यो परम्परागत रूपमा चल्दै आएर त्यसले यहाँको जनजीवनलाई प्रभावित तुल्यायो । यस जिल्लामा देखिने सामाजिक जनजीवन र संस्कृतिको यहाँ सङ्क्षेपमा चर्चा गर्नु उपयुक्त देखिन्छ ।

### ३.४.१ जात-जाति

बझाङ जिल्लाका ब्रामण र क्षेत्रीहरू अक्सर गरी भारतमा मुसलमानहरूको अपमानलाई सहन गर्न नसकि आफ्नो धर्म र संस्कृतिलाई जोगाउन यहाँ आएका थिए भने केही जातिहरू पूर्वी नेपाल र हुम्ला एवं सिंजाबाट बसाइँ सर्ने क्रममा यहाँ पुगेको जानकारी पाइन्छ ।

बझाङ जिल्लामा विभिन्न जातजाति एवं सम्प्रदायका मानिसहरू बसोबास गर्दछन् । अन्य जिल्लाहरूमा झैं यस जिल्लामा पनि ठकुरी, बाहुन, क्षेत्री, नेवार, दमाई, सार्की आदि जातिका मानिसहरू बसेका छन् । बाहुनमा पनि गोत्र अनुसार फरक-फरक थर, जस्तैः जोशी, उपाध्याय, दानी (दहनी) रेग्मी, पौड्याल (पाण्डे), भट्ट (भाट), ओझा, अवस्थी, दाहाल (दाल), बजाल र ताला अदि मुख्य छन् । त्यस्तै ठकुरी र अन्य क्षेत्रीहरूका पनि विभिन्न थरहरू पाइन्छन् । सिंह, मल्ल, शाही, हितान, बम्म, पाल, हमाल आदि ठकुरी तर्फका र थापा (बुढाथोकी/बुढा), रोकाया, रावल, राउत, भण्डारी, महर, बिष्ट, जेठारा, खड्का, बोहरा, राना आदि अन्य क्षेत्री तर्फका थर हुन् । जातीय भेदभावले परम्परादेखि नै गाँजेर राखेको यस जिल्लामा दमाई, सार्की, कामी, सुनार, वादी, चदारा आदि तल्लोजातको नाममा पानी मठ-मन्दिर आदि छुन नदिने प्रथा अझै जस्ताको तस्तै छ । जनै नलगाउने जातका मानिसलाई पानी छुन दिएपनि उनीहरूलाई जनै लगाउने जात भनिनेहरूले घृणाको दृष्टिले व्यवहार गरेको पाइन्छ । जनै लगाउने अन्य सबै जातिलाई मल्जाति भनिन्छ । यी जातिका पेसाहरू पनि आ-आफ्नै प्रकारका छन्, तल्लो जाति मानिएका दमाई, सार्की, लोहार (ल्वार) आदिहरूले प्रायः मल्लो जाति मानिएकाहरूको काम गर्नुपर्ने परम्परा रहिआएको छ । त्यसवापत खेती भित्र्याउने समयमा उनीहरूले अन्न लिन्छन् । ब्राह्मण जातिहरू प्रायः कर्मकाण्डी काम गर्दछन् र अन्य जातिहरू खेतीको काम गर्छन् । ठकुरी जातका मानिसहरू आफूसँग पर्याप्त खेतीयाग्य जमिन भएर पनि खेतीको काममा सक्रिय भएका देखिँदैनन् । तिनीहरूले खेतीको काम गर्दा जमिनको सानो एक टुक्रा काम गरुन्जेलम्मका लागि दिएर तल्लो जातिलाई राखेका हुन्छन् भने बाहुनले पनि केही हदसम्म यो प्रवृत्ति अँगालेको पाइन्छ ।

यस जिल्लामा पाइने अर्को जाति 'बादी' हो । यस जातिले नाचगान गरेर जीविकोपार्जन गर्छ । त्यस्तै अर्को राउटे जाति जंगली अवस्थामा छ । त्यस राउटे जातिले जंगलै जंगल घुमेर काठका

ठेकी, कोसी आदि बनाएर जीविकोपार्जन गर्छ । तिनीहरूलाई स्थानीय भाषामा ‘भालुभूते’ वा ‘फुरुकोरुवा’ भनिन्छ ।

संक्षेपमा जेजति जात-जाति तथा वर्ग र पेशाका मानिसहरू बझाङ जिल्लामा पाइए पनि सबै आपसमा मिलेर बसेका छन् । पृथ्वीनारायण शाहले नेपाललाई चार जात छत्तीस वर्णको फूलबारी भने झैं बझाङ जिल्ला भौगोलिक विकटता, राजनीतिक सुक्ष्मता आदिका दृष्टिकोणले केही अर्कै महसुस गरिए पनि जातजाति, धर्म, संस्कृति, आदिको दृष्टिले एउटा बहुरङ्गी फूलबारी नै हो ।

### ३.४.२ संस्कार तथा रीतिरिवाज

संस्कार नराम्रा भएर पनि मानिसले आफू बसेको समाजका कैयौँ सीमित घेरामा आफूलाई राखेर जीवनका कठिनाइ पार गर्न बाध्य हुनुपर्छ । यस्ता सीमित एवं परम्परित रुढीवादी प्रथालाई नचाहेर पनि उसले त्यसका विरुद्धमा जान र त्यसलाई हटाउन निकै समय लाग्दछ ।

बझाङ जिल्लाका जनजीवनको स्वरूप हेर्दा अझैसम्म पनि पूर्वजहरूले बोकेर ल्याएको आर्य संस्कृति र संस्कारलाई यहाँको समाजले छोड्न सकेका छैनन् । यस जिल्लामा हिन्दू धर्म अनुसार आफ्नै किसिमको संस्कार पाइन्छ । जनै लगाउने क्षेत्री र ब्राह्मणहरूले षोड्स संस्कारमा जन्मकर्म, षष्टीकर्म, नामाकरण, शिक्षारम्भ, उपनयन, विवाह, मृत्युजस्ता संस्कारहरूलाई मुख्यरूपमा अँगालेको पाइन्छ । पहिले ब्राह्मण परिवारमा जन्मेको ७-१० वर्षभित्र उपनयन र विवाह गरिसक्नु पर्ने चलन थियो । यदि छोरीको विवाहपूर्व माइतीघरमा नछुने (रजस्वला) भएमा आर्जित धर्म नष्ट हुने, कन्यादानको फल नपाइने भन्ने मान्यता अझैं रहेकोले बालबिवाहको प्रचलन बढी पाइन्छ । विवाहपश्चात बिहान र बेलुका बाहेक अन्य समयमा खाना खान नपाइने, खाना खाँदा सेतो धोती लगाएर मात्र खाने चलन छ । त्यस्तै विवाहमा पनि वर र कन्याको जन्मपत्र (कुण्डली) मिलाउने, अन्तरजातीय विवाह गर्न नपाइने चलन छ । विधवा बाहुनीले पुनः कसैसँग बैवाहिक सम्बन्ध गाँसेमा त्यसबाट जन्मेको सन्तानलाई बाहुन समाजले आफ्नो जातमा स्वीकार्दैनन् । त्यस्तै कुनै लोग्ने मान्छेले वा स्वास्नीले परिवारभन्दा बाहिर कसैसँग अनुचित व्यवहार वा नाता नष्ट गरेमा पनि त्यसको जात खसेको मानिन्छ । ब्राह्मण जातिबाहेक अन्य जातिहरूमा श्रीमती पोइल गएमा वा पुनर्विवाह गरेमा जारी(धन) लिने चलन पनि एकदमै प्रचलनमा चलिरहेको छ ।

मृत्यु संस्कारमा मृतकको हिन्दू संस्कारअनुसार नदीको किनारमा दाहसंस्कार गरी छोरा भए छोरा नत्र नजिकको अंशियारबाट किरिया गरी ११ औं दिनमा ब्राह्मणलाई यथाशक्ति शैयादान गरेर घरमा लिपपोत गरी पञ्चगण्य खाएर चोखिने चलन छ । किरिया बसेको मान्छे भने १ वर्षसम्म कसैको हातको पानी नखाई सेतो लुगा लगाएर आसिकमा बस्छ । लोग्नेको मृत्यु भएमा श्रीमतीले लगाएका गहनाहरू निकालेर मासु नखाई, रातो टीका-पहिरन नलगाएर जीवनभर आसीक (आसौच) मा बस्ने चलन छ । तलजाति मानिएका र मत्त्वाला (जनै नलगाउने जात) जातिहरूमा भने यी सबै प्रकारका संस्कार पाइँदैनन् । तिनीहरूमा मृतकको किरिया मृत्यु भएका नवौं दिन बस्ने चलन छ र आसौचमा बस्ने चलन पनि पाइँदैन ।

देवी देवताप्रति औधी विश्वास राख्ने मानिसहरू भएको यस जिल्लामा प्रत्येक गाउँमा एउटा न एउटा देवी वा देवताको मूर्ति स्थापना गरी राखेका हुन्छन् । ती मूर्तिहरूलाई घर बनाएर राखेका हुन्छन्, जसलाई स्थानीय भाषामा 'माणु' भनिन्छ । यी माणुहरूको पूजा निश्चित पर्वअनुसार गरिन्छ । पूजामा सबै मान्छेहरू समर्पित भएर बस्छन् । पूजा गर्न प्रत्येक माणुमा एकजना ब्राह्मलाई पुजारीको रूपमा राखेका हुन्छन् । चलन अनुसार त्यो मूर्तिलाई कसैले छुन नमिल्ने भएकाले पुजारीद्वारा नै त्यसको सरसफाई र पूजा गरिन्छ । पुजारीले पूजाको व्यवस्था मिलाउने काम गर्छन् । धामीहरू हातमा चाँदीका बाला, कानमा सुनका मुन्द्रा, टाउकोमा सेतो फेटा र ठूलो लगो (टुपी) पालेर समाजमा अलग्गै चिनिने हुन्छन् । समाजले धामीलाई देवताको प्रतिमूर्ति मानेर आफूलाई समस्या परेको समयमा उसलाई बोलाएर सोध्ने गर्छन् । धामीले चलेर (काँपेर) भनेको कुरा गर्न प्रण गर्छन् । यस्ता माणुहरू जिल्लामा निकै मात्रामा पाइन्छन्, खापर माणु, मालिङमाणु डाँडाबागमाणु, मष्टामाणु, खापनपाणु, बान्नीमस्टो, वारदेउ माणु, खागलमाणु, कालसैन माणु आदि प्रमुख देवताका रूपमा मानिन्छन् । देवीहरूमा सूर्यादेवी, छान्नागढीदेवी, जालपादेवी, खप्तडमाईदेवी, ऋषिकुण्डमाइदेवी, गौरादेवी, कालीदेवी आदि मुख्य रूपमा चिनिन्छन् । यी देवीको भने धामी हुँदैन ।

बझाङ जिल्लामा विभिन्न किसिमका चाडपर्वहरू मनाइन्छन्, विषु तिहार (वैशाख १ गते) गङ्गा दशहरा, गावे सङ्क्रान्ति (भदौ १ गते) घाँसे सङ्क्रान्ति (असोज १ गते), दशैं, तिहार, भूवो औंसी, माघे सङ्क्रान्ति, खाइबस्नु (शिवरात्री), गौरापर्व, तीजपर्व आदि हुन् । यी चाडहरूमा घरमा शक्तिअनुसारको खानपिन गरी राती सबै एक ठाउँमा जम्मा भएर रमाइलो गर्दछन् । भुवो खेल्दा भने गाउँका सबै लोग्ने मान्छेहरू मिलेर हातमा ढाल-तरबार लिई गाउँ-गाउँ घुमेर फाग गाउँदै खेल्छन् । यसलाई स्थानीय भाषामा 'भस्सो' भनिन्छ । धार्मिक मान्यता अनुसार सत्यनारायणको पूजा, रुद्री पूजा, सप्ताहा, नवाह, शतचण्डी आदि शुभकर्म गर्ने चलन पनि यस जिल्लामा रहेको छ ।

यसरी परम्परित आर्यसंस्कृतिलाई जीवन्तता दिनुका साथै केही समाजबाट तयार भएका संस्कारहरूले घेरिएको बझाङ जिल्लामा आफ्नैपन पाइन्छ । यसले समाजलाई केही राम्रो मार्ग निर्देशन गरेको छ भने केहीले मानवीय स्वतन्त्रता र आधुनिक युगमा चल्न अवरोध खडा गरेको छ । यस्ता परम्परित र बाधाजनक अन्धविश्वासहरू आधुनिक शिक्षाको बढ्दो प्रचारले गर्दा केही कम देखिए पनि पूरै उन्मूलन हुन भने निकै समय लाग्ने देखिन्छ ।

### ३.४.३ सामाजिक बनोट

जुनसुकै जातजातिका मानिस भए पनि मिल्दो संस्कार र रीतिरिवाजअनुसार आपसमा मित्रता देखाएर नजिक-नजिकसँगै समूह-गाउँटोलमा बस्नु बझाङी समाजको आफ्नो परम्परा नै हो । केही मात्रामा एउटै घरका र जातका मानिसहरूको छुट्टाछुट्टै गाउँ वा बस्ती पाइए पनि विशेष गरी अन्य सबै प्रत्येक गाउँमा थरि-थरिका मिश्रित जातजातिको बसोबास पाइन्छ । एउटा गाउँमा करिब ३०-४० देखि १००-२०० परिवारसम्म बसेका हुन्छन् । प्रत्येक गाउँको छुट्टै धारो-नाउलो (कुवा), वनजंगल, देवताको माणु आदि हुन्छ । एक गाउँदेखि अर्को गाउँको सिमाना कुनै भौगोलिक बनावटले निर्धारण गरेको हुन्छ । सीमित वन जंगल र खेतीयोग्य जमिन भएका ठाउँमा एकदेखि अर्को गाउँको दुरी टाढा पाइन्छ भने प्रयाप्त भएका ठाउँमा नजिक नै हुन्छ । प्रत्येक गाउँमा एक जना मुखिया हुन्छ । जगगा नाप-जाँच हुनुभन्दा अगाडि गाउँकोजग्गाको पुरै स्वामितव तिनकै हातमा हुने हुनाले तिनी समाजमा प्रतिष्ठित मान्छे मानिन्छन् । गाउँमा आइपरेका समस्याको विरुद्धमा जान गाउँलेहरू तिनकै नेतृत्वमा लाग्छन् । समाजको नेतृत्व गर्ने अवसर पाएकोले तिनले समाजबाट व्यक्तिगत स्वार्थ पनि पर्याप्त लिएको हुन्छ । गाउँमा बस्ने मानिसहरूले मर्दाको मलामी र बर्दाको जन्ती भन्ने उक्तिलाई हृदयङ्गम गरी एकको समस्यामा अर्कोले सक्दो सहयोग गरेका हुन्छन् । विवाह, पूजा-आजाजस्ता कार्यलाई सामूहिक रूपमा लिएर काम गरेका हुन्छन् । त्यस्तै खेती लगाउने बेला, भित्र्याउने बेला, कसैको घर निर्माण गर्नु परेका बेला अर्काको सहयोग गरेर श्रमको विनिमय गर्छन् । समष्टिमा भन्दा सामाजिक, कामप्रति चाासो, एक-अर्काको काममा मद्दत र एकअर्काको विश्वास सामाजिक, जनजीवनका विशेषता नै हुन् ।

गाउँमा बनाइएका घरहरु ढुङ्गा, माटो र काठले बनेका हुन्छन् । ढुङ्गा र माटोले चिनेका प्राय: २-३ तले घरहरू पाइन्छन् । घरको छानो स्लेट वा खरले छाएका हुन्छ । घरको सबभनदा तलको तलामा गाई, गोरु आदि बाँध्ने चलन छ । माथिका तलामा खाद्यान्न राख्ने, खाना खाने र सुत्ने काममा प्रयोग गरिन्छन् । घरको अगाडिको आगनलाई खाल भनिन्छ, जहाँ गाई-गोरुको मलमुत्र जम्मा गरी राख्ने हुनाले फोहोर देखिन्छ । नछुने भएकी वा सुत्केरी भएकी आइमाइले केही छुन पनि नमिल्ने र देवीदेवताका मान्छे वा पशु भएको घरमा बस्न पनि नमिल्ने भएकाले धेरै जस्तो ठाउँमा घरबाट छुट्टै सानो घर बनाएको हुन्छ; त्यसलाई स्थानीय भाषामा छाउकुणो भनिन्छ र ती नछुने भएकी महिलालाई त्यही राखिन्छ ।

यसरी आ-आफ्नो छुट्टै गाउँमा बसोबास गरी बस्ने भए पनि आपसमा मिलेर बसेका यहाँको सामाजिक बनोट परम्परित र अविकसित नै देखिए पनि ग्रामीण समाज सुहाउँदो छ ।

### ३.४.४ आर्थिक अवस्था

नेपालका अधिकांश जिल्लाहरूमा झैं बझाङ जिल्ला पनि कृषि पेशामा नै निर्भर छ । सदरमुकाम चैनपुर बाहेकका सम्पूर्ण बझाङ्गी बासीहरूको आर्थिक स्रोत कृषि व्यवसाय नै रहेको छ । त्यसैले अधिकांश बझाङ्गी जनजीवन यही कृषि व्यवसायबाट आएको आम्दनीले आफ्ना दैनिक समस्या साटिरहेका छन् ।

बझाङ जिल्ला आफै पनि एक विकट पहाडी भू-बनोटद्धारा निर्मित भएकोले यहाँका अधिकांश ठाउँ ढुङयान र वनजंगल तथा डाँडाकाडाले ढाकेका छन् । खेती योग्य  जमिन साथै सिंचाइको कमी र परम्परित कृषि प्रचलन आदिका कारण यहाँका मानिसहरूलाई जीविकोपार्जन गर्न धौ धौ परिरहेको छ। त्यसैमा पनि खेतीयोग्य जमिन हातपाउ नचलाउने सिमीत व्यक्ति तथा वर्गको स्वामित्वमा रहेकोले सर्वसाधारण्म ग्रामीण जनसमुदायको आर्थिक अवस्था जर्जराउँदो देखिन्छ । तिनीहरूले विहान बेलुकाको हातमुख जोर्न हुने खानेहरूको बन्दकी बस्नु पर्ने हुन्छ । बैकल्पिक रोजगारको कुनै व्यवस्था नभएको र खेतीबाट जीविकोपार्जन गर्न धौ-धौ परेकाले यहाँका अधिकाश मानिसहरू भारतको विभिन्न भू-भागमा गएर चौकिदार र कुल्ली काम गरी पेट पाल्ने गर्छन । घरमा भर्खर विवाहित श्रीमती किन नहोस् बुढा असक्त तथा बिरामी आमा बुबा किन नहुन धैरै व्यक्तिहरूले नचाहेर पनि बाध्य भएर मातृभूमिको माया मारेर विदेशिनु पर्ने हुन्छ । यही प्रसङ्गमा एउटा बैसले भरिपूर्ण भएकी तर लोग्ने बिदेशीएका नारीको विलौना मार्मिक तरिकाले एकान्त ठाउँमा लामो लयमा वनलाई नै एक मादक बनाएर बाह्रमासे गीतका माध्यकबाट यसरी प्रकट हुन्छः

मेरा दैवु घर आइ झाउ, जंगल पसूली ।  
बनफलु खाई पेट पालुली, ओढार बसुली ॥

यसरी गरिबी  परिवेशका कारण कैयौँ व्यक्तिहरूले घरवार त्यागेर प्रदेशको पिडा खेप्नु पर्ने हुन्छ , भने कैयौँ  युवाहरू विद्यालयमा शिक्षा आर्जन गर्ने समयमा भाात गएर सिटी र डण्डाको सहारामा चौकिदारी शिक्षाको आर्जन गरी जीविकोपार्जन तिर उन्मुख हुन बाध्य छन् ।

समष्टिमा भन्दा आर्थिक दृष्टिककोणले निकै पछाडि परेको बझाङ जिल्लाको आर्थिक जन-जीवन अस्तव्यस्त छ , यहाँका मानिसहरूको जीविकाको मुख्य श्रोत या त कृषि या त भारतको चौकिदारी रहेको छ ।

### ३.४.५ शैक्षिक अवस्था

बझाङ जिल्ला जति भौगोलिक दृष्टिकोणले विकट छ त्यत्ति त्यो सामाजिक र आर्थिकसँगै शैक्षिक दृष्टिले पनि पिछडिएको छ। सरकारी स्तरबाट विद्यालयको व्यवस्था नभएकै अवस्थामा गुरुकुल परम्पराबाट शिक्षा आर्जन गर्ने चलन भए पनि त्यो शिक्षा केवल निश्चित जातिका लागि मात्र थियो । ब्राह्मण बाहेक अन्य जातिले संस्कृत शिक्षा पढ्न नपाउने भन्ने रुढिवादी चलनले गुरुकुलको शिक्षा सबैलाई खुला थिएन् । त्यसकारण आजको करीव ५०/६० वर्ष अघि सामान्य लेखपढ गर्न जान्ने मान्छे औलामा गणना गर्न सकिने अवस्था थियो । अहिले सरकारबाट सबैका लागि शिक्षा भन्ने नीति लिएर शिक्षालयको व्यवस्था भएपछि पनि शिक्षामा त्यति विकास भएको छैन । माध्यमिक सम्मको शिक्षा आर्जनका लागि अहिले सबैलाई सर्व-सुलभ भए पनि उच्चशिक्षको लागि एउटा पनि सरकारीस्तरबाट सञ्चालित शिक्षालय नभएकाले धेरैजसो युवाहरूले माध्यमिक शिक्षापछि उच्च शिक्षाबाट बञ्चित हुनु परेको छ ।

जिल्लामा अहिले ४५ वटा मा. वि., लगभग ३५० वटा जति नि. मा. वि. र प्रा. वि. विद्यालय रहेका छन् । उच्च शिक्षाको लागि निजि स्तरबाट सञ्चालित दुईवटा स्नातक क्याम्पस ( क्रमशः मानविकी र शिक्षाशास्त्र) र ८ वटा उच्च माध्यमिक विद्यालयहरू भए पनि आर्थिक पछौटेपन, अशिक्षित अभिभावक र रुढिवुढि संस्कारले धेरै जसो बालबालिकाहरू साधारण लेखपढको शिक्षाबाट पनि बञ्चितै छन् । जिल्लामा सरकारीस्तरको एउटा पनि उच्च शिक्षालय नभएको र निजि विद्यालय तथा जिल्ला बाहिर पढ्न आर्थिक समस्याले नभ्याउने हुनाले धेरै जस्तो शिकारु यूवाहरूले माध्यमिक शिक्षापछि पढ्ने एच्छा हुँदा हुँदै पनि बञ्चित हुनु परेको छ भने कति युवाहरूले पढ्ने समयमा भारत गई कुल्ली र चौकिदारी गरेर जिविकोपार्जन गर्नु परेको छ ।

समष्टिमा भन्दा आर्थिक पछौटेपन, सर्वसुलभ शिक्षालयको कमी, अशिक्षित अभिभावक, व्यावसायमूलक शिक्षाको कमी आदि विभिन्न कारणले गर्दा शिक्षामा त्यति विकास भएको छैन ।

## ३.५ भाषा-भाषिका

नेपाली भाषाको उद्‌मस्थल सिंजा प्रदेशको नजिकै रहेको बझाङ जिल्लाका मानिसहरूको मातृभाषा नेपाली भाषा नै हो । नेपाली भाषाको प्रादुर्भावपछि दिन प्रतिदिन परिष्कृत र परिमार्जित हुँदै भाषाले ठोस रूप लिएपछि त्यसैलाई मानक नेपाली भाषाको रूपमा स्वीकार गरियो । यसरी परिष्कृत परिमार्जित र विकसित हुँदै जादाँ नेपालको अधिकाशं पश्चिमी मानवीय बस्तीहरूमा त्यही भाषाका अपरिष्कृत र केही अपभ्रंसित शब्दहरूका साथै केही अलग रूपमा शब्दहरू पनि प्रचलनमा आइ वर्तमानमा ती नेपाली भाषाको भाषिकाका रूपमा देखिए । मूल नेपाली भाषामा यसरी भाषिकाहरू देखिएपछि विभिन्न भाषाविद्‌हरूले भाषिकाको अध्ययन गरेर प्रयोग गरिने क्षेत्रका आधारमा वर्गीकरण गर्ने क्रममा भाषाविद् बालकृष्ण पोखरेलले बझाङ, वाजुरा र अछाममा बोलिने भाषालाई नेपाली भाषाको 'ओरपच्छिमा' भाषिकामा राखेको छ (पोखरेल, २०५०:६२) । बझाङमा नेपाली भाषाको 'ओरपच्छिमा' भाषिका बोलिन्छ । यो भाषिका पृथ्वीनारायण शाहको 'दिव्योपदेश' (१८३१) मा वर्णित भाषासँग निकै मिल्दोजुल्दो देखिन्छ । धेरैजसो शब्दहरू नेपाली मानक भाषासँग मिल्ने यस भाषिकाको केही आफ्नै निजी शब्दहरू पनि रहेका छन् । यस जिल्लाको प्रायः सबै भू-भागमा यही भाषाको प्रयागे भए पनि परपच्छिमा र मझपच्छिमा (बैतडी, ढनर्चुला, डोटीमा बोलिने) भाषिकाले पनि यस जिल्लाको चिर र बुगल क्षेत्रलाई प्रभाव पारेको छ भने यस जिल्लाको उत्तरी भेगमा पर्ने काँणा गा. वि. स. लाई चीनको स्वशासित क्षेत्र तिब्बतमा बोलिने भोटे भाषाले प्रभाव पारेको छ ।

समष्टिमा भन्दा बझाङका ४७ मा.वि.स. हरूमध्ये चिर र बुगलका १० वटा गा. वि. स. मा बैतडेली भाषिका, उत्तरको काँडा गा. वि. स. मा भोटे भाषा र बाँकी ३६ गा. वि. स. मा मझपच्छिमा (बझाङ्गी भाषिका) भाषिकाको प्रयोग गरिन्छ । काँडा गा. वि. स. मा बोलिने भाषा सबैलाई बोधगम्य नभए पनि अन्य ४६ गा. वि. स. मा बोलिने भाषामा खासै अन्तर पाइदैन बोधगम्य नै छन् ।

यस जिल्लामा बोलिने भाषिकाका केही आफ्नै स्थानीय शब्दहरू प्रयोगमा आएका पाइन्छन् । जस्तै :

**क्रियातर्फ**

| | |
|---|---|
| बझाङ्गी शब्द | मानक नेपाली शब्द |
| आन | ल्याऊ |
| झाऊ | जाऊ |
| खानैन | खाँदैन |
| अर्द्धैन | गर्दैन |
| भन्नैन | भन्दैन |
| अर | गर |
| हिँट | हिँड |
| लोट्नु | लड्नु |
| खड्ड्याउनु | गाड्नु |
| तोड्नु | छोप्नु |
| धेक्नु | देख्नु |
| मुसार्नु | छाम्नु |
| अल्लिनु | उभिनु, आदि । |

**नाता-कुटुम्ब सम्बन्धि शब्दहरू**

| | |
|---|---|
| चेलो/लाटी | छोरी |
| चेली/लाटो | छोरा |
| नानी | काकी |
| पुइजु | फूफू |
| पुसाजु | फुपाजु |
| भाजी | बहिनी |
| भाजा | भाइ |
| सौरा | ससुरा |
| जिउ | सासु |
| इजा/ज्या | आमा |
| ज्या/बजी | बज्यै/हजुर आमा |
| बउजु | भाउजु, आदि |

**भान्छामा प्र्योग गरिने सामान तथा अन्य शब्दहरू**

| | |
|---|---|
| रह्स्यो / अगेठ्ठो | भान्छा/चुलो |
| डिब्या | ताउली |
| बट्क्या | कचौरा |
| घणो | गाग्री |
| कहणी | लोटा |
| सुप्पो | नाङ्गो |
| मोट्टो | माँन्द्रो |
| तिउन | दाल |
| साग | तरकारी/साग |
| नाता | लुगा |
| छाँइ | मही |
| खाली | पोखरी/तलाउ/रित्तो |
| नाउलो | कुवा |
| मुन्टो | टाउको |
| लादो | पेट |
| हण | शरीर/जीउ |
| बड्डो | बुढो |
| बड्डी | बूढी |
| छ्यानु | गोठ |
| पाखो | छाना |
| चाख | घरको सबभन्दा तल्लो तला इत्यादि । |

यसरी हेर्दा बझाङ जिल्लामा केही आफ्नै स्थानीय शब्दहरूको प्रयोग देखिए पनि यहाँ नेपाली भाषाकै क्षेत्रीय भेदानुरूपका शब्दहरू पाइन्छन् । यहाँ केही शब्दहरू आगन्तुक स्रोतका पनि छन् ।

## ३.६ निष्कर्ष

नेपालको सुदूरपश्चिम अन्तर्गत पर्ने सेती अञ्चलमा अवस्थित बझाङ जिल्ला विकासका क्षेत्रमा पछि परेको भए पनि प्राकृतिक र ऐतिहासिक सम्पन्नताले गर्दा साहित्य तथा लोक साहित्यका

अध्ययनकर्ताहरूका लागि निकै महत्त्वपूर्ण ठाउँका रूपमा रहेको छ । भौगोलिक बनोटका हिसावमा बझाङ जिल्लालाई हिमाली प्रदेश, लेकाली प्रदेश, पहाडी प्रदेश र नदीले बनाएका बेँसीहरू गरी मूख्य चार भागमा बाँड्न सकिन्छ । बझाङको भू-बनोटमा रहेको विविधता सँगै यहाँको लामो राजनैतिक र सामजिक पृष्टभूमिले यस जिल्लाको महत्त्व अझै बढाएको छ। विभिन्न जातजाति, रीतिरिवाज, धर्म, संस्कृति र भाषा-भाषिका समूदायबाट निर्मित यहाँको समाज आर्थिक र शैक्षिक दृष्टिकोणबाट केही पिछडिएका भए पनि आफ्ना विविध मौलिक पहिचानले यहाँको आफ्नोपनलाई सुरक्षित गरेको छ ।

## अध्याय चार

# बझाङ्गी लोकगीतको परिप्रेक्ष्यमा बाह्रमासे गीत

## ४.१ परिचय

नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देशका रूपमा सजिइएको साझा फूलवारी हो । आफ्नै प्रकारका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, भेषभूषा, चालचलन, रीतिरिवाज आदिका विश्वासमा यो जीवित छ । अलिखित रूपमै भए पनि यी यावत मौलिक पहिचानलाई लोकसाहित्यका विभिन्न ढुकढुकीले सुरक्षित गरिराखेको हामी पाउन सक्छौं । त्यसमा पनि लोकगीतको स्थान सर्वोपरि देखिन्छ । लोक जीवनका यावत क्षण विवाह, देवी-देवताको पूजा, प्रेम-प्रणयको विषय, बहादुरीका प्रसङ्ग विभिन्न जातजाति विशेषका इतिहास तथा लोकजीवनका प्रत्येक आँसु-हाँसो वनवंगल, भीरपाखा, खोलानाला, लेकबेसी, भन्ज्याङ चौतारी तथा हिमाल, पहाड, तराई जहाँतही र जस्तोसुकै अवसरमा पनि मधुर कष्ठबाट सदा टप्किरन्छन्; गुञ्जिरहन्छन् । नेपालको जुनसुकै रहनसहन तथा जातजातिको मानिस भए पनि लोकगीतको सरलता र तरलताले भिजेर मधुर स्वरमा त्यसलाई गुन्गुनाउन थालि हाल्नु लोकगीतको लोक गीतप्रतिको आकर्षण एर्व गहिरो सम्बन्ध नै हो भन्नुपर्छ ।

नेपालका अन्य ठाउँहरूमा झैं सुदूरपश्चिममा पर्ने बझाङ जिल्लाले पनि भौगोलिक, सामाजिक, सांस्कृतिक सबै दृष्टिकोणले आफ्नोपन बचाएर राखेको पाइन्छ । लोकसाहित्यका विभिन्न विधाले झाँगिएको यस जिल्लामा लोकगीतको स्थान उच्च छ । पुस्तौं पुस्तादेखि प्रचलित हुँदै आएका यी लोकगीतहरू बालकका तोतेबोलीबाट बीजाधान भएर युवावस्थामा पल्लवित हुँदै वन-जंगल, खोलानाला, धर्म-कर्मस्थान र खेतबारीमा घन्किएका पाइन्छन् । यहाँ प्रचलित लोकगीतले सबै प्रकारका मानवीय अनुभूतिहरूलाई बाहिर प्रकट गर्नुका साथै समाजको ऐतिहासिक, सांस्कृतिक, आर्थिक, धार्मिकपरम्परा र भौगोलिक परिवेशलाई अङ्कन गरेको हुन्छ । पुस्तौंपुस्तादेखि मानिएका चालचलन, रीतिरिवाज, भेष-भूषालाई जीवन्तता दिनुका साथै देवीदेवताप्रति सद्भाव र समर्पण देखाउन, खेतबारीमा काम गर्ने हौसला बढाउन साथै बालबालिकालाई सामाजिक व्यवहारमा उतार्न पनि लोकगीतले गुरुको काम गरेको हुन्छ । त्यस्तै गरिबीका परिवेशले छुट्टिन पुगेको पतिपत्नीको प्रणय-वेदना, समाजले छुट्टिन बाध्य तुल्याइएका प्रेमी-प्रमिकाको रोदन, छोराछोरीलाई जन्माउँदा आमाको अन्तरहृदयको बिलौना, दैविक आपत्तिको शोक-हर्षको उमङ्ग, प्राकृतिक मनोरम दृश्यावली

लगायत मानवीय जीवनमा आइपर्ने तीतामीठा सम्पूर्ण पक्षको यथार्थ चित्रण यिनै लोकगीतमा पाइन्छ ।


कुनै मेला होस् वा पर्व, असारको रोपाइँ होस् वा मंसिरको खेत जोताइँ, विवाह ब्रतबन्ध होस् वा देवीदेवताको पूजा, एकान्त जंगल होस् वा सामूहिक भेला जहाँ भए पनि एकल वा सामूहिक रूपमा प्रसङ्ग र परिवेश सुहाउँदा लोकगीतहरू वातावरणलाई नै मादक बनाएर लोककविका मधुर कण्ठबाट एक स्वरमा घन्किरहेका हुन्छन् । यस जिल्लामा प्रचलित लोकगीतहरूमा प्राचीन नेपाली भाषाका अवशेषहरू पाइन्छन् । देवीदेवताको इतिहास, जातीय संस्कार एवं संस्कृति, सामाजिक नीति-नियम, पुर्खाको वीरता र बलिदान, राष्ट्रप्रतिको प्रेम र बफादारी यिनै लोकगीतमा जीवित रहेको पाइन्छ । यस्ता विविध विषयहरूलाई समेटेर गाइने यस जिल्लाका लोकगीतहरू मध्ये कुनै गीत बाह्रै महिना गाइने, कुनै संस्कार विशेषमा मात्र गाइने र कुनै काम गर्दा हौसला बढाउन र थकाइ मेटाउन गाइने गरिन्छन् । त्यस्तै कुनै गीत एकल रूपमा जहाँ गए पनि परिवेशअनुसार गाइने हुन्छन् भने कुनै सामूहिक रूपमा गाइने गीत हुन्छन् । कुनै बालकले मात्र गाइने गीत हुन्छन् भने कुनै स्त्री वा पुरुषले मात्र गाइने गीत हुन्छन् । यी विभिन्न प्रकारका गीतहरूमध्ये कुनै परम्परित छन भने कुनै गीत परिवेश र परिस्थितिअनुसार लोककविहरूका मष्तिष्कबाट उसैबेला सिर्जित हुने हुन्छन् । मुख्य गरेर परम्परित गीतहरूमा संस्कार गीत पर्दछन् भने उसैबेला सिर्जित हुने वा परिस्थितिजन्यमा डेउडा, बाह्रमासे वा बाह्रमासा तथा झ्याउरे वा घाँसे लगायतका गीत प्रमुख हुन् । यहाँका लोकगीतहरू गाउँदा प्रायः वाद्यवादनको आवश्यकता नपरे पनि कुनै श्रव्य-दृश्यमा र कुनै श्रव्यमा मात्र गाइने गीत पनि बझाङमा प्रचलित छन् । विशेषतः यहाँका लोकगीतको अध्ययनका अभावमा यिनीहरूको सैद्धान्तिक र व्यावहारिक पक्षलाई ननियालिनुले पनि दोसाँधमा छन् । स्थानीय स्तरमा 'डेउणा' भनिने डेउडा गीतलाई यहाँ 'खेल' का नामले चिन्ने-चिनाइने गर्दा देउडाको खेलसँगको सम्बन्धले केही अर्कै अर्थ लाग्छ । त्यस्तै अन्य गीत, जस्तैः जेठे, असारे, फागु तथा पर्व, ऋतु आदि गीतलाई  एकल तथा सामूहिक सबैलाई डेउडा गीतको रूपमा नै व्यक्त गरिर्न तर त्यो गाउँदा विभिन्न अलग-अलग तौरतरिका तथा सुर ताल र लय ढाँचामा गाइने वा खेलिने गर्दा त्यसको स्पष्ट पहिचान गरी कुन लोकगीत लोकगीतका कुन विधा-उपविधाअन्तर्गत पर्छ त्यसको सैद्धान्तिक पुष्टि गरी सही परिचय दिनु यहाँ आवश्यक देखिन्छ ।

## ४.२ बझाङ्गी लोकगीतको वर्गीकरण

बझाङ्ग जिल्ला लोकगीतको क्षेत्रमा निकै फराकिलो फाँट भएकोले यहाँ विभिन्न प्रकारका लोकगीतहरू पाइन्छन् र गाइन्छन् । पुर्खाहरूले वीरता र बलिदानी पूर्णत्याग, समाजले अवलम्बन गर्दै आएका संस्कार रीतिरिवाज, चालचलन, भेषभूषा, आर्थिक-शैक्षिक अवस्था, धार्मिक विश्वास, राष्ट्रप्रेम, आध्यात्मिक भावना जस्ता ऐतिासिक, सामाजिक र सांस्कृतिक पक्षलाई समेटेर गाइने विभिन्न प्रकारका लोकगीतहरू भएको यस जिल्लामा तिनीहरूको संरचना, गाइने तरिका आदि कुराहरू एकै प्रकारका छैनन् । यी गीतहरूमा कुनै स्त्रीप्रधान त कुनै पुरुषप्रधान छन । कुनै गीतहरू परम्परादेखि उस्तै रूपमा गाइँदै आएका छन् भने कुनै गीतहरू परिवेशअनुसार सिर्जित छन् । कुनै गीतहरू समाजको बीचमा सामूहिक रूपमा मात्र गाइने खालका छन् भने कुनै गीतहरू निर्जन स्थानमा एक्लैले गुन्गुनाएर मनको बह मेटाउन सकिने खालका पनि छन् ।  कुनै गीतहरु अन्तिम अनुप्रासयुक्त त कुनै अनुप्रासहीन पनि छन् । कुनै गीतले श्रोताको हृदय पगालेर आँसु खसाल्दछन् भने कुनै गीतहरूले उमङ्गको हाँसो निकाल्दछन । कुनै गीतहरु निश्चित समयमा मात्र गाइने किसिमका छन् भने कुनै गीतहरु बाह्रै महिना गाइने किसिमका छन् । त्यस्तै कुनै गीतहरू सूक्ष्म आख्यानयुक्त केही लामा छन् भने कुनै गीतहरू खेलिँदै गाइने खालका छन् त केही गीतहरू गायनमा मात्र सीमित छन् ।

यस्ता विविध संरचना, भाव, लय र गायन भएका लोकगीतहरूको वर्गीकरण गर्दा कुनै एउटै मात्र पक्षलाई हेरेर तिनीहरूको वर्गीकरण गर्न सकिँदैन । अतः संरचना, भाव, लय, गायन आदि सम्पूर्ण पक्षलाई समेटेर ती लोकगीतहरूको वर्गीकरण गर्नु उपयुक्त देखिन्छ ।

बझाङ जिल्लामा प्रचलित विभिन्न प्रकारका लोकगीतहरूको वर्गीकरण गर्दा ती गीतहरूको प्रयोग पक्षलाई आधार मान्न सकिन्छ । यस दृष्टिले हेर्दा बझाङ्गी लोकगीतहरू परम्परागत, धार्मिक, सांस्कृतिक आदि प्रयोजनसँग सम्बन्धित देखिन्छन् र कुनै खास परिस्थितिमा प्रयुक्त गीतहरू पनि पाइन्छन् । यस आधारमा बझाङ्गी लोकगीतलाई विभिन्न वर्गमा वर्गीकरण गर्न सकिन्छ । तिनलाई तल वृक्षारेख देखाइएको छ :




## ४.२.१ परम्परित गीत

परम्परादेखि नै कुनै परिमार्जन र परिष्कार नभएर एक पुस्तादेखि अर्को पुस्तासम्म मुखैमुख जीवित रहँदै आएका लोकगीत नै परम्परित गीत हुन् । यी गीतहरूको संरचना र लय परम्परागत रूपमा जस्तो थियो आज पनि उस्तै किसिमको रहेको छ । प्राचीन समयदेखि गाइँदै अएका यी गीतहरूमा प्राचीन नेपाली भाषाका केही प्रवृत्तिहरू पनि भेटिन्छन् । मौखिक रूपमा सर्दै आएका यी गीतहरू सबैको मस्तिष्कमा नअटाउने हुनाले समाजका केही निश्चित व्यक्तिहरूले मात्र गाउन सक्छन् र अन्य व्यक्तिहरू तिनका स्वरमा स्वर मिलाइ दिने काम गर्छन् । यी गीतहरू जहाँ र जहिले पनि गाइने नभएर धर्मकर्म र पर्वमा मात्र गाइन्छन् । कुनै वीर योद्धा वा देवीदेवताको सूक्ष्म आख्यान समावेश भएका यी गीतहरूमा परम्परादेखि चलिआएका विभिन्न संस्कारहरूको विधिविधन पनि समाविष्ट भएका छन् । आजका उच्छृङ्खल खालका गीतहरू भन्दा निकै स्तरीय र धेरै टाढा रहेका यी गीतहरूले समाजमा ठूलो स्थान लिनुका साथै सामाजिक विधिव्यावहारमा पनि धेरै मद्दत पुऱ्याएका हुन्छन् । यी गीतहरू सामूहिक रूपमा गाइने भएकाले यसबाट एकातिर सामाजिक भावनाको विकास भएको छ भने अर्कोतर्फ हिन्दू आध्यात्मिक देवीदेवताको परिचय र कुनै ऐतिहासिक कुरालाई मौखिक रूपमा जीवित राखी सर्वसाधारण र अपठित व्यक्तिलाई समेत तिनीहरूको बारेमा ज्ञान प्रदान गरिएको हुन्छ ।

बझाङ जिल्लामा गाइने यस्ता परम्परित गीतहरूमा मांगल गीत र भुवो गीत प्रमुख छन् ।

### (क) माँगल गीत

बझाङ जिल्लामा गाइने परम्परित गीतहरूमा माँगल गीत निकै प्रचलित छन् । परम्परादेखि एक मुखबाट अर्को मुखमा सर्दै आएकाले यी गीतहरूलाई परम्परित गीत अन्तर्गत राखिएको हो । हिन्दू धर्मअनुसार कुनै पनि शुभकार्यको प्रारम्भमा मंगलाचरण भए झैं बझाङ जिल्लामा पनि कुनै शुभ कार्यको प्रारम्भ माँगल गीतहरूका साथ गरिन्छ । बालकको षष्ठीकर्म होस् वा विवाह, देवीदेवताको पूजा होस् वा कुनै यज्ञ यज्ञादि जे कार्यमा पनि यी गीतहरू गाइन्छन् । यी गीतहरू प्रत्येक देवी-देवताका निम्ति र प्रत्येक संस्कारका निम्ति अलग-अलग हुन्छन् । गणेश पुज्दाको, दुर्गादेवी पुज्दाको, विवाह संस्कारको, उपनयन संस्कारको आदि पूजा एवं संस्कारै पिच्छे फरक-फरक गीतहरू छन् । यी गीतहरूले प्रत्येक देवी-देवता र संस्कारको इतिहासलाई प्रष्ट्याउँदै अलिखित रूपमा जनसमक्ष पुऱ्याइदिएका हुन्छन् ।

बझाङ जिल्लामा गाइने यी माँगल गीतहरू केवल आइमाई मात्रले गाउँछन् । सबैले मौखिक रूपमा कण्ठस्थ गर्न नसक्ने हुनाले गाउँका एक दुई आइमाईले मात्र माँगल गीत गाउने गरेको पाइन्छ । एक्लैले गाउँदा स्वरमा त्यति मिठास नआउने हुँदा अन्य दुईचार स्वर मिल्नेहरूले समावेस भएर यी गीतहरू गाउँछन् । यी माँगल गाउन जान्ने आइमाईहरूलाई स्थानीय भाषामा 'मुङ्ल्यारी' भनिन्छ । कुनै व्यक्तिगत होस् वा सामूहिक होस शुभकार्यमा ती मुङ्ल्यारीहरूलाई अनिवार्य रूपमा बोलाइन्छन् । यसरी बोलाउनुलाई स्थानीय भाषामा 'निम्तो गर्नु' भनिन्छ । यी गीतहरूको लय एकदमै लामो र करुण भावको हुने हुँदा त्यसले वातावरणलाई भावुक बनाइदिन्छ । यी गीतहरूको रहस्य नबुझेको मान्छे पनि लयले चाँडै आकर्षित हुन्छ । देवी-देवताको इतिहास र संस्कारविधि समेटेका यी गीतहरूमा सूक्ष्म रूपमा आख्यान पनि मिसिएको हुन्छ, जुन आख्यान केही मात्रामा पौराणिक पुस्तकमा उल्लिखित भएको जस्तो पाइन्छ । यी गीतहरूमा मुख्य गरी देवी-देवताको इतिहास, केही धार्मिक बोटबिरुवाको इतिहास, कर्मकाण्डविधान अनुसार वक्ता र कर्ताले पालन गर्नुपर्ने विधि-विशेषका कुराहरू समावेस भएका हुन्छन् । यी गीतहरू दोहोरीका रूपमा नपाइने भए पनि प्रश्नोत्तरको रूपमा समावेस भएका हुन्छन् ।

बझाङ जिल्लामा पाइने वा गाइने माँगल गीतका केही नमूनाहरू तल दिइन्छ ।

**कन्यादान गर्दाको माँगल गीत**

छोण-छोण विष्नु गाथ कन्या अंगुलिअ
अग्नि राखी साक्षी अब कन्या जिम्मा लेउन
मेरी पाल्या छोरी अब दुःख जन दिया
छोण-छोण विष्नु गाथ कन्या अंगलिअ
द्विप बत्ती राख्याँ साक्षी तँउरै धरमले
छोण-छोण..................
ब्रह्मा राख्या साक्षी तँउरै धरमले

कसा घर दिया बुबा कसा वर दिया ?
कसासित सुम्प्या मेरी बाउली ?

ठूला घर विष्णुवर दियाँ तेरी बाउली
काशीका पण्डितसित सुम्प्या तेरी बाउली ।

यस माँगल गीतमा पहिले कन्याका बाबुले वरलाई विष्णुको रूप मानेर आफ्नी छोरीलाई सुम्पने क्रममा अग्नि, बत्ती र ब्राह्मणलाई साक्षी राखेर मेरी छोरीलाई दुःख नदिनू, राम्रोसँग पाल्नू भनेर कन्याको औंला समातेर ग्रहण गर्न अनुरोध गरेको छ । जब वरले कन्याको औंला समातेर ग्रहण गर्छ कन्याले बाबुसँग मलाई कस्तो घर र वर खोजी दिनुभयो भनेर प्रश्न गर्छिन् भने बाबुले ठूला घरका विष्णुरूपी तथा काशीका ब्राह्मणरूपी वरसँग तिम्रो हात सुम्पेको जानकारी गराउँछन् ।

**नवग्रह पुजन गर्दाको माँगल गीत :**

नउग्रह दाइना भया तमी दाइना भया
उदो झाँदा नउग्रह दाइना भया
उबो झाँदा नउग्रह असलै अन्या
क्याऊ क्याऊका बुबाज्युले दान अऱ्यो ?
कइका अरिक्ष्ट काटियो ?
लौठाका बुबाज्यूले दानै अऱ्यो ।
बालैका अरिक्ष्ट काटिया

क्याऊ क्याऊका दाजैले दान अऱ्यो ?

कइका अरिक्ष्ट काटिया ?

सुनैका दान अऱ्यो ।

बालैका अरिक्ष्ट काटिया

क्याऊ क्याऊका...... ?

चाँदीका.................... ।

बालैका....................काटिया

क्याऊ.............

कइका.................

केलु गाईको.............दानै अऱ्यो ।

**विवाहमा कन्याको खुट्टा धुँदाका माँगल गीत :**

खाट सुत्या बुबा मेरा जागा होइझाउन

तउरो मन बुबा मेरा कन्यादान अर्न्या छ

पाउ पखाली शिरमाथि लेऊन ।

तमे भन्छ्या बुबा मेरा गया काँशी झाउला

तडरो गया बुबा मेरा घरै बसी भयो ।

खाट सुत्या इजु मेरी जागा होइ झाउन

स्नान अरी इजु मेरी

पाउ पखाली शिरमाथि लेऊन ।

तमी भन्छ्या इजु मेरी गया काशी झाउला

तउरो काशी इजु मेरी देला बसी रै छ ।

खाट सुल्या दाजु मेरा................ ।

**जनै पहिराउँदाको माँगल गीत :**

तेरो जनै वाला मेरो कति पला भै छ, कति पल भै छ ?

मेरो जनै मेरी माइयौ नेपलै भै छ, तेपलै भै छ ।

ते पलै जनै बाला क्षेत्री हालन्ना ।

तेरो जनै बाला मेरो कति पला भै छ ?

तेरो जनै मेरी माइयौ चार पलै भै छ, चार पलै भै छ ।
चार पलै जनै बाला साउन हालन्ना ।
तेरो त्यो जनै बाला कति पलै भै छ ?
मेरो जनै माइयौ मेरी छ पलै भै छ ।
अब भो छ बाला तेरो पुरै जनै भै छ, पुरै जनै भै छ ।

**(ख) भुवो गीत**

बझाङ जिल्लामा गाइने परम्परित गीतहरूमा भुवो गीत पनि प्रमुख हो । यसलाई स्थानीय भाषामा 'भस्सो' भनिन्छ । पुरुषहरूले मात्र खेलिने र गाइने यो गीत पौष आमावस्याबाट सुरु गरेर त्यो महिनाभरी नै खेलिन्छ । औंसीका राती एउटा निश्चित ठाउँ (जसलाई स्थानीय भाषामा 'भ्वाँ खाको' भन्दछन्) मा गाउँका सबै जम्मा भएर आगो जलाउँछन् । त्यसलाई 'भ्वाँखाणो जगाउनु' भनिन्छ । त्यही दिन गाउँका सबै घरबाट अलिअलि चिउरा जम्मा गरेर दोस्रा दिन प्रत्येक व्यक्ति वा ठाउँमा भस्सोको जानकारी दिन त्यो चिउरा वितरण गरिन्छ र खेल पनि सुरु गरिन्छ । यो गेयात्मक खेल खेल्दा एक हातमा तरबार र अर्को हातमा ढाल वा सेतो रूमाल लिएर त्यसलाई नचाउँदै पाइला मिलाएर खेलिन्छ । सबैले गीत गाउन नसक्ने हुँदा एक जना पाको मान्छेले खेलको बीचबाट गीत गाउँछ र सबैले त्यसैलाई दोहोऱ्याउँछन् । त्यो गीत गाउन जान्ने मुख्य मन्छेले गाएकोलाई 'माणा हाल्नु' भनिन्छ । स्थानीय बाजासँगै गाइने र खेलिने यो खेल प्रत्येक गाउँ-गाउँ गएर गाउँको साझा कोषबाट वा व्यक्तिबाट थालीमा चामल, सिंदुर, रुपियाँ, फलफूल, जौंका पात एवं फूल आदि राखेर दिइन्छ । जम्मा भएको त्यो रुपियाँ अन्तिम दिनमा पूजा गर्नमा खर्च गरिन्छ, जसलाई स्थानीय भाषामा 'भ्वाँखाणो पुज्नु' भनिन्छ ।

लामो समयसम्म गाइने र खेलिने यो खेल निकै रमाइलो हुन्छ । यसमा गाइने गीतमा पुर्खाहरूको वीरताको वर्णन, कुनै शासकको वर्णन, कुनै युद्ध आदिको वर्णन गरिएको हुन्छ । जनश्रुतिअनुसार आफू बस्ने भूभागमा भूतप्रेतले सताउन थालेपछि प्राचीन पुर्खा सबैले मिलेर हातमा हतियार लिई त्यसलाई मार्न गएका हुनाले त्यसै बेलादेखि यसको प्रारम्भ भएको र त्यो अहिले पनि गाउँघरमा भूतप्रेतले प्रवेश नपाओस भनेर यो खेल खेलिन्छ भन्ने कुरा सुन्न पाइन्छ । हुन पनि यसमा प्रयोग हुने ढाल-तरबार र खेलको उमङ्ग हेर्दा कुनै युद्धमा जान तयार भएको वा युद्धपछिको विजयोत्सव मनाइरहेको जस्तो अनुभव हुन्छ । खेलको प्रारम्भमा निकालिने चिराँकले युद्ध

गर्ने जानकारी दिन्छ र समाप्तिमा चिराँक  गरिने र खसी काट्ने परम्परा हेर्दा युद्धको समाप्तिपछिको विजयोत्सवको आभास दिन्छ ।

भ्वाँखाडोलाई 'पाँचपाण्डो' भन्ने पनि गरिन्छ । प्राचीनकालमा पाँचपाण्डवहरू वनवासमा रहँदा उनीहरूले कौरवसँग लड्न गरेको तपारी र पछि विजय पश्चात् गाउने एवं खेल्ने गरेकोले त्यही प्रथा पछि सर्वसाधारणले अँगाल्दै गएको प्रसङ्ग पनि भस्सो खेल्दा गाइने गीतको बोलबाट केही अर्थ निस्कने गर्छ ।

मुख्य गरी युद्धसँग नै सम्बन्धित आभास दिने यो खेलसहितको गीतमा प्राचीन पुर्खा, शासक, सामाजिक मानमर्यादाजस्ता ऐतिहासिक पक्षको उद्घाटन भएको हुन्छ । खेलमा गाइने गीतहरू वीर र करण रसमा केही गद्य लयमा हुन्छन् भने केही गीतहरू पद्यात्मक अन्तिम अनुप्रासयुक्त हुन्छन् जस्तैः

**भुवोको परिचय दिने गीत :**

गीत जान्ने केही व्यक्ति (माणा हाल्ने व्यक्ति) - ए पैलो भुवो

| | | |
|---|---|---|
| सबैजना | - | भस्सी रे भस्सी |
| माणा हाल्ने व्यक्ति | - | काँहाँ उठ्यो ? |
| सबैजना | - | ए ! भस्सी रे भस्सी |
| केही व्यक्ति | - | ताउलाखार । |
| सबै जना | - | भस्सी रे भस्सी |
| केही व्यक्ति | - | ताउलाखारका भूवाले |
| सबै जना | - | ए भस्सी रे भस्सी |
| केही व्यक्ति | - | क्या खान्ची खायो ? |
| सबै जना | - | भस्सी रे भ्स्सी |
| केही व्यक्ति | - | नुन खान्ची खायो । |
| सबै जना | - | भस्सी रे भस्सी |
| केही व्यक्ति | - | ताँ हाइ भुवो ? |
| सबै जना | - | भस्सी रे भस्सी |
| केही व्यक्ति | - | तिब्बत आयो । |

सबै जना - भस्सी रे भस्सी

केही व्यक्ति - तिब्बतका भूवाले

सबै जना - भस्सी रे भस्सी

केही व्यक्ति - क्या खान्ची खायो ?

सबै जना - भस्सी रे भस्सी

केही व्यक्ति - सु-नै खान्ची खायो । आदि, आदि ।

**गाउँलेका परिचय दिनेगीत :**

केही व्यक्ति - ए ! यो लाण्या भुवो

सबै जना - भस्सी रे भस्सी

केही व्यक्ति - काँ झान लागि ?

सबै जना - भस्सी रे भस्सी

केही व्यक्ति - गाउँ गाउँ झाँदो ।

सबै जना - भस्सी रे भस्सी

केही व्यक्ति - ए, क्या अर्न झाँदो ?

सबै जना - भस्सी रे भस्सी

केही व्यक्ति - भात बाखो माग्दो ।

सबै जना - भस्सी रे भस्सी

केही व्यक्ति - यो भुवो कै को ?

सबै जना - भस्सी रे भस्सी

केही व्यक्ति - बुण्याउणी ।

सबै जना - भस्सी रे भस्सी

केही व्यक्ति - गाउँकाइ ठालु ।

सबै जना - भस्सी रे भस्सी

केही व्यक्ति - ठूलो घरानीया

सबै जना - भस्सी रे भस्सी

केही व्यक्ति - मान्याका माइस

सबै जना - भस्सी रे भस्सी

केही व्यक्ति - ठूलै खसी दिन्ना

| | | |
|---|---|---|
| सबै जना | - | भस्सी रे भस्सी |
| केही व्यक्ति | - | घरै छौ कि वन ? |
| सबै जना | - | भस्सी रे भस्सी |

यस्तै तरिकाले गीत जान्ने केही व्यक्तिको समूहले गीत भन्दै जाने र अरु सबैले पछाडिबाट 'भस्सी रे भस्सी' मात्र भन्ने गरिन्छ । निकै बेरसम्म बाजाकासाथ यो खेल खेलिने गरिन्छ । सुरुमा विस्तारै बाजाको तालसँग हातको तरवार र खुट्टाको चाल मिलाई केही घुमेर र केही निहुरिएर गोलाकार रूपमा समूहमा खेलिन्छ, पछि विस्तारै बाजाको ताल बढ्दै जान्छ र यता पनि खेलाडी ठूला-ठूला टाङ हाल्दै र उफ्रिदै छिटो-छिटो गरी खेलिँदै टुङ्गिन्छ । अन्तमा थाकेर विस्तारै दुईचार जनासम्म पात्र खेलिरहेका हुन्छन् र उनीहरू पनि थकित भएर छोडी खेल टुङ्गिन्छ ।

यसरी भुवो टुङ्गयाउनुलाई 'ठाडो भस्सो खेल खेल्नु भनिन्छ । यो खेलिसकेपछि पुनः तुरुन्तै अर्कै लयमा बाजा नबजाएर फरक प्रकारका गीत गाइन्छन्, जसमा एक अर्कोसँग हातमा हात मिलाउँदै र शरीरलाई दायाँ बायाँ हल्लाउँदै गोलाकार समूहमा खेलिन्छ । गीतको एउटा नमूनाः

नेपालका उना कुना बास्यो तितरी ।
नेपाल नभ्कान्या छोरो गर्भै भितरी ॥ आदि, आदि ।

यसरी गीत जान्ने मान्छेले खेलकै बीचबाट ठूलो स्वरमा गीत भन्दै रहन्छ । यस खेललाई स्थानीय भाषामा 'भारीखेल' भनिन्छ ।

एउटा नमूना :

चौ फूल माँज को छ रूपस ?
चौ फूल माँजको हजारी रूपस ।
चौभाइ माँजको को छ रूपस ?
चौभाइ माजको कालो रूपस ।
चौ बैना मौजकी को छ रूपस ?
चौ बैना मोजकी विनोदा रुपस ।
लडथड विनोदा पानी काँ गैछ ?
लडथड बिनोदा पनेरा गैछ ।

पनेराका छाजामाथि क्या राखिछ ?

पनेराका छाजामाथि घडुली राखिछ ।

घडुलीका मुखमी क्याऊ क्याऊ छोपिछ ?

घडुलीका मुखमी सिउडी फूलले छोपिछ । आदि, आदि ।

यस्तै प्रकाराले यो गीत्यात्मक खेल पहिले भ्वाँखाणोमा चिराँक जलाएर खेलको प्रारम्भ गरी भूवो प्रारम्भको ऐतिहासिक गीतहरू गाएर रमाइलो गरिन्छ । अन्य खेल-जस्तो डेउडा खेल्नु पऱ्यो भने भ्वाँखाणोमा नखेली अन्तै खेल्नुपर्ने चलन पनि बझाङ जिल्लामा छ ।

## ४.२.२ परिवेशसिसिर्जित गीत

बझाङ जिल्लामा गाइने गीतहरूमा परिवेशसिर्जित गीतहरूले निकै फराकिलो क्षेत्र ओगटेको पाइन्छ । यी गीतहरू गाउने परम्परा पहिलेदेखि नै भए पनि परम्परित गीत माँगल र भुवो झैं उनै गीतहरू मात्र दोहोऱ्याइने नभएर परिवेश अनुसार नयाँ सिर्जना गरेर गाइने भएकाले त्यस्ता गीतहरूलाई परिवेशसिर्जित गीत भनिएको हो । यस्ता गीतहरू जहाँ जस्तो परिवेश देखियो त्यही अनुसार लोककविहरूका हृदयबाट प्रस्फुटित हुन्छन । जस्तो असारको महिला धान रोप्दा त्यही परिवेशका गीत हुन्छन् भने बालकले घामपानी परेको देख्दा त्यही परिवेशका गीत गाउँछन् । प्रेमी-प्रेमिकाका मिलन-बिछोड, दैवीय आपत-विपत, गरिबीको पिडा, बलवानको वीरता, प्राकृतिक दृश्य, चाडपर्व, हर्षविस्मात् आदि जेजस्तो परिवेशको सिर्जना भएको हुन्छ, त्यहीअनुसार आफ्ना चेतन र अचेतन मनमा उब्जेका अनुभूति एवं कुण्ठाहरूलाई त्यही भावमा गीतको माध्यमाट छर्लङ्ग्याइन्छ । बालकदेखि तन्नेरी हुँदै बृद्धसम्म सबैले गाउन सक्ने यस्ता गीतहरूमा व्यक्तिको व्यक्तिगत भावसहित समाजको रीतिरिवाज, चालचलन, भेष-भूषा, रहन-सहनजस्ता सम्पूर्ण सामाजिक परिवेशका साथै परिस्थितिजन्य विसङ्गति, प्राकृतिक दृश्य, राष्ट्रप्रेम आदि कुराहरू पनि समेटिएका हुन्छन् । खोलानाला, भीरपाखा, खेतबारी, वनजंगल, चाडपर्व, चौतारी भञ्ज्याङ-ओराली-उकाली यावत जहाँ पनि परिवेशअनुसार सिर्जना गरेर गाउन सकिने यस्ता गीतहरूले नै भावकका मनका तीता-मीठा अनुभूतिहरूलाई पोखिदिएका हुन्छन् ।

बझाङ जिल्लामा गाइने यस प्रकारका गीतहरूमा पनि बालकको भावनाद्वारा सिर्जित गीत, किसानले खेतबारीमा काम गर्दा तथा मेलापात गर्दा गाइने गीत, मिलन-बिछोड, एवं अन्य अवस्थामा गाइने गीत, ऋतु परिवर्तनका गीत र सबै उमेरका पुरुष र महिलाले खेल्ने डेउणा गीत

आदि फरक-फरक भएकाले यस्ता विभिन्न प्रकारका गीतहरूलाई मुख्य तीन वर्गमा राखेर हेर्न सकिन्छ :

(क) बालगीत

(ख) बाह्रमासे वा बाह्रमासा गीत

(ग) देउणा गीत

**(क) बालगीत**

साना-साना बालबालिकाहरूलाई खेलाउँदै र उनीहरूले खेल्दै गाउने गीतहरूलाई बालगीत भनिन्छ । बालबालिका सानै छँदा बोल्न र हिंडन् नसक्ने अवस्थामा नै आमाबुबा, दाजु, दिदी आदिले तिनलाई खेलाउँदै गीतसँग परिचित गराइसकेका हुन्छन्, चाहे खाना खुवाउन होस् वा सुताउन त्यही अनुसारका गीतद्वारा बालकलाई लोभ्याउँछन् र फकाउँछन् । यसरी बाल्यावस्थामा नै गीतका मधुर स्वरसँग परिचित बालबालिका हिंड्डुल गर्ने भइसकेपछि आफ्नै उमेरका अरु बालकहरूसँग उठ्बस् गर्दा र खेल्दा आफ्नो परिवेशमा देखा परेका र आफूले टिप्न सक्ने कुराहरू लयात्मक गीतको माध्यमबाट व्यक्त गर्छन् । यस्ता बालबालिकाहरू परिवेशबाट नै गीतको सिर्जना गर्छन्, जस्तैः शहर बजारका बालकले मोटरको गीत गाउँन सक्छन् भने गाउँघरको बालकले गाईगोरुको गीत गाउन सक्छन् ।

बभ्राङ जिल्लामा यस्ता बालगीतहरू धेरै पाइन्छन् । यी गीतहरू पनि २ प्रकारका छन्, एउटा आमाबुबाले बालकलाई खेलाउँदै गाउने बाल सुहाउँदा गीत र अर्को बालककै अनुभूतिबाट बनेका गीतहरू । बालककै अनुभूतिबाट बनेका गीतहरूको लय आफूले आमाबाबुबाट सुनेका गीत झैं हुन्छन् भने विषयवस्तु उनीहरूको आफ्नै प्रकारको हुने गर्छ । केही बालगीतहरूको नमुनाः

**बालकलाई सुताउँदै गर्दाका गीत :**

निन्नि, निन्नि !

निनारी आइझाला भोकारी-बाइझाला

मेरो बालो भया नुन्नु होला

मेरो बालो नभया उठी झाला

निन्नि, निन्नि !

लामु चैत्या आउला, भोकारी लाउला

आँखु हेऱ्यो भन्या बाबजी आउला ।

नुन्नु कुट्टु ! नुन्नु !!

**बालकलाई घुँडामा राखी खेलाउँदाको गीत :**

घुगुत्ती बाला बासुत्ती

बसु काँ गै ? नाता धुन

नाता धुई घाम काँ हाल्यो ?

धुपी चौण

धुपी चौण काँ छ

पन्यारा मुनि

आफू काँ गै ?

खेल्न ।

सुनीगाण लोट्टी कि गुइगाण ?

सुनी गाण लोटी ।

**त्यस्तै बालकले आफ्नै अनुभूतिबाट गाउन सक्ने गीतहरू :**

हिउँ परेको देख्दा गाइने गीत;

हिउँ पण्यो कुन्ना, हिउँ पण्यो कुन्ना ।

कुन्नाका छोराछोरी देली कुन्टा रुन्ना ॥

आगा नबाल्याको जाणी मानन्ना ।

केइ चोरी खायो भन्या बुबा हानन्ना ॥

**त्यस्तै पानी पर्दाका :**

आयो वर्ष रुनीझुनी

गयो वर्ष छान्ना

छान्नाका केटाकेटी

जाणी मानी रुन्ना

घामवर्ष लाग्यो, घामवर्ष लाग्यो

भुल्यानी बौजुको बाउ खुट्टो भाग्यो ।

**अंक गन्दै गाइने गीत** (**एकले अंक भन्ने अर्कोले त्यसको अनुप्रास मिल्ने गरेर भनेको**) :

एक, छेपाणो छेक

दुई, साह्रै सुई ।

तीन, कस्तुरी विन

चार, भैसी बजार ।

पाँच, पातली नाच

छ, लाहुऱ्या ह ।

सात, मालुका पात

आठ, दाउरा काट ।

नौ, धुप्यारी धौ

दश, बगाल पस् ।

एघार, भैसी बजार

बाह्र, बाघ तेरा घर ।

तेह्र, पछाडि हेर, आदि, आदि ।

**सबैले औलो भूइँमा विछयाएर गन्दै :**

इर्किट्टि मिर्किट्टि, दाइज्या झिलिमिली

काँसाको रूपो खैराको टुप्पो हान् कड्पा बीस बाखा

तेरा-मेरा दाजु माछी मार्न गया

आद्धी भाग मुँ-आद्धि भाग तुँ

लौ भाइ चाँफा, चाँफाकी डाली

मौरी भिटाली, ओण-मोण छपक्क तोड ।

यस्तै प्रकारका केही गाईगोरु हेर्दाका केही घाँस काट्दाका विभिन्न प्रकारका बालगीतहरू गाइन्छन् । यी गीतहरूमा बालबालिकाकै क्रियाकलाप र भावनाहरू समेटिएका हुन्छन् ।

**(ख) बाह्रमासे वा बाह्रमासा गीत**

विभिन्न लोकगीतहरूका पाटाले सिंगारिएको बझाङ जिल्लामा बाह्रमासेगीतको लोकप्रियता बढिरहेको छ । सुदूरपश्चिमका डोटी, अछाम, बाजुरा लगायत प्रायः सबै जिल्लामा बाह्रमासे गीतको

प्रचलन छ; ढाँचा र लय फरक हुनसक्छ । बझाङ जिल्लामा परम्परादेखि नै प्रायः एकल र कहिलेकाहीा समूहमा पनि गाइँदै आएको कुरा तत्कालीन परिवेशको बखान गरेर गाइएका गीतहरूले पुष्टि पार्छ । उपाध्याय (२०५७) ले यी गीतलाई डेउणागीतमा राखिएको पाइएतापनि स्थानीय भाषामा तिनलाई 'गीत गाउनु', 'ठाडो भाका' आदिका नामले चिन्दछन् । डेउणा भने समूहमा गोलाकार भएर गीतको लयअनुसारका पाइला मिलाएर खेलिन्छ । बाह्रमासे गीतमा पाइला मिलाउनु पर्दैन न त गोलाकार भएर धेरै व्यक्तिका बीच नै खेलिन्छ र गाइन्छ । यो नै बझाङी बाह्रमासे गीतको डेउणा गीतबाट पृथक रहने मूल आधार हो । गीतको संरचनात्मक बनोट तथा ढाँचा एउटै भएर पनि प्रायः एकल र लामो लयमा गाइनु बाह्रमासेगीतको मुख्य पहिचान हो । यसभित्र कर्म वा श्रमगीत, ऋतुगीत र केही पर्वगीतहरू पनि पर्दछन् । बालबालिकादेखि युवायुवती, बूढाबूढी सबै उमेर र वर्गका मानिसहरूको मन जितेर लोभ्याउन सक्ने लामो सुमधुर लय, द्विपदीय संरचनामा पूर्ण भावको अभिव्यक्ति, अन्त्यानुप्रासको मिलानजस्ता विशेषताहरूले गर्दा बाह्रमासे वा बाह्रमासागीत निकै मिठा हुन्छन् । के काम गर्दा, के भारी बोक्दा, के प्रेमीप्रेमिका, के विरही स्त्री, के थिचोमिचोमा परेकाहरू सबै किसिमका आँसु-हाँसो, हर्ष-पिडा, मिलन-बिछ्लाड, देउराली, भञ्ज्याङ, चौतारी, बनपाखा, खोला-नाला, पहाड-बेसी, खेतबारी, ओराली-उकाली आदि जस्तोसुकै परिवेश र परिस्थितिलाई पनि नियाली-नियाली र कल्पि-कल्पि सबै उमेर, लिङ्ग र वर्गका मानिसहरूले आफ्नो मनलाई थान्को लगाउन बाह्रमासे गीत गाउने गर्छन् । सबैले आफ्ना मनका रागविरागहरू यिनै गीतका माध्यमबाट पोख्छन् र आनन्द लिन्छन् । जहाँ गए पनि परिवेशसिर्जित आफ्ना अनुभूति र भावनाहरूलाई सजिलै व्यक्त गर्नका लागि गाइने यी गीतहरू नगुन्जिने भू-भाग बझाङमा पाइँदैनन् । चाहे त्यो कलकल बग्ने सेती नदीको तिर होस्, चाहे एकान्त कुहुकुह कराउने कोइलीको मधुर स्वर र मगमग बासना बहने बसन्तको हरियाली होस्, चाहे किसानहरूको कर्मथलो खेतबारीको आली वा अन्य परिवेश; स्थानीय लोककविहरूका मृदुकण्ठले सधैं र सबै किसिमको वातावरणलाई भावुक एवं मादक बनाएको हुन्छ । यी गीतहरूमा व्यक्तिका व्यक्तिगत भावना र अनुभूतिका साथै समाजका चालचलन, रीतिरिवाज, सामाजिक मान-मर्यादा, रुढी-परम्परा, दैवीय आपतविपत, गरिबीका कारण विदेशीनु पर्ने बाध्यता, प्रेमीप्रेमिकाको मिलन-विछोड, प्राकृतिक दृश्यावली जस्ता जनजीवनका यावत सम्पूर्ण कुराहरूका प्रतिबिम्ब उतारिएका हुन्छन् ।

जस्तैः

हिउँद हाट बर्खा भोट, सउक्यानी रुँदी हो ।

एकै सूर्ज घाम ताप्दा छयाँउँ, भिट क्यान हुँदी हो ॥

यस गीतमा प्रेमि-प्रेमिका बीच बिछोड भएर सम्झना हुँदाको अनुभूतिलाई देखाइएको छ । जसरी विभिन्न ओरालो-उकालीहरूको कठिनाइलाई सामना गर्न बाध्य भई हिउँदमा मधेश र बर्खा भोट जाने भाटेनीले आफ्नो घर भोटमा (एकै ठाउँमा) भएर पनि सधैं बस्न पाएकी हुँदिन, त्यसरी नै हामी दिनमा एउटै सूर्यबाट ताप लिने भए पनि सँगै बस्न नपाएर बिछोड भई तड्पी-तड्पी एक्ला-एक्लै बाँच्नुपरेको छ भन्ने कुरा दर्शाइएको छ ।

त्यस्तै अर्को गीतः

खेत टिपी गाणले लियो भार्स्या लाग्यो जाल्या ।
मु भन्या प्रदेशी हुँदो भैंसी जन पाल्या ॥

यस गीतमा प्रकृति-प्रकोपले गर्दा भात खाने खेत खोलाले बगायो, रोटी खाने मार्स्यामा जाल्या नामको रोग लाग्यो; अब घरमा बसेर कुनै समस्या सुल्झिएला जस्तो नभएपछि म भारततिर काम गर्न जान्छु; तिमीले भैंसी बेचेर गुजारा गर्नु भन्ने भाव व्यक्त गर्दै दैवीय विपत्तिको कुरालाई समेटिएको छ ।

बझाङ जिल्लामा बाह्रमासे गीतलाई प्रायः एकल रूपमा गाइन्छ । मानिस सामाजिक प्राणी हो; ऊ समाजमा बस्छ तापनि ऊ आफ्नो जीवनका हरेक ओराली-उकालीका प्रत्येक आरोह-अवरोहमा विशेष एक्लै चढ्छ र ओर्लन्छ । ऊ हरेक पल समूहमै बसेर आफ्ना व्यक्तिगत अनुभूति र भावनाको क्षतिपूर्ति प्राप्त गर्न सक्दैन । जति कुराका लागि मानव समाजमा बस्न चाहन्छ त्यति कुराका लागि ऊ एक्लै बस्न पनि रुचाउँछ । जब व्यक्ति एक्लो रहन्छ तब उसका मनमा निसंकोच भावना-भावुकता पनि टुसाएर गीतका रूपमा झाँगिदै बढ्छ; त्यही बाह्रमासे वा बाह्रमासा गीत हो । बाह्र महिनाको समयचक्रमा मानवीय दिनचर्या वा जीवन घुलिएर उसले आफ्ना अनुभूतिजन्य भावुकतालाई गीतका रूपमा गुन्गुनाउने हुँदा त्यसैभित्र लोकचेतना वा लोकास्था भिजेर रहेको हुन्छ । त्यसैले लोकजीवनको तन-मन-धन र ऋतुचन्द्र बीच नङ र मासुको जस्तै अकाट्य सम्बन्ध छ । समयको परिवर्तनसँगै मानवीय भावना एवं आकांक्षा पनि बदलिन सक्ने भएकोले कि त्यहाँको जनमानसले त्यही ऋतु-महिनाभित्रै रहेर त्यो परिवेशअनुसार आफ्ना प्रेरित कौतुहल गीतका रूपमा पोख्छन् कि त ती ऋतु वा समयचक्रमा आफ्ना भूतकालीन अनुभवका आधारमा पोख्छन् ।

विशेष गरी एक्लो मान्छे, जहाँ जहाँ पुग्छ त्यहाँ त्यहाँ बाह्रमासोगीतका मीठा एवं सुरिला धुनहरू भावुकतापूर्वक गुन्गुनाउँदै घन्किन्छन् र त्यहाँको वातावरणलाई एक किसिमको मादक तुल्याउँछन् । के अनकन्टार एक्लो जंगल, के कलकल बग्ने खोलानाला-छहरा-छाँगा, के गाईवस्तु चराउने ठाउँ, के खेतबारी, के ओराली-उकाली प्रत्येक पल-पल र हरेक परिवेश एवं परिस्थितलाई समेट्दै व्यक्तिको बाह्रमासे जिभ्रोमा झुन्डिएर जहाँतहीँ ध्वनित हुन्छन् भूत-वर्तमान र भविष्यत्का आँसु-हाँसो । भन्न सकिन्छ; बाह्रमासे गीतभित्र व्यक्तिको यथार्थ जीवन लुकेको हुन्छ । जब ऊ निर्जन स्थानमा पुग्छ अनि प्रकृति माझ उसका हर्ष-विस्मात, सुख-दुःख, मिलन-विछोड जस्ता कुरा एक सय एक भावना उम्रिन थाल्दछन् र त्यही विषयवस्तुसँग सम्बन्धित गीत सिर्जना गरेर मीठो लयमा सुसेल्दै परिवेशभित्र हराउँछ । कहिलेकाही मन मिल्ने युवायुवतीहरू पनि निर्जन स्थानमा गएर आ-आफ्ना मनोभाव गीतमार्फत् साटासाट पनि गर्दछन् ।

मनको कुण्ठा झल्किने एकल गीतको एउटा नमूनाः

डाको लाया पुगलाकी, इजु रन्या लंका ।

मु पनि ताँई जसी दुःखी न हो वाज शंका ॥

परिवेशसिर्जित एकल गीतको नमूना

गाउँछै कोइली कुहु-कुहु वासन्ती फुल्नाले ।

मेरो मन नथाम्नु बनाई पालुवी झुल्नाले ।

यहाँ माथि पहिलो गीतमा; आमाबाट र पतिबाट बिछोड भएकी स्त्रीलाई आमा र पतिको माया लाग्दा वा सम्झना हुँदा उनी लाजले न कसैसँग मनको कुरा भन्न सक्छे न रुनै सक्छे तर जब उनी एक्ली एकान्त जंगलमा पुग्छे तब मैले ठूलो स्वरमा डाँको लगाएर बोलायो भने मलाई असाध्यै माया गर्ने ती आमा र पनिले सुन्नुहोलाकी ? जस्तो दुःख स्वामीलाई प्रदेशमा परेको होला त्यस्तै दुःख मलाई पनि घरमा परेको छ । जत्ति टाढा रहनुभएका आमा र स्वामीलाई मेरो माया लागेको होला त्यत्ति माया तपाईप्रति मेरो पनि लागेको छ; त्यसमा शंका गर्नुपर्दैन भनेर उनी निर्जन जंगलमा निसंकोच र यथार्थ भाव गीतका माध्यमाट पोख्छिन् ।

त्यस्तै पछिल्लो गीतमा बसन्त ऋतुके आगमनले व्यक्तिको मनलाई भावुक बनाएर उसले उक्त परिवेशअनुसारको भावना गीतका माध्यमाट वर्णन गर्न खाजेको छ ।

साथीसाथी विचको गीतको नमूनाः

केटा-  तुँ होइर फूलकी डाली, मु हुँला भुमरो ।
बाह्रैमास घुम्दै रौंला, आश मानी तुमरो ॥
केटी-  फूल सधैं फुलेकै हुन्छ, मेरा मधुवन ।
रिट्टे रनु-घुम्दै रनु नडुलाउनु मन ॥

यहाँ केटाले केटीलाई तिमी फूलको बोट भएर सधैं फुली राख म भमरा भएर तिम्रो आशमा त्यसरी नै आउँला भनेर भन्दा म मधुवन भएकीले यहाँ कहिलै खाली हुँदैन फूलहरू सधैं फुलिरहन्छन् । त्यसैले तपाईले यहाँ सधैं घुम्ने गर्नु भनेर केटीले केटालाई भनेको मर्म दर्शिएको छ ।

**त्यस्तै अर्को गीत :**

लागिग्यो वसन्त ऋतु अब काफल पाक्या ।
साइ सधैं प्रदेशी भया रिन-दानका लाग्दा ॥

प्रस्तुत गीतमा चैत्र-वैशाख महिनामा जहाँतही काफल पाके तर मेरा पति भने यो गरिबीका कारण सधैं झैं यो साल पनि प्रदेशी नै भए; काफल खान पाएनन् भनेर एक स्त्रीले एकान्त वनपाखामा भावुकताका साथ वसन्तऋतुमा लोग्नेको सम्झना गर्दै गीतका रूपमा व्यक्त गरेकी छे ।

यस्तै-यस्तै अेक प्रकारका भूत, वर्तमान र भविषयत्का यावत अनुभव र अनुभूतिहरूलाई गीतका रूपमा गुञ्जाएर वनजंगल, वनपाखा, खेतबारी र खोलानाला सबैलाई रसाएको पाइन्छ ।

यसरी बझाङ जिल्लाका विभिन्न परिवेश र परिस्थितिमा बाह्रमासे गीतका भङ्कार गुञ्जिएका पाउनु यहाँका स्थानीय लोकजीवनको मौलिक पहिचान पनि हो ।

**(ग) देउडा गीत**

बझाङ जिल्लामा विभिन्न प्रकारका लोकगीतहरू गाइने भए पनि सबभन्दा लोकप्रिय लोकगीत बाह्रमासेपछिको दोस्रो लोकप्रिय डेउडागीत नै हो । भेरी, कर्णाली, सेती र महाकाली अञ्चलका प्रायः सबै जिल्लाहरूमा प्रचलित डेउडागीतले निकै ठूलो क्षेत्र समेटेको देखिन्छ । बझाङ जिल्लामा प्रचलित डेउडा खेललाई उपाध्याय (२०५७) ले लोकगीतको श्रव्यविधाका रूपमा मात्र चिनाएको पाइए पनि यो श्रव्यसँगै दृश्यात्मक पनि छ । स्थानीय तहमा डेउडागीतलाई 'खेल खेल्नु' का नामले पनि चिनिने हुँदा डेउडालाई नृत्यका समकक्षबाट नियालेर हेर्नु सान्दर्भिक देखिन्छ । बझाङ जिल्लामा यो गाएर खेलिने परम्परा कुनै नौलो नभएर परम्परागत रूपमा पहिल्यैदेखि

युवायुवती, बूढाबुढी सबै उमेर, लिङ्ग र वर्गका मानिसहरू के रातमा, के दिनमा विभिन्न उत्सव, मेला तथा चाडपर्वको अवसर पारेर कुनै स्थानमा जम्मा भई गोलाकार रूपमा एक अर्काको हात समाती गीतको लय (जसलाई स्थानइमा भाषामा 'ढप' भनिन्छ) अनुसार घारी एक पाइलो भित्र र त्यसपछि अर्को पाइलो भित्र गरी सवाल जवाफका रूपमा डेउडा खेल्दा व्यक्ति, समाज, परम्परा, जातजाति रीतिरिवाज, रहनसहन, चालचलन आदिलाई लिएर एक-अर्काप्रति तिखो प्रहार गरिन्छ । यसमा जसले अनुशासित तरिकाले सही जवाफ फर्काउन सक्यो त्यसकै जीत हुन्छ । वर्तमान अवस्थामा आएर डेउडा खेलको विकास गर्न विभिन्न संघ-संस्थामार्फत् विभिन्न अवसर पारेर जित्नेलाई पुरस्कारको व्यवस्था गरी यस्ता खेल प्रतियोगिताको आयोजना गर्ने गरेको पनि पाइन्छ । यस्ता खेलमा व्यक्तिका व्यक्तिगत भावना र अनुभूतिका साथै सामाजिक भावनालाई पनि लोककवि ( जसलाई स्थानीय भाषामा खेलाणी भनिन्छ) ले गीतका माध्यमबाट दर्शाई दर्शकहरूलाई खुशी एवं आनन्दित पार्ने काम गर्दछन् । यस्तो डेउडा खेलमा प्रायः रुढिवादी परम्परा, समाजका, विसङ्गति, चालचलन, भेषभूषा र समसामयिक परिस्थितिजस्ता कुरालाई अङ्कित गरिएका गीत पनि गाइने गरिन्छन् । यो खेल खेल्दा पुरुष-पुरुष, महिला-महिला वा महिला-पुरुषका समूहमा खेलिन्छ । दुई पक्षबीच खेलिने उक्त खेलमा पालो पालो लगाएर सवाल-जवाफलको ढाँचामा खेल चल्छ । जस्तैः

समूह 'क' सवाल -

खेत खनी जीविका चल्न्या दिन गैगया अब ।
दुनियाकाँ पुगिसक्या बुझिहेल सब ॥

समूह 'ख' जवाफ

बाउबाज्याले खेतै खनी गुजरा अऱ्याको ।
हुँदैन अरुको चेलो उइ रगत् सऱ्याको ॥

यहाँ पहिलो समूहले खेती गरेर जीविका गर्न सकिँदैन, मान्छे कहाँ-कहाँ पुगिसके; हामी त्यसैमा भुलेर उन्नतिको बाटोमा पछाडि परेका छौं; अतः अन्य पेशा पनि हेर्नुपर्छ भन्ने करा गीतमा भनेको छ भने दोस्रो समूहले हाम्रो बाबुबाजे सबैले त्यही खेत खनेर गुजरा गरे; म पनि उनकै सन्तान हुँ; त्यो दोस्रो पेशा गरेर अर्काको छोरो हुँदैन, किसानको छोरो किसान नै भन्ने भाव व्यक्त गरेको छ ।

त्यस्तै अर्को प्रसङ्ग :

समूह 'क' सवाल - खाँदाइ छौ कि नित्याफापर बस्ताइछौ कि गोठ ।

हेदाई छौ कि तल-हप्र चाट्ढाई छौ कि ओठ ॥

समूह 'ख' जवाफ - एक रौका सबुइले खायो तोणीको राइपिना ।

काँइ नहेरी भयो हो कि चानाउँदाको चिना ॥

यहाँ पहिलो समूहले अझ पनि पहिलेका जस्तो नैतिक पतन र चरित्रहिन हुने काम गर्दै र सजाय भोक्दै छौ कि ? सबै परस्त्रीतिर आँखा लगाउँदै छौ कि ? भनेर प्रश्न गर्दा दोस्रो समूहले तिमीले पनि त्यस्तो काम एक चोटी गरेकै थियौ; यदि त्यो झुटा हो भने निधारमा देखिने त्यत्रो घाउको दाग किन भयो ? जसको प्रमाण सबैले देख्न सक्छन् । हामी दुवै जना एउटै हौं तिमी आफू असल बन्न नखोज भनेर जवाफ फर्काएका छन् ।

यसरी बझाङ जिल्लामा विभिन्न प्रकारका गीतहरू गाएरु मानिसहरू आ-आफ्ना अनुभूति पोख्ने गर्दछन् । ती गीतहरूमा केही परम्परादेखि चलेका उही संरचना र लयका छन् भने केही गीतहरू गाउने चलन परम्परित भए पनि लोककविले तत्कालीन परिवेशबाट सिर्जना गरेर गाउँछन् र आफ्ना अनुभूति एवं कुण्ठाहरू पोखेर आफू आनन्दित वा हलुंगो भएको महशुस गर्दछन् । यी गीतहरूले सामाजिक जनजीवनको प्रतिबिम्ब उतारेका हुन्छन् । समाजका संस्कार, रीतिरिवाज, भेषभूषा, चालचलन सम्पूर्ण कुराहरू समेटेका हुन्छन् । यी गीतहरूमध्ये सबैभन्दा बढी गाइने बाह्रमासे गीत र खेलिने डेउणा खेल नै मुख्य हुन् । यी गीतहरू निकै काव्यात्मक र मधुर लयका हुन्छन् ।

## ४.३ निष्कर्ष

नेपालका अन्य जिल्लाहरूझैं बझाङ जिल्लामा पनि त्यहाँको भौगोलिक, सामाजिक, सांस्कृतिक र धार्मिक रीतिरिवाजअनुसार आफ्नो छुट्टै मौलिक पहिचान छ, जसलाई त्यहाँ प्रचलित लोकगीतका माध्यमबाट उनीहरूले युगौयुगदेखि सुरक्षित गर्दै आइरहेका छन् । मागल र भूवो जस्ता गीतहरू परम्परित मान्यतामा चल्दै आएका छन् भने बालगीत, बाह्रमासे गीत र डेउडा गीत चाहिँ परिवेश अनुसार सिर्जना गरी गाइन्छ । यी गीतहरू मध्ये सदावहार, एकल गायन र एकालापूर्ण जस्ता विशेषताले बाह्रमासे गीत अन्य गीत भन्दा बढी जनप्रिय देखिन्छ ।

## अध्याय-पाँच

# बझाङ्गी बाह्रमासे गीतको सङ्कलन, वर्गीकरण र विश्लेषण

## ५.१ परिचय

बझाङी भाषिकामा बाह्रमासेको अर्थ "सधैँ" र 'बाह्रमहिनाको' भन्ने हुन्छ । यी गीत गाउँदा पनि कुनै बेला समयको चक्रमा मानवमा हुने स्वभाविक घटना एवं अनुभूति जो जुनसुकै समयमा पनि वा बाह्रैमहिना घटिइरहन्छन् र भइरहन्छन्, जसलाई कुनै मानव तथा परिवेशले रोक्न-छेक्न सक्दैन, त्यस्तो भावनालाई गीतका माध्यमाट गाइने भएर पनि यस्ता गीतलाई बाह्रमासे गीतको नामाकरण गरिएको हुनुपर्छ भने समयको परिवर्तन सँगसँगै मानवीय इच्छा एवं आकांक्षा पनि परिवर्तन हुन्छन् र त्यसमा परिवेशको मुख्य भूमिका रहन्छ । यस्तो ऋतुचक्र एवं परिवेशअनुसारका भावहरूलाई गीतका माध्यमबाट प्रकट गरिएको भएर पनि त्यस्ता गीतलाई बाह्रमासे गीत भन्नु सान्दर्भिक ठहर्छ । बझाङ जिल्लामा गाइने यस्ता गीतलाई लय वा भाकाका रूपमा सम्बोधन गर्दा 'ठाडो भाका' भन्ने चलन छ । "बाह्रास गीतलाई बाह्रमासे वा बाह्रमासा भनेर पर्यायवाचीका रूपले चिन्ने गरिए पनि यो भ्रम हो । यी दुई शब्दको अर्थमा केही फरक छ " (२०६३: १००) भनेर प्रा. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले भनेका छन् । यसबाट खासै भन्नु पर्दा व्यावहारिक एवं भाषिक भिन्नता देखिए पनि बाह्रमासे र बाह्रमासा गीतमा सैद्धान्तिक विभेद भने पाउन सकिँदैन । तर पनि व्यवहारिक पक्षको सामान्य रूपबाट हेर्दा भने केही अन्तर अवश्य पाउन सकिन्छ । यसमा बाह्रै महिना निरन्तर रूपमा गाइने लोकभाकाका गीत र ऋतु तथा समयचक्र वा कर्म श्रमअनुसार गाइने लोक भाकाका गीत गरी सामान्यतः दुई भेदबाट हेर्न सकिन्छ तर तिनको संरचना, लगगत शैलीमा भने भिन्नता देखाउन सकिँदैन ।

जस्तैः

एउटा नमूना - वनभरि विलौना गर्छु गाईबाखा खुइकन ।
रात काट्दछु तारा गनी दिन काट्छु रुइकन ॥

न गोठ गाईभैंसी हुनु न कोखेली छोरो ।
मेरो मात्र क्या लेखी हो भाविनीले होरो ॥

यहाँ माथि गीतका दुवै नमूनामा नारी पिडा तथा बेदनाको करुण स्वरलाई गीतका माध्यमबाट व्यक्त गरिएको छ । पहिलो नमूनामा प्रदेशिएको लोग्नेबाट एक्ली ढुङ्गाको छाती बनाई तड्पिएर बाँच्न बाध्य नारीहृदयले सधैं वनमा गाईवस्तु चराउँदै र पतिको सम्झनामा त्यहाँको ओराली उकालीमा विरहका आँसु छर्दै बिलौना गरी दिन बिताउँछे भने अनेक किसिमका तर्कना कल्पेर नसुतीकनै रात काटिरहेकी हुन्छे । त्यस्तै दोस्रो नमूनामा जन्म दिने भाविनीले मेरो कर्ममा मात्र यस्तो दुर्दशा किन गरी ? न गोठमा गाईभैंसी दुहुना छन् न मेरो कोखमा चित्त बुझाएर दिनकाट्न छोरा नै छ भनेर भाग्य लेख्ने भाविनीले पनि आफूलाई सबै कुराबाट अवहेलना गरी बञ्चित गरेको कुरा नारीको उक्त गीतात्मक अभिव्यक्तिले छर्लङ्ग पार्छ ।

यस्ता किसिमका विरही, करुण तथा रोदन मिश्रित गीतहरूले बाहिर आउन कुनै समयलाई नपर्खी जुनसुकै वखत पनि मानवहृदयबाट अनवरत रूपमा चुही त्यहाँको वातावरणलाई नै एक किसिमको मादक वा आल्हादित तुल्याउने हुँदा बझाडी लोकजीवनले यस्ता लोकलहरीलाई बाह्रमासे गीतका नामले परम्परादेखि चिन्दै आएका छन् ।

अर्को नमूनाः

रोप-रोप रोपन्यारी बियारी गाण बीउँ ।
छ मइनाको एकै खेती पाल्नु छ यति जिउ ।।

हाँगो काट्या भारी पुग्दो घाँस काट्नु बाँजै हो ।
काट्दैन पणको गाजो निम्त्याउँन्या कालै हो ॥

यहाँ माथिको पहिलो नमूना गीतमा छ महिनामा गरिने एउटै मात्र खेतीले धेरै जहानलाई पाल्नुपर्ने अवस्था आएकोले ढिलासुस्ती एवं लापरवाही र ख्यालठट्टामा समय नबिताई रोप्ने र बीउ निकाल्ने सबैले आ-आफ्नो जिम्माको कामलाई राम्रोसँग इमान्दारीताका साथ गर भनेर मालिकले असारे खेतालालाई भनेको छ भने दोस्रो नमुनामा चैत्र वैशाखको महिना असजिला भिरपाखामा चढेर खर काट्नु भनेको कालले निम्तो गरी बोलाउनु हो । त्यसैले खरको लोभमा भिरबाट लडेर मर्नु भन्दा जतातत‍ै पाइने बाँजका स्याउलाको घाँस काटेर गाईभैंसी पालूँला; जसको एउटा हाँगा काट्ने बित्तिकै भारी पुग्छ, अन्त दुःखै गर्नुपर्दैन भन्ने भाव व्यक्त गरिएको छ ।

उल्लिखित गीतका दुवै नमूना कर्मगीतका हुन् । समयको परिवर्तनसँगै मानवीय इच्छा एवं आकांक्षा पनि त्यही परिवेश अथवा परिस्थितिअनुसार प्रस्फुटित वा अंकुरण भई प्रस्तुत गरिने

भएकोले यो गीत सधैं गाइने गीतका रूपमा नभएर बाह्रमहिनाको समयचक्रभित्र आउने विभिन्न ऋतु, कर्म, पर्व आदि अनुसार तिनको गीतका माध्यमबाट भावुकतापूवक वर्णन र व्याख्या गर्ने खालका हुन्छन् । यिनलाई वाह्रभासाको रुपमा चिन्न सकिन्छ ।

## ५.२ बझाङी बाह्रमासे गीतको वर्गीकरण

बझाङ जिल्लामा बाह्रमासे गीत निकै पहिलेदेखि गाइँदै आएका छन् । बालकदेखि बूढाबूढी सबैले गाउँदै आएका यी गीतहरूले समयको गतिसँगै विविध विषयवस्तुलाई विविध लयमा अङ्कन गर्दै आएका छन् । सामाजिक जनजीवन, प्राकृतिक अवस्था, ऐतिहासिक घटनावलीजस्ता परिवर्तनशील विषयवस्तुलाई समेटेर लोककविहरूका अन्तरहृदयबाट यी गीत प्रस्फुटित भइ गुन्जिएका हुन्छन् । यी गीतहरूको संरचनात्मक स्वरूप एउटै भए पनि लोकजीवनले लय नबिग्रने गरी एकल र कहिलेकाहीँ सामूहिक रूपमा गाउनुपर्दा आ-आफ्नै प्रकारका शैलीको प्रयोग गरेका हुन्छन् ।

यसरी बाह्रमासे गीतमा विविध विषयवस्तु र लयका साथै गीत गाउने तरिका पनि फरक-फरक भएकाले बझाङी बाह्रमासे गीतलाई तलका आधारमा वर्गीकरण गर्न सकिन्छ-

(१) लयका आधारमा
(२) विषयवस्तुका आधारमा
(३) गायतका आधारमा
(४) स्वरूपका आधारमा
(५) रसका आधारमा
(६) प्रस्तुतीका आधारमा

### ५.२.१ लयका आधारमा वर्गीकरण

लोकगीतको संरचना अनुसार गीत गाउँदा लिइने विश्राम, उप-विश्राम आदिले लयको निर्धारण गरेका हुन्छन् र यही लयले लोकगीतको चिनारी दिएको हुन्छ । बझाङ जिल्लामा बाह्रमासे गीतको लयलाई 'ठाडो भाका' भनिन्छ र लय मिलाएर गाउनुलाई 'ढप मिलाएर गाउनु' भनिन्छ । यहाँ गाइने बाह्रमासे गीत आक्षरिक संरचनाअनुसार विविध प्रकारका भए पन चौध अक्षरे पदयोजना मिलाई द्विपदीय ढाँचामा पूर्ण हुने यी बाह्रमासे गीतलाई नेपाली झ्याउरे लोकलय झैं पनि

गाउन सकिन्छ । लोक झ्याउरे लयमा नै गाउँदा पनि त्यसको लयलाई अझै मधुर र कर्णप्रिय बनाउन मूल गीतसँगै विभिन्न प्रकारका थेगोहरूको प्रयोग गरेर लामो प्रवाहमा गाइ बाह्रमासे गीतप्रति अन्य श्रोताहरूको मन लोभ्याउन सकिन्छ ।

यसरी एउटै संरचना भएका गीतहरूलाई पनि बझाङी लाकजीवनले लयलाई अझै वर्णप्रिय बनाउँदै गएकाले लयका आधारमा यी गीतलाई निम्नानुसारका दुई भागमा वर्गीकरण गर्न सकिन्छ-

(अ) छोटो लय

(आ) लामो लय

(इ) छोटो लय

**(अ) छोटो लय**

गीत संरचना जस्तो छ त्यही अनुसार गाइने गीतलाई छोटो लयका गीतमा राख्न सकिन्छ । यस्तो लयमा गाइने गीतहरू गति र यति मिलाएर शीघ्रतापूर्वक गाइने हुनाले लय निकै मिठासयुक्त छोटो र छरितो हुन्छ । यसरी गाइने गीतमा प्रायः चौथो, आठौं, बाह्रौं र अन्तिम वर्णमा यति पर्न जान्छ वा विश्राम हुन्छ; जस्तैः

लागला वसन्त ऋतु, काफल पाकी झान्ना ।
म अभावी प्रदेशै छु, साथी भाइले खान्ना ॥

यसरी गाइने गीतहरूको लय प्रायः लिखित रूपसँगै मिल्दछ । बझाङ जिल्लामा यस लयमा गीत गाउने प्रचलन पहिले-पहिले निकै भए पनि वर्तमानमा कम हुँदै गएको देखिन्छ तर डेउणा गीतमा भने यस लयको एकदमै प्रयोग हुने गर्छ ।

**(आ) लामो लय**

बझाङ जिल्लामा गाइने बाह्रमासे गीतको लामो लय पनि दुई किसिमका छन्ः-

**(क) स्वरवर्णको विस्तार गरेर**

प्रायः प्रारम्भमै 'ए' स्वरको स्थापना र विस्तार गरी पछाडिको पद्यांशलाई अगाडि र अगाडिको पद्यांशलाई पछाडि गरेर आवश्यकतानुसार गीतको मूल संरचनामा रहेका

हरेक स्वरलाई विस्तार गर्नाले गीतको संरचना जस्तो छ त्यही अनुसार पनि बाह्रमासे गीतलाई लामो र आल्हादित सुरमा गाउन सकिन्छ । जस्तैः (गीतको मूल रूप)

हात छैन लाग्न्या आँसी, मेली छैन घाँस ।
भाग्य लेख्न्याँ भाविनीअ, तेरो सत्यनाश ॥
(लामो लयको रूप)

ए..मे.ए...लीइ...छैइ..........नअ...............घाआँ...........सअ...........,
हाआ..........तअ.......छैइ..........नअ..........लाआ..........ग्न्याआ..........आआँ..........सीइ ।
ए.........तेए.......रोओ............सअ..........त्यए...........नाआँ............शअ............
भाआ...........ग्यए........लेए.............ख्न्याआँ.......भाआ...........विइ..........नीइ........अ...॥

**(ख) थेगो जोडेर**

यस किमिसको लामो लयमा प्रायः कुनै न कुनै मिल्दो किसिमको थेगो जोड्ने गरिन्छ । गीतको मूल संरचनाको अगाडि, पछाडि वा बीचमा थेगोहरूको प्रयोग गरेर श्वासलाई पनि लामो प्रवाहमा लिइ वा आवश्यकतानुसार स्वर वर्णको विस्तार गरी गाइने गीतलाई लामो लयका गीत भनिन्छ । लोकजीवनले प्रायः एक्लै र कहिलेकाहीँ दुईचार जनाको समूहमा गाउँदा प्रयोग गरिने थेगोयुक्त गीतहरूको लय निकै श्रुतिमधुर र कर्णप्रिय हुन्छ । यस्ता गीतहरूमा विश्रामस्थान पनि निश्चित हुँदैन । यसरी प्रयोग गरिने थेगोले गीतको मूल भावलाई केही असर नगरी लयमा झन् बढी श्रुतिमधुरता थप्ने काम गर्छ; जस्तैः ......रेलपन...........बौलो जोवन

घर छन् सौतेनी आमा रेलपन, वनै खाइहेल बाग नौलो जोवन ।
परदेशी हुँ परदेश जान्छु रेलपन परदेश मेरा भाग बौलो जोवन ॥

.....लाहुरे घुर खेलाउन्या घुरीको कवाज खेल्दै रुँदै राम कलु.......

भोट्याले लाल पाखी बुन्यो लाहुरे.........कलु भोट्यानीलाई जामा
यी दिन मु कसरी काटु लाहुरे...........कलु मइना भन्दा लामा ॥
.....छान्ना थलाराको सेरो............बौजू माया रै त्यो तेरो मेरो

लागिग्यो बसन्तऋतु छान्ना...........चैत काफल पाक्दा बौजु...........मेरो ।
म सधैं प्रदेशी भयाँ छान्ना..............करजका लाग्दा बौजु..........मेरो ।

............लापरेवा........

कालो लेक रमाइलो होला ला परेवा काफल पाकन्नारे काफल पाकन्ना रे ।
घणी नखटादी होल्ली ला परेवा झल्का लागन्ना रे झल्का लागन्ना रे ॥

यस्तै-यस्तै धेरै प्रकारका थेगाहरू बाह्रमासे गीतका अगाडि, पछाडि वा बीचमा प्रयोग गरिन्छन् र निकै लामो लयमा गाइनु बझाङी बाह्रमासे गीतको मुख्य पहिचान हो । यसरी गाउँदा एक गीतमा करिब १ मिनेटसम्म पनि लयलाई प्रवाहमा लिइराखेको पाइन्छ । यस्ता लामो लयमा गाइने गीतहरू निकै कर्णपिय र श्रुतिमधुर हुने भएकाले वनजंगलमा एकल एवं दुईचार जनाको समूहमा आफ्ना मनका अभिव्यक्ति र अनुभूतिहरू यस्तै लयमा पोखेर आनन्द लिइन्छ र वातावरणलाई नै भावुक बनाइन्छ ।

यसरी गीतको संरचना र मूल लय झ्याउरेसँग मिल्ने भए पनि स्थानीय गायकहरूले लयलाई अझै आकर्षक र लालित्यपूर्ण बनाउन केही न केही मिल्ने खालका थेगाहरूको प्रयोग गरेर लामो प्रवाहमा गाइने भएकाले अन्य गीतभन्दा बाह्रमासे गीत पृथक भएको हो ।

### ५.२.२ विषयवस्तुका आधारमा वर्गीकरण

बझाङ जिल्लामा बाह्रमासेगीतको परम्परा निकै पहिलेदेखि चलिआएको छ । समाजका सबै उमेर, लिङ्ग र वर्गका मानव हृदय एवं मनका अभिव्यक्ती र अनुभूति पोख्ने माध्यमका रूपमा रहेका बाह्रमासे गीतहरूले विविध विषयवस्तुलाई समेटेको पाइन्छ । परिवर्तनशील संसारका बहानामा वर्तमानसमयमा आएर आधुनिकका नाममा लोकगीतले विकृतिहरू सहन गर्नु परे पनि र त्यस्ता विकृति च्याउ झैं उम्रे पनि आखिर परम्परित मानवसँगै अहिलेको एक्काइसौ शदीको खोल ओड्ने कलाकारले फर्केर हेर्ने ठाउँ जसलाई ऊ 'पाखे' को नाम दिएर घृणा गर्थ्यो; हो त्यही बाह्रमासे वा बाह्रमासा गीतको मूल रूप नै हो; जो अनवरत तरिकाले परम्परादेखि आजसम्म आफ्नो बाटो नबिराइ बाँचिलरहेको छ र सर्वसाधारणका बाह्रमासे जिब्रोमा गीतले सामाजिक, आर्थिक, धार्मिक अवस्था लगायत समाजले मान्दै आएका रीतिरिवाज, चालचलन, भेषभूषा, जातभत जस्ता संस्कार र संस्कृतिका कुराहरूका साथै मानवीय जीवनमा आइपर्ने सुख-दुःख, हर्ष-विस्मात्, आँसु-हाँसो, ओराली-उकाली, मिलन-विछोड जस्ता उमङ्ग र बेदनाका कुराहरू
यिनै बाह्रमासे गीतका शब्दहरूमा संयोजित भएका हुन्छन् । त्यस्तै आर्थिक विषमता, भ्रष्टाचार र शोषणले गर्दा विदेशिनु पर्ने बाध्यता, प्रेमी-प्रेमिकाको प्रेम-प्रणयको

साटासाट, समाजका रुढि-परम्परा, नारीले भोग्नुपर्ने कष्ट र प्रताडना समाजमा देखिने विकृति र विसङ्गतिजस्ता सामाजिक जनजीव्नका सम्पूर्ण तीता-मीठा कुराहरूलाई समेटेर बाह्रमासे गीतहरू लेक-बेसी, वनपाखा, देउराली, ओराली उकाली खेतका आली-आली जतातते सबैका बाह्रमासे जिब्रोमा झुन्डिएर मधुर स्वरमा गुन्जिरहेका सुनिन्छन् । प्रकृतिको नियमसँगै परिवर्तन भएर देखिने प्राकृतिक दृश्यावली, दैवीय आपत्ति-विपत्ति, परिस्थितिजन्य विसङ्गति आदि जस्ता कुराहरूलाई पनि लोकजीवनको भावुक हृदयले वनजंगलमा वा एकान्त स्थानमा एकल रूपमा सुसेल्दै गरेका उमंग र विरहवेदनाका आल्हाद्रित कोकिलकण्ठले सदैव बाह्रमासे गीतको परिचय गराउँछ ।

समष्टिमा भन्दा बझाडी बाह्रमासे गीतमा समाजका रीतिरिवाज, संस्कार एवं संस्कृतिका साथै प्राकृतिक परिवेश, ऐतिहासिक घटनावली, मानवीय जीवनका विविध क्षणहरू सम्पूर्ण कुराहरू अंकित भएका हुन्छन् । यसरी विविध विषयवस्तुहरू यिनै बाह्रमासे गीतमा समेटिने हुनाले उक्त सबै पक्षहरूलाई समेटेर वर्गीकरण गर्नु न्यायोचित हुने भएकाले विषयवस्तुका आधारमा बाह्रमासे गीतलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छः

(अ) प्रकृतिप्रधान बाह्रमासे गीत

(आ) मानवीय क्रियाकलापप्रधान बाह्रमासे गीत

## (अ) प्रकृतिप्रधान बाह्रमासे गीत

प्राकृतिक दृष्टिले धनी बझाङ जिल्लामा प्रकृतिका विभिन्न स्वरूप र समयको चक्रसँगै देखिने र बिलाउने प्रकृतिका विभिन्न रूपहरूलाई अंकन गरेर गाइने गीतहरूलाई प्रकृतिप्रधान गीत भनिन्छ । बझाङ जिल्लामा यस प्रकारका गीतहरू जतातै सुन्न पाइन्छन् । भिर-पाखा, खोलानाला, हिमाल-पहाड, वनजंगल, डाँडाकाँडा, ओराली-उकाली जस्ता विविध भू-भाग मिलेर बनेको यस जिल्लामा तिनीहरूको महत्त्व, संरक्षण, सदुपयोग, दुरूपयोगजस्ता कुराहरूका साथै त्यस्ता भूभागबाट मानवीय जनजीवनमा आइपर्ने दुःख सुखका भाव र अनुभूतिहरू लोकहृदयले बाह्रमासे गीतमा समेटेर स्पष्ट्याएका हुन्छन् । यस्ता गीतहरूमा त्यहाँका प्रत्येक खोलानाला, वनजंगल, डाँडाकाँडा, भौगोलिक सिमाना, हिमाल-पहाडजस्ता सम्पूर्ण स्वरूपहरू बोलेका हुन्छन्; जस्तै

१. कञ्चनजङ्गा हिउँ भइराख्नु सगरमाथा हुँला ।
बग्दै रनु सेतीगंगा अंजुलीले पिउँला ॥

२.	फुली राख्नु लालीगुराँस म हिमालयको बेसी ।
	हरिया जंगल बीचमा छहराको नेती ॥

३.	धवलागिरी बनी दिउँला तिमी बेसी भया ।
	बगुला कर्णाली बनी हिउँद सुक्न गया ॥

४.	मालिका धरमी डाँडा ऋषिकुण्ड मेला ।
	हिमाल हिउँ पहाड गुराँस तराई भक्ति केला ॥

५.	डिलकोटेली डाँणामाणु धेक्किदो घाट है ।
	दुख्ख धेक्छु सुवा तेरा प्रदेश बाट है ॥

यस्तै-यस्तै प्रकारका स्थान चिनारी सम्बन्धी गीतहरूका साथै त्यहाँका खनिज सम्पदा, जंगली जनावर, नदीनाला र जीवजनावरबाट जनजीवनमा पर्ने अप्ठ्यारो जस्ता कुराहरू पनि बाह्रमासे गीतका माध्यमबाट स्पष्टिन्छ; जस्तैः

१.	मकै खाँदाई गहुँ खाँदाई गाँतलाका बाँदर ।
	ओणो यसै पुणो यसै क्या चल्दो हो जाँगर ॥

२.	हिउँद पानी बर्खा हानी सेतीले अदैछ ।
	बाला हाँसो बृद्धा नाशो जिन्दगी यसैछ ॥

३.	काग बस्या काउलीका रुख काल्च्या हुन खोलाका ।
	चणो मुसै शत्रु लाग्दा यै माइस चोलाका ॥

त्यस्तै समयको चक्रसँगै देखिने र बिलाउने वसन्तको सुगन्धित वातावरण, वर्षायामको हरियाली, ग्रीष्मको गर्मी एवं सुख्खापन, हेमन्तको हिउँ र तुषारोजस्ता प्रकृतिका विभिन्न रूपहरूलाई पनि लोकजीवनले बाह्रमासे वा बाह्रमासा गीतका शब्दमा समेटेका हुन्छन् । वसन्तको मगमगाउँदो वातावरण, कोइलीको कुहुँ-कुहुँ आवाज, लालीगुराँसले रङ्गिएको जंगल, वर्षायामको हरियाली, उर्लंदो हुरी र बतास, नाङ्गा डाँडाकाँडा आदिआदि प्रकृतिका विभिन्न रूपहरूले मानव हृदयलाई निकै भावुक वा उदासीन बनाएका हुन्छन् । कुनै अवस्थाले लोकलाई गीतसँगै उमङ्गमा नचाएको हुन्छ भने कुनै अवस्थाले आँसुमा भिजाएको हुन्छ । जस्तो भए पनि लोकले प्रकृतिका ती

राम्रा-नराम्रा सबै अवस्थालाई टिपोट गरी वनजंगल, खोलानाला, पहाड-बेंसी, घाँसेफाँट, खेतवारी जहाँ भए पनि बाह्रमासे गीतको मधुर एवं सुरिलो भाकामा गाएर आ-आफ्ना अनुभव र अनुभूतिहरू पोख्छन् र आनन्द लिन्छन् । यस्तो अवस्थामा गाइने केही गीतहरू हेर्दा यस्ता देखिन्छन्:-

१. अषाण हरिया बीउकी भुरुणी काटुकी ।
छ कि साइ सेरीखेत रोपाइँ चुलठी बाटुकी ॥

२. कालो लेक रमाइलो हुँदो काफलु पाक्नाले ।
बझाङ राउणो हिउँदमास हिउँले ढाक्नाले ।

३. वनै भरि लालीगुराँस खेतैभरि प्याउली ।
फागुनदेखि बैशाखसम्म सँगै गाउन्या न्याउली ॥

४. साउनभद्ध वाणी-पैरा चैत-बैशाग रुणा ।
जेठमास गर्मी हुँदी पुष बाल्ना मुणा ॥

५. ऐंसेलु पाक्याका वन काफल पाकि झान्ना ।
मु अभागी प्रदेशै छु साथी सङ्गी खान्ना ॥

६. फूल फुल्दा असोजका मइना घरका आँगन ।
भाइपूजा भाग्यमै छैन क्या आउला भाइपन ॥

७. बैशाग पहेला गौंकि बाटि लाउनु घोगी ।
घर आ साइ प्रदेश छोडि बरु हौंली जोगी ॥

८. लाउँ भन्या कपणा कसा खाउँ भन्या झाल कसा ।
कइल्यै रुणा कइल्यै बाणी समयकाल कसा ॥

९. शरदको आकाश कसो पुनिको जून कसो ।
समुद्रको पानी कसो माइसको खुन कसो ॥

१०. गाँतला भैंसीका खर्क दोगाण्याका स्याउला
खेतभरि जमात्या घाँस डिट-भिटा प्याउला ॥

यस्तै प्रकारका प्रकृतिकमा विभिन्न अवस्था र दृश्यहरूलाई उद्दीपन विभाव र अलङ्करण सामग्री बनाएर आफ्ना भावको अंकन गरिएका निकै गहिराई गाइन्छन् । यी गीतहरूले त्यहाँको प्राकृतिक दृश्यलाई झल्काउनुका साथै त्यसले बझाङी जनजीवनलाई पार्ने मानसिक र भौतिक प्रभावका बारेमा पनि स्पष्टयाएका हुन्छन् ।

### (आ) मानवीय क्रियाकलापप्रधान बाह्रमासे गीत

बझाङ जिल्लामा गाइने बाह्रमासे गीतहरूमध्ये सामाजिक जनजीवन, रीतिरिवाज, संस्कृति, प्रेम-प्रणय आदिजस्ता विभिन्न परिवेश तथा परिस्थिति एवं अवस्थाका कुराहरूलाई लिएर अंकन गरी गाइने गीतलाई मानवीय क्रियाकलापप्रधान गीत भनिन्छ । परम्परादेखि नै बाह्रमासे गीत गाउने प्रचलन रहेको यस जिल्लामा समाजमा चल्दै आएका संस्कार, संस्कृति यावत कुराहरूलाई यहाँको जनजीवनले बाह्रमासे गीतका माध्यमबाट बचाइ आजसम्म ल्याइपुऱ्याएका छन् । त्यस्तै वर्तमान समाजको आर्थिक-शैक्षिक अवस्था, धार्मिक विश्वास-मानमर्यादा, विकृति र विसङ्गति, परम्परित मान्यताप्रति आस्था-अनास्था, अन्याय र शोषण, परम्परित रुढिपिंढीले खुम्चिएको जनजीवनको अवस्था आदि विविध कुराहरूलाई समेटेर बाह्रमासे गीतहरू गाइएका हुन्छन्; जस्तैः

१. चोखाजाति सुनसरी बिटुला फलाम्या ।
तलमाथि भेद हाल्या धर्मै हो विकाम्या ॥

२. घरघर नाई बाबजीका जंगल डेरा नाई ।
न छोड्नु कुलको धर्म स्वर्ग र नर्क याँई ॥

यहाँ पहिलो गीतले ठूलो जातका भनिनेहरू जहाँतहीँ चढाइने वा काममा आउने सुन र तल्लो जातका मानिस कही काम नलाग्ने फलाम जस्तै बिटुला भनेर मानिस-मानिसमा पनि भेदभाव गर्ने धर्म 'बिकम्मा' नै हो भन्ने अर्थ व्यक्त गर्न खोजेको छ भने दोस्रोले; जस्तैः समाजको मूल्यमान्यता, चालचलन, रीतिरिवाज आदिलाई कोइ व्यक्तिले छोडेर साधुको स्वाँङ रची आफ्नो कर्तव्यबाट टाढा हुँदा न घरको न घाटको झैं हुन्छ, त्यस्तै कुलको धर्म आत्मासाथ पालना गऱ्यो भने मानिस नै देवता बन्छ र पृथ्वीमै स्वर्ग प्राप्त गर्छ । यदि बाबुबाजेको धर्मलाई पालना गरेन भने उसले पृथ्वीमै नर्कको अनुभूति गर्न बाध्य हुनुपर्छ भनेर कुलको धर्म मान्नुपर्छ भन्ने भाव व्यक्त गर्न खोजेको छ ।

यसरी परम्परित तथा सामाजिक धर्म-कर्म, रीतिरिवाज, चालचलन, संस्कार-संस्कृति सहमति र बिमतिका सम्बन्धमा प्रस्तुत गीतको भाव यहाँ व्यक्त भएको छ ।

त्यस्तै प्रकारले व्यक्तिगत जीवनयापनका लागि कठोर परिश्रम गरे पनि हातमुख जोर्नका लागि आइपर्ने समस्या, गरिबी र शोषणले गर्दा विदेशिनु पर्ने अवस्था, प्रेमी-प्रेमिकाको प्रणयभावको साटासाट, सामाजिक अत्याचारमा पिल्सिएको नारीको रोदन आदि जस्ता उमङ्ग वा वेदनाहरू पनि बाह्रमासे गीतका माध्यमबाट व्यक्त गरिएका हुन्छन्: जस्तैः

१. हिउँद काट्याँ बरिखा काट्याँ नाँगनाँगाइ पिठीले ।
छोराछोरी रुल्लटुल्ल क्या अरु चिठीले ।

२. घर छ खरल्या सासु बनै खाइहेल बाग ।
खाउँ-खाउँ भन्दो बालोउमेर नहाल्याका भाग ॥

३. गाउँ घर खायो मुखियाले देश खायो ठालुले ।
एक खेत छियो साउले लियो पेट पाल्छु आलुले ॥

४. तँ होइर फूलको भाणी मु हउँला भुमरो ।
बाह्रैमास घुम्दै रउँला आश मानी तुमरो ॥

यहाँ पहिलो गीतमा आधा शरीरलाई ढाक्ने फाटेका लुगा लगाएर नाङ्गो न नाङ्गो शरीरुमा मैले हिउँद र बर्खा (वर्षायाम) कष्टका साथ बिताएँ भने छोराछोरीले पनि लगाउन र खान नपाई नाङ्गै र भोकै टुहुरा जस्तै दिन गुजारिरहेका छन्; यस्तो अवस्थामा पैसा पठाएको भए केही गर्जी टारिन्थ्यो, यो चिठीका पाना मात्रले के गरु भनेर स्वदेशमै दैनदीनमा बसेर रहेकी नारीले विदेशमा रहेका पतिको पत्र पाउँदा व्यक्त गर्न खोजेका भावना दर्शाइएका छन् भने दोस्रो गीतमा एकान्त जंगलमा काम गर्न गएकी, बुहारीले घरमा कर्कसा तथा सधैं अपजस गर्ने कठोर हृदयकी सासु भएकीले घरमा फर्केर जानुभन्दा यही बनका बाघको आहारा बनेर मरुँ र केही नपाएर पनि हरेक कुराको चाहना गर्ने यो बालो उमेर व्यर्थ छ भन्न खोजिएको छ । त्यस्तै तेस्रो गीतमा गाउँ घरदेखि केन्द्रसम्मै ठूलाठालुहरूले गरिब सर्वसाधारणमाथि गरेको शोषाण र दमनबारे व्यक्त गर्न खोजेको छ भने चौथो गीतमा दुईप्रेमी-प्रेमिकाबीचको प्रणय प्रेनलाई विप्रलभ्भ श्रृङ्गाररसभावमा व्यक्त गन खोजेको प्रष्ट हुन्छ ।

यसरी यी गीतहरूले एकातिर सामाजिक चालचलन, रीतिरिवाज, संस्कार-संस्कृति, भेषभूषा, मानमर्यादाजस्ता कुराहरूलाई समेटेर सिङ्गो सामाजिक अवस्थाका चित्र दिइएको छ भने अर्कातिर व्यक्तिगत जीवनमा आइपर्ने सुख-दुःख, मिलन-विछोड, प्रेम-प्रणय आँसु-हाँसो, हर्ष-विस्मात् लगायत नारीहरूका पिडा, आर्थिक दुर्दशा र ठूला-वडाको खोल ओढेर सर्वसाधारण एवं गरिब-निमुखामाथि शोषण र दमन गर्ने जस्ता उमङ्ग र बेदनाका भावनालाई व्यक्त गरेका हुन्छन् । यस्ता विविध कुराहरूको अंकन गर्ने यी गीतहरूलाई पनि सजिलो अध्ययनका लागि अलग-अलग रूपबाट हेर्नु उपयुक्त हुने भएकोले तिनलाई निम्नानुसार देखाउन सकिन्छ:

**(क) सामाजिक रीतिरिवाजसम्बन्धी बाह्रमासे गीत**

जुनसुकै समाजको पनि आफ्नै किसिमको सामाजिक रीतिरिवाज र चालचलन हुन्छ । यो रीतिरिवाज र चालचलनलाई मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा पुऱ्याएर जीवित राख्ने काममा त्यही समाजको लोकसाहित्य मुख्यतः लोकगीतले ठूलो भूमिका खेलेको हुन्छ । समुच्च समाजकै बझाङ जिल्लामा पनि परम्परादेखि समाजले मान्यता दिँदै अवलम्बन गरेका सामाजिक रीतिरिवाजलाई सधैं बचाइराख्ने काममा बाह्रमासे गीतले निकै ठूलो भूमिका खेलेको छ । त्यहाँ गाइने अधिकांश बाह्रमासे गीतहरू सामाजिक रीतिरिवाजसँग सम्बन्धित पाइन्छन् । समाजमा बस्ने जातजाति, तिनीहरूले गर्ने धर्मकर्म, देवीदेवताहरूप्रतिको विश्वास, ईश्वरप्रतिको आस्था, पुनर्जन्मको धारणा, नारीप्रतिको दृष्टिकोण, सामाजिक मानमर्यादा, जातीय पेशा, आधुनिक शिक्षाप्रतिको धारणाजस्ता अनेकौं सामाजिक मान्यताहरू लोकजीवनले गाउने बाह्रमासे गीतका शब्दशब्दमा र लयलयमा समायोजन गरिएका हुन्छन् भन्ने कुरा तलका केही गीतहरूबाट स्पष्ट हुन्छ; जस्तैः

१. जोवन गयो पौरख गयो सबैले हेप्ता छन् ।
भोको नाङ्गो धेक्यापछि गाउँल्याले चेप्ता छन् ।

२. माइत मेरी आमा छैनन् पोइल सौंत्या गाँठो ।
कोइ छैन एक्लाकी एक्ली मन बुझाउन्या बाटो ॥

३. अझ पनि अर्दाइ छौ कि देवीको भाकन ।
छोइ-छिटो हाल्दाई छौ कि समय ग्यापन ।

यहाँ पहिलो गीतमा शारीरिक र आर्थिक कमजोरीका कारण समाजमा सबैले हेला गर्ने र निर्दोषीलाई पनि दोषारोपण गर्ने गर्छन् भन्ने अर्थमा बुढेसकाल लागेपछि र गरिबीका कारण भोकोनाङ्गो रहेपछि आफू बसेको गाउँका छिमेकीहरूले पनि अनावश्यक दुःख दिन्छन् भनेर समाजमा गरिब र धनी, बलिया र निर्बलिया बीचको भेदभावका बारेमा दर्शाउन खोजेको छ । दोस्रो गीतमा नारीका समस्यालाई लिएर देखाउने क्रममा माइतमा आफूलाई माया दिने आमा नभएको र घरमा पनि रात दिनै झगडा गरेर पिरोलिरहने सैतासँगको जीवनयापनले गर्दा आड भरोसा दिने कोही पनि नभएर सदा एक्ली तड्पिएर बाँच्न बाध्य स्त्रीको ताडना एवं सास्तीलाई यहाँ दर्शाइएको छ । त्यस्तै तेस्रो गीतमा सामाजिक रीतिरिवाज, चालचलन, धर्मकर्म, जातभात एवं छुवाछुतका बारेमा व्यक्त गर्ने क्रममा मान्छे-मान्छे बीचको भेदभाव गर्ने समय नरहे पनि तपाइँहरूले अझसम्म त्यो मानवीय धर्म विपरित जातीय उचनिय एवं छुवाछुत र धामी झाँक्री तथा पत्थर पुग्नेजस्ता रुढीवादी परम्परा छोडेका छैनौ कि ? भनेर सानाजातका मानिने वर्गका व्यक्तिले ठूलाजातका भनाउँदालाई मानवीय चेतनाका बारेमा दर्शाउन खोजेको छ ।

यस्तै प्रकारले समाजमा परम्परित धारणाअनुसार मान्छेका सम्पूर्ण दुःख, सुर्ता र आपतका कारणका रूपमा भाग्य र कर्मलाई अघि सारेको छ भने अज्ञान र भ्रमलाई संकाको नजरले हेर्दै त्यस्ता परम्परागत धारणाप्रति औंला ठड्याउने परम्पराको पनि प्रारम्भ भइरहेको छ; जस्तैः

१) तल काट्याँ मालु लरो टुपा गई बेरियो ।
कि लेख्न्या भाविनी भुली कि कलम फेरियो ॥

२) जेठाजु भैंसीका खर्क जेठानी छुइ छन् कि ?
आदी सुखी-आदी दुःखी भगवान् दुई छन् कि ?

३) हात छैन लाग्न्या आँसी मेली छैन घाँस ।
भाग्य लेख्न्यामा भाविनीअ तेरो सत्यनाश ॥

४) भाविनीले भाग छुट्याउन मकन भुलिगई ।
एक बैरी भगवान छियो अर्को बैरी तुँ भई ॥

यहाँ पहिलो गीतमा भाविनीले लेख्न भुल्नु, अर्को कलम फेरिनु, सुदिनमा जन्म नहुनु अथवा कर्म खराब हुनाले नै दुःखका दिन निम्त्याइएको कुरा व्यक्त गरिएको छ । त्यस्तै दोस्रो गीतमा केही

सुखी र केही दुःखी हुने गरी मान्छेलाई छुट्याउने भगवान् एउटै हुन सक्दैन भनेर परम्परागत धारणामाथि प्रहार गरिएको छ । यसैगरी तेस्रो गीतमा भाग्य निर्माण गर्ने भनिने भाविनीको सत्यनाश होस् भन्दै धारे हातले ठटाइएको छ भने चौथो तथा अन्तिम गीतमा भगवान्लाई बैरीका रूपमा लिइएको छ । यहाँ दुःखिले सधैं दुःखमै र सुखीले सधैं सुखमै बाँच्नु पर्ने नियमप्रति व्यंग गरिएको छ ।

यसरी समष्टिमा हेर्दा बझाङ जिल्लामा गाइने बाह्रमासे गीतले समाजका अनेकौं रीतिरिवाज, चालचलनलाई समेट्नुका साथै अन्धविश्वासी र समाजलाई साँघुरो घेरामा राख्ने परम्परित मान्यताको विरोधका कुराहरूलाई पनि समेटेको पाइन्छ । यसरी गाइने गीतहरूमा सिंगो समाज र सामाजिक अवस्थाका सबै कुराहरू अभिधारात्मक मात्र नभएर लाक्षणिक रूपमा पनि समेटिएका हुन्छन् ।

### (ख) कर्म वा श्रमसम्बन्धी बाह्रमासे गीत

कर्मगीतको शाब्दिक अर्थ धेरै लागे पनि लोकसाहित्यिक सन्दर्भमा भने यसको आर्थ श्रमगीत वा कामका गीत भन्ने हुन्छ । श्रमगीतले लोकलाई एकतर्फ आफ्ना दैनिक दिनचर्या वा काम गर्न नयाँ नयाँ जोस र जाँगर प्रदान गर्छ भने अर्कोतर्फ श्रमको थकानलाई बिर्सेर आनन्द दिलाउन मद्दत गर्छ । विशेष गरी बाह्रमासे गीत लोकगीतको एक महत्त्वपूर्ण पाटो भएकोले यसमा नै स्थानीय जनजीवनको जन्मेदेखि मृत्युप्रयत्नसम्मका सम्पूर्ण व्यथाहरू एवं आँसु-हाँसो अर्थिएर आएका हुन्छन् । यसैले के जेठे, के असारे एवं रोपाइँ, के हली एवं बाउसे, के घाँसे एवं भदौरे यी सबै कर्म वा श्रमगीत नै हुन् । विशेषतः काम गर्दा लोकले त्यसबाट अनुभव वा अनुभूति गरेका आनन्द र कठिनाई दुवै पक्षको विस्तार यिनै गीतका माध्यमबाट प्रकट गरेको हुन्छ, यसैले बाह्रमासे गीतभित्रको महत्त्वपूर्ण एक पाटोका रूपमा कर्मगीतलाई लिने गरिन्छ । विशेष गरी ग्रामीण क्षेत्रका किसानसँग सम्बन्धित कर्मगीत दुईचार महिनाको विश्रामपछि पुनः क्रियाशील रहने भए पनि उनीहरूको हृदयका त्यसप्रतिका भावना भने झन मलजल पाएर फष्टाएका हुन्छन् । नेपालीहरूको अधिकांश जीवन कृषिकार्यमै बित्ने भएकोले पनि हुनसक्छ, श्रमगीतले नेपाली समाजमा ठूलो ठाउ ओगटेको छ, जुन कुनै नौलो विषय होइन । कुनै साहित्यिक विधाका रूपमा चिनेर वा नचिनेर जे भए पनि कर्मगीतलाई कामप्रतिको उत्प्रेरक र थकानको सुलभ माध्यम स्थानीय जनजीवनले बनाएको हुन्छ ।

उल्लिखित कुराहरूलाई बझाङ जिल्लाको परिप्रेक्ष्य वा परिवेशमा हेर्दा यहाँका लोकजीवनबाट यस्ता प्रकारका उत्साह, प्रेरणा र थकित-गलित मन एवं शरीरलाई सान्त्वना एवं आराम दिलाउने किसिमका बाह्रमासे गीत जो कर्म गीत अन्तर्गत पर्दछन् ती परम्परादेखि संरक्षित गरिँदै आजसम्म आएका छन्, यसैले यस्ता कर्मगीत बझाङी जनजीवनका परिचयका विषय नै मान्नुपर्छ । कर्मगीतको विषवस्तु प्रष्टै रहे पनि त्यहाँको जनजीवनले गर्ने श्रम वा कार्यमा विषयगत विभिन्नता पाइन्छ । त्यस अन्तर्गत कहिल्यै वीरह वेदना एवं पिडा सम्बन्धी गीत त कहिल्यै हर्ष उल्लासका गीत, कहिल्यै प्रेमीप्रेमिकाका मिलन बिछोड सम्बन्धी तीता-मीठा प्रणयभावुकताका राग त कहिल्यै नीति-नियम एवं धर्म-कर्म सम्बन्धी गीत । त्यस्तै कहिल्यै काम गर्दाको थकानका गीत त कहिल्यै त्यसबाट पाइने आनन्दका गीत सुसेल्दै गरेर आफ्नो दिनचर्याक्रम पूरा गरी विश्रान्ति लिनु बझाङी जनजीवनको श्रमगीतप्रतिको पहिचान हो । यसै सिलसिलामा यहाँको लोकजीवन कहिल्यै जेठको टन्तलापुर घाममा चैते धान गोड्दै आफ्ना मनका बह प्रत्येक धानका बोट र गर्मीले तर्तरी चुहेका प्रत्येक पसिनाका थोपासँगै पोख्छन् भने कहिल्यै असारे हिलोसँग रमेर त कहिल्यै साउने सिमसिम र छिनछिनको झरीमा कुहिरोले छोपेका वनपाखामा घाँसे गीत गाएर । त्यस्तै त्यही लोकजीवनले असोज-कार्तिकको बाली वा दाइँगीतमा नयाँ सपनासँगको प्राप्तिसँग नयाँ जोस र जाँगरका श्रमगीत सुसेली थकान एवं आनन्द लिन्छन् भने यता मंसीरमा हली एवं बाउसे गीत गाएर खेतका आली-आली र कान्ला-कान्लामा श्रमगीतका मीठा एवं सुरिला ध्वनि घन्काउँछन् । यति मात्रै होइन जेठ-बेशाखको गर्मीसँगै गाइने लोक लहरी पुष-माघको उग्र चिसोमा पनि कामको चौतर्फी चपेटाबाट आफू उम्केको महशुस गर्दै थकानका वा बिनामका कर्मगीत गुन्गुनाएर आपसमा रमाइलो गरी नै रहेका हुन्छन् भने फागुनमा फागु गीतको सुसेलीले बसन्ते गीतको आगमन गराउँदै बैशाखी तथा विषुगीतको प्रतिक्षासँगै गहुबाली भित्र्याउने आशामा औँलाका टुप्पामा अब यतिदिन बाँकी भन्दै कर्मका गीत चुहाइ रहेका हुन्छन बाह्रमासे जिभ्रोबाट; जस्तैः

१) असाण हरिया बिइकी भुरुणी बाटुकी ।
छकि साइ गैरी खेत रोपाई चुलही बाटुकी ॥

२) घामले कलेजी पोल्यो बेल छोपी दे बाल्दा ।
जेठ घाम न पुष जाणी यै लादाका लाग्दा ॥

३) मेली लुछ्या पलायाका काट्या सक्क छिनमा ।
भइसो किनी लेक झानु दुनु यिनै दिनमा ॥

यहाँ पहिलो गीतमा यदि साइका खेतमा रोपाइँ छ भने म कपाल कोरेर चिटिक्क परी सिंगारिएर आउँछु किन भने असाढका धानका हरिया बिउको भुरुणी बनाएर सिउरिन मलाई ज्यादै मनपर्छ भनेर असाढमा एक स्त्रीले आफ्ना मन मिल्ने देवरलाई व्यक्त गरेको भाव उक्त गीतका माध्यमाट दर्शाएको छ । त्यस्तै दोस्रो गीतमा यो पेट भएर नै मनुष्यले जेठको गर्मीलाई गर्मी र पुषको चिसोलाई चिसो नभनीकन सधैं एकनासले काममा जोतिनु परेको हो । यो घामले पनि भित्री कलेजी जल्न लागि सक्यो, बरु उताको बादल यता आएर सूर्यलाई ढाकि देऊ न ! भनेर जेठको टन्टलापुर घामले गर्दा खल्खल्ती बगेका पसिना पुछ्दै गरेकी स्त्रीले उक्त कुरा जेठको घैया गोड्दै गीतका माध्यमबाट व्यक्त गरेको छ । त्यस्तै तेस्रो गीतमा साउन-भदौको जतातत्तैको हरियाली नै हरियाली तथा जहातही 'लुछ्या' नामको घाँस पाइने हुँदा यस्तो समयमा दुहुनु भैंसी किनेर गोठमा जानु धेरै आनन्द र रमाइलो लाग्थ्यो भन्ने भावका साथ वर्षायामको वर्णन गर्न खोजिएको छ ।

समाजमा विभिन्न नाम र बहानामा सर्वसाधारणलाई ठूलावडा भनाउँदाहरूले थिचोमिचो गरिहेका हुन्छन् । त्यस्तै बाह्रमासे गीतको मुख्य एक पाटोको रूपमा रहेको श्रमगीतमा किसानहरूका भावना छचल्किने हुँदा तिनीहरू टाढा रहे पनि सधैं त्यही खेतवारी, त्यही वनपाखा, त्यही खोला-नाला, त्यही ओराली-उकाली र त्यही मेलापातको हर्दम यादमा त्यस बेलाका अनुभव र अनुभूतिलाई बटुली गीतका रूपमा गुन्गुनाउने गर्दछन्, जस्तैः

१) असाण लायाँ मंसिर लायाँ मल्लाघर साउका ।
हात छोण्या भण्दैन दिंसा ठूलाबणा नाउका ॥

२) बर्सि दे फागुनका मैना चैताणी धानखी ।
जोत्न सक्या धर्तीमाता जन्मिन्छन् जानकी ॥

३) ताजाइ छन् कि हलका बल्ल खेतीपाती लाउन ।
सम्भन्छु मंसिरेको मैना सकिँदैन आउन ॥

४) बाउरु लायाँ तिउरु लायाँ मंसीर गउ बुन ।
दाइना भया कुटीमाटी फल्या सरी सुन ॥

यहाँ पहिलो गीतमा सर्वसाधारणले ठूलाबडा भनाउँदाको जति चाकडी गरे पनि उनीहरूबाट कुनै दया नदेखाइने हुँदा ठूलावडा मान्छे भन्नु एक नाम मात्रका हुन् जो समाजको कलंक हुन् भन्ने

अभिव्यक्ति पाइन्छ भने दोस्रो गीतमा जमिनलाई धर्तीमाला र त्यसबाट उब्जने अन्नबालीलाई जानकीको रूप ठान्दै बर्षा आयो भने मात्र खेत जोतेर खेत रूपी धर्तीमाताबाट अन्नरूपी जानकारीको जन्म हुन सक्ने कुराको अभिव्यक्ति सधैं घर्तीसँग जुधेर खेतमै पसिना पोखी खेतमै जीवन बिताउने किसानले दिन खोजेका छन् । त्यस्तै तेस्रो गीतमा घरमा खेतीपाती लाउने गोरुलाई के कस्तो छ ? मंसिरका महिना खेतमा काम गरेको झल्झली सम्झना आउँछ, के गर्नु ! गरिबीहालले गर्दा सोचेको पुग्दैन भनेर गाउँ-घर छोडेर विदेश गएको प्रदेशीले किसानहरू घर छोडेर गए पनि उनीहरूलाई श्रमप्रतिको चासो र वस्तुभावको ख्याल कति हुँदो रहेछ भन्ने कुराको वास्तविकता यहाँ व्यक्त भएको छ । अन्तिम गीतमा हे धर्तीमाता ! मैले मान्छे खोजखाज गरी मुश्किलले मंसिर लगाएकी छु, कत्ति नबिग्रेर मानामा मुरी फल्नु भनेर लोग्ने विदेश गएको र काममा आफन्तजनले पनि नसघाएको अवस्थामा गाउँका गरिब परिवारहरू त्यही माटोलाई नै भरोसा गरी आफ्नो मिहिनेत र परिश्रमको मूल्यांकन गर्ने जिम्मेवारी त्यसैलाई सुम्पने गरेको अभिव्यक्ति दर्शाइएको छ ।

यसरी बझाङ जिल्लाका अधिकांश स्थानीय सर्वसाधारण समाजमा दिनप्रतिदिन बढिरहेको ठूलावडा भनाउँदाहरूको हैकमवाद, एक-अर्काप्रतिको सहयोगको भावना, गरिबीका कारण प्रदेशिएका परिवारजनका अप्ठ्यारा जस्ता जे गर्दा र जे भन्दा पनि कर्म गर्ने किसानहरू आफ्नो कामप्रतिको लगाव र सम्झनामा नै डुबेर ती अनुभव र अनुभूतिलाई बाह्रमासे गीतका माध्यमबाट व्यक्त गर्न पछि परेका हुँदेनन् ।

**(ग) आर्थिक एवं सामाजिक शोषणसम्बन्धी बाह्रमासे गीत**

अन्य नेपाली जनताहरू झैं बझाडी जनताको जनजीवन पनि मै हुँ भन्ने वर्गबाट शोषित र पीडित हुनबाट बच्न सकेको छैन । अन्य ठाउँको भन्दा लामो समयदेखि राजा-रजौटा, मुखिया-नाइके, जमिनदार, पञ्च-भलाद्मी तथा अन्य ठूला ठालुका धुनपिसाइमा पिसिंदै आएको यहाँको जनजीवनले रस निचोरिएको उखुको खोस्टा झैं भएर असह्यको सास फेर्नु परिरहेको छ । मीठो खाना र राम्रो नाना उनीहरूको लागि सपना भएको छ । अरु त के कुरा घरमा भएका आँखालाग्दा वस्तुभाव र भाँडाकुडा जोगाउन पनि उनीहरूलाई गाह्रो छ; कुन दिन कुन फटाहाले के निहुले चीजबीज र मालपत्ता उठाउँछ भनि उनीहरूले थर्कमान भइरहनुपर्दछ । यसरी यहाँका सामन्ती राइदाँइले एकातिर गरिब निमुखा सर्वसाधारणको लगाउने लुगाफाटो र खाने गासा खोसिरहेका हुन्छन् भने अर्कातर्फ जातीय धाक धक्कूको ढलीमली पनि जिउँदै छ । तल्लो जातका भनिने, कामी

दमाई, सार्की, सुनार आदिले धाराकुवा छुनु त परै जावस् घरको आँगनसम्ममा पनि निश्चित ठाउँ पार गर्न नपाइने नियमको हैकम चलिरहेको कुरा संसारका धेरैजसो मान्छेहरूले सुन्न मात्र पाउँदा पनि जिभ्रो काढ्छन् होला तर यो बझाङ जिल्लाको कटु यथार्थ कुरा हो; हुन सक्छ यस्ता ठूलो जात तथा वर्गको माला बोक्दै जानेहरूलाई सोध्यो भने अहिल्यै यतिबेला पनि ढाकछोपको प्रयास पाइन्छ तर यथार्थ भने उल्टो छ । जातीय भेदभावको यस चरम लक्ष्मणरेखाले पनि आर्थिक शोषण जत्तिकै समाजलाई फलामे किला छातीमा बिझे सरहको सास्ती र पिडा दिइरहेकै छ । यसैगरी बझाङ जिल्लामा माथिल्लो वर्ग भनिनेहरूले साना वर्गलाई हेप्ने किसिमको वर्गीय भेदभाव पनि कायमै छ । देशभित्रै घटेका कैयौं घटनासँगै यत्रो ०६२/०६३ को १९ दिने जनआन्दोलन र त्यसपश्चात् नेपाली भूमिमा आएको परिवर्तनको प्रभाव विश्वमै परिसकेको होला तर बझाङ जिल्लाका अशिक्षित र निमुखा गरिब सर्वसाधारण परिवारलाई यस परिवर्तनले तिलभरसम्म पनि छोएको पाइँदैन । उनीहरू ठूलो वर्गबाट हिजो पनि पीडित थिए र आज पनि पीडित नै छन् । थाहा भएरै पनि केही भनौं र गरौं भने बिहान बेलुकाको गास पो खोसिने हो कि भन्ने डरमा टाढैबाट घोप्टो शिरमा झुकेर हिंड्न उनीहरू आज पनि बाध्य पारिएका छन् र भएका छन् । साना जात एवं वर्गका मानिसले ठूलो जात वा वर्ग भनिएका मानिसहरूको सेवा एव काम गरेर आफ्नो गास, वास र कपासको गुजारा गर्ने र यस्तो परिस्थिति आउँदा ठूलाठालूहरूले तिनीहरूमाथि सधैं मोज गर्ने प्रथा यहाँ जिउकातिउ नै कायम छ । समाजमा राइदाइँ गर्ने सामन्तीका केही अचाक्लीलाई तलका बाह्रमासे गीतले प्रष्ट पार्छ; जस्तैः

१) जिउ रयो न जोवन यो बग्ण फुल्न्या कासको ।
डिव्या-ताउली हिडिगयो क्याभरोसा बासको ॥

२) सुनारका आफरउँदो सुन कति चुयो हो ।
जोत्या बल्ल बाट लाग्दा मन कति रुयो हो ॥

३) साउकारका पाँच छ हली आदा बाँजै सेरो ।
मुखी रे रामरामका दुःख्ख टिपी हिंड्नु जेणो ।

यहाँ पहिलो गीतमा जसरी नदीकोतिरमा उम्रिने काँसको फल्ने-फुल्ने सम्भावना एकदमै कम हुन्छ त्यसरी नै भाँडाकुँडा उठाएर लिने साहुले आफू बस्ने घर हडप्दा के बेर भनेर समाजमा धनीमानिसहरूले गरिबमाथि गरेको शोषणका बारेमा व्यक्त गर्न खोजेको छ भने दोस्रो गीतमा पनि

साहुहरूले आफ्नो खेतमा जोतेका गोरु नै हिंडाएर लिंदाको अवस्थाले गरिब तथा शोषित पक्षका मनको पिडा एवं सास्ती बताउन सकिने खालको हुँदैन भन्ने अभिव्यक्तिका साथ समाजभित्र बढिरहेको आर्थिक शोषणका बारेमा दर्शाउन खोजेको छ । त्यस्तै तेस्रो गीतमा धनीमानिसले खेती लगाउन नसकेर आधा बाँझै रहने तर गरिबले भने खेतका नाममा आफू उभिनसम्मको ठाउँ पनि पाउन नसकेकोले अझै समाजमा दिनप्रतिदिन धनी र गरिब बीचको दुरी बढ्दै गएको कुरा व्यक्त भएको छ । त्यस्तै प्रकारले समाजमा देखिने आर्थिक विषमताका कारण कसै धन-सम्पत्तिमा मोज गरेको पाइन्छ, राम्रै खाएर र राम्रै लगाएर आनन्दका साथ जीवन निर्वाह गरेको हुन्छ भने कसैले रातदिन कडा परिश्रम गरेर पनि ती हुने खानेहरूका घरमा आँसु चुहाएर पनि कैयौं दिन साग र सिस्नुले पेट भर्नु पर्ने आर्थिक विषमताको यथार्थतालाई बाह्रमासे गीतका माध्यमाट छर्लङ्ग्याएको हुन्छ; जस्तैः

कसुइखि कम्पनी माला, कसुइखि पोत्याइ नाइ ।
कसुइखि वासमती धान, कसुइखि कोद्यानाँइ ॥

यस गीतमा समाजमा देखिने आर्थिक विषमतालाई निकै मार्मिक तरिकाले चित्रण गरिएको छ । समाजलाई झन्-झन् गरिबीतिर धकेल्नमा सामाजिक शोषणले ठूलो भूमिका खेलेको हुन्छ । समाजका ठालू भनाउँदाहरूले सर्वसाधारणहरूलाई कसरी शोषण गर्दा रहेछन र ती शोषितहरूलाई कतिसम्म गरिब भएको हेर्न चाहँदा रहेछन् भन्ने कुरा पनि रोदनपूर्ण भावमा बाह्रमासे गीतका भाकामा शोषित-पीडितहरू ओकेल्छन्, जस्तैः

एक खेत छ्यो मुख्याले लियो बाली न तिन्नाले ।
परानी कसोरी पालु ? वनका सिन्नाले ॥

यस गीतमा सामाजिक शोषणलाई उदाङ्गो पार्दै आफूले कसरी जीविकोपार्जन गर्ने भन्ने बारेमा बेदना पोखिएको छ । यस्तै-यस्तै प्रकारका गीतहरूका माध्यमबाट समाजमा देखिने गरिबीको स्थिति, सामाजिक शोषण, आर्थिक विषमताजस्ता कुराहरूलाई बाह्रमासे गीतका माध्यमबाट चित्रण गरिएको पाइन्छ ।

### (घ) नारी समस्यासम्बन्धी बाह्रमासे गीत

बझाङ नेपालका ७५ जिल्लाहरू मध्येकै एक जिल्लाका रूपमा रहेको भए पनि केन्द्र सरकारका आँखा पछाडि रहेको सुदूरपश्चिमका केही जिल्लाहरू मध्येको एक जिल्ला यो पनि हो; जहाँका अधिकांश मानिसहरू बेरोजगार र प्रकृतिप्रकोपका कारण हातमुख जोर्ने समस्याको समाधानको खोजीमा वर्षेनी आधाभन्दा बढी भारततिर ओर्लन बाध्य छन् । यसरी विदेशीनेहरूमा गरिब, पिछडिएका वर्ग, दलित लगायतका प्रमुख छन् र अधिकांश व्यक्ति एकल रूपमा गए पनि केही भने स-परिवार नै घर छोडि विदेशिन बाध्य भएका छन् । यस्तो अवस्थामा प्रदेशीएकाहरूका परिवारले कमाउला र छिट्टै आउलाको आशमा दिन गन्दै कैयौं वर्ष पार गर्नु पर्ने बाध्यता एकातिर छ भने भोग्नुपर्ने र खेप्नुपर्ने समाजका हरेक व्यवधान अर्कातिर तेर्सिएका हुन्छन् । यहाँको स्थानीय परिवेशलाई अध्ययन गर्दा कसैकसैले त विवाह गरेकै दोस्रो दिन नवदुलहीलाई घरमै छोडेर विदेशिन बाध्य पनि छन् । पछि घरमा लोग्ने नहुँदाको ती नारीहरूले भोग्नु परेका अनेक समस्या र ताडना नहेरिसकना र नसुनिसक्ना हुन्छन्; जसलाई उनीहरू एकान्त वा एक्लै भएका बेला ती कुण्ठा बाह्रमासे गीतका माध्यमबाट सुसेलेर त्यहाँको परिवेशलाई नै मादक बनाएको हुन्छ । तिनमा ती नारीहरूले भोग्नु परेका अपमान, तिरस्कार र यातनाका बिलौना छचल्किएर पोखिएका हुन्छन् । अशिक्षा, आर्थिक विपन्नता र सामाजिक कुरितिले एकातिर र अर्कातिर सौता तथा खराब चण्डाल सासुका मुटु घोच्ने तिर्खा वचनहरूको ती नारीहरूको हृदय छियाछिया पारेको यथार्थ निम्न गीतहरूले प्रष्ट पार्छ; जस्तैः

१) माइत मेरी इजु छैन घर सौत्या गाँठो ।
काइ दिशा छइन मुखि मन बुझाउन बाटो ॥

२) वनभरि बिलौना गर्छु गाईबाखा खुइकन ।
रात बिताउँछु तारा गनी दिन काट्छु रुइकन ॥

३) मु जसी हउसीया कोइ नाइ मेराइ भाणी फूल नाई ।
अइल्यै साइ परदेशी भया अइल्यै खेत तुल नाई ॥

यहाँ पहिलो गीतमा माइतीघरमा आमा नहुँदाको र घरमा पनि सौता हुँदाको निरीह जीवनलाई बाह्रमासेगीतका माध्यमबाट नारीको यथार्थ समस्या दर्शाउँदै समाजको सौता हाल्ने प्रथा

अझै कायम रहँदा नारीवर्गले झेल्नु परेका सास्तीलाई व्यक्त गर्न खोजिएको छ भने दोस्रो र तेस्रो गीतमा लोग्ने प्रदेश हुँदा नारीवर्गले खेप्नुपर्ने मानसिक र आर्थिक सबै किसिमका ताडना एवं व्यवधान झेल्न बाध्य हुनुपरेको छ भन्ने अभिव्यक्ति व्यक्त गरिएको
छ ।

यस्तै, समाजमा नारीवर्गलाई अरुबाट दिइने ताडना र सास्तीका समस्याबाहेक दैवीय तथा परिस्थिति र परिवेशअनुसार आइपर्ने थुप्रै समस्याहरूले पनि उनीहरूलाई कम रुवाई रहेको हुँदैन । यसमा उनीहरूका आफ्ना दाइ-भाइ तथा आमा-बुबासँगको मिलन-बिछोड, छोराप्रतिको आशा, आफ्ना दिनचर्यामा खट्नु पर्दाका व्यवधान, एक्लोपना आदिले नारीवर्गबाटै अनायासै पिरोली उनीहरूको नरम हृदय भित्रभित्रै छिया-छिया पारेको हुन्छ; जसको यथार्थ चित्रण उनीहरूका बाह्रमासे गीत मार्फत् एकान्त ठाउँमा भावुकताका साथ व्यक्त भइरहेका अभिव्यक्तिहरूले गर्दछ; जस्तैः

१) भाइटिका आयाका दिन माइत दाइ-भाइ हुनु ।
टिका लगाइ माला पैरी टाटु समाइ रुनु ॥

२) नै गोठ गाइ-भैंसी दुना नै कोखेली छोरो ।
केइ बिगाणी मेरो मात्र बियामाइले होरो ॥

३) जन झाउ कसुइको पन यो जिन्दगी रिनमा ।
साइ सदाँइ प्रदेशी भयौं हाँस्न्या-खेल्न्या दिनमा ॥

४) खेतीमा उब्जनी छैन फलमा रस छैन ।
कर्म अऱ्या धर्म छैन काम अऱ्या जस छैन ॥

५) आफू रुदाइ अर्का ऱ्वाइदाइ पाल्त वास्न्या न्याउला ।
सक्दैन भैंसाली पाली ढोगाण्याका स्याउला ॥

६) कोटेलीमा घाम लाग्दैन पउरका पणले ।
मरुँ भन्या काल आउँदैन खाउँ कैका भरले ।

यहाँ प्रस्तुत गीत क्रमशः नारीहरूको दाइ-भाइप्रतिको माया तथा समझना, कर्म लेख्ने भाविनीले आफूलाई पिडा मात्र दिएर पक्षपात गरी अपहेलना गरेको, गरिबी हालतले गर्दा हाँस्ने-

खेल्ने उमेरमा पतिसँग बिछोडिएर एक्लै जिउनु परेको, नारीहरूले जति धर्म-धर्म गरे पनि के ईश्वर के मानव सधैं सबैबाट तिरस्कार, उपहास र अपमान बाहेक अरु कुरा पाउन नसकेको, नारीवर्गले सधं घाँस दाउरा मात्र गरेर दिन बिताउनु पर्दाका स्थायी पिडा एवं मर्म र जीवनमा आइपर्ने देवीय र मानवीयजस्ता यावत परिस्थिति एवं परिवेशजन्य झन्झट र सास्तीका क्रुर ताडनाले डामेर समाजमा मर्न चाहेर पनि कालले नलिएको र बाँच्न खोज्दा पनि सुखशान्तिसँग जिउन कुनै पक्षले नसघाउने गरेको यथार्थतालाई बाह्रमासे गीतका माध्यबाट उनीहरूले जहाँ भए पनि एक्लो हुने बित्तिकै त्यहाँको वातावरणलाई मादब बनाएर सुसेल्ने गर्छन् ।

यसरी नारीवर्गले विभिन्न पुरुषको अपमानबाट होस् वा विछोडबाट सौताको झगडाबाट होस् वा कर्कसा सासुको अपजसबाट, दाजु-भाइबाट होस् वा सन्तानबाट, दैनिक मेलापात र घरधन्दाको गलानी एवं थकानबाट होस् वा दैवीय उपमानबाट, सामाजिक परिस्थितिबाट होस् वा अन्य बाह्य परिवेशबाट सबै पक्षबाट भोग्नु र सहन गर्नु परेका यावत कठिनाइले उनीहरूको नरम हृदय तिखो काणाले सरी सधैं घोचेर छियाछिया पारेको हुन्छ । यी यावत सास्ती र पिडालाई नारीवर्गले बाह्रमासे गीतका माध्यमाट सुसेल्ने भएकाले बझाङ जिल्लामा नारीसमस्याका गीतको क्षेत्र एकदमै ठूलो रहिआएको छ । यो दुःखको कुरा हो ।

### (ङ) प्रेम-प्रणयसम्बन्धी बाह्रमासे गीत

जुनसुकै मानवीय समाजमा पनि सुख-दुःख, प्रेम-प्रणय, मिलन-विछोड आदि जस्ता कैयौं कुराहरू अटुट रूपमा गाँसिएका हुन्छन् । यस्ता कुराहरूमध्ये केहीले उमङ्गको हाँसो निकाल्छन् भने केहीले बेदनाको आँसु खसाल्दछन् । जस्तो भए पनि मनमा पलाएका आँसु वा हाँसोको भावलाई एकरूपमा गुन्गुनाएर होस् वा समुदायमा कुनै न कुनै माध्यमबाट बाहिर व्यक्त गरेर मनलाई हलुङ्गो पार्न चाहनु मानवीय गुण नै हो । मनमा पलाएका भावहरूलाई मुख्य गरी त्यस समाजमा प्रचलित लोकगीत, लोकनाच, अर्थात् अन्य कुनै माध्यमबाट एक अर्कामा प्रसारित गरिन्छ र केही सन्तुष्टि लिइन्छ ।

बझाङ जिल्लामा सर्वाधिक प्रचलित बमह्मासे गीतहरूले प्रकृति, कर्म वा श्रम, सामाजिक रीतिरिवाज र चालचलन संस्कृति-संस्कार आदि झैं प्रेमि-प्रेमिकाको अन्तरहृदयमा टुसाउने प्रेम-प्रणयलाई पनि समेटेको पाइन्छ अर्थात बमह्मासे गीतका माध्यमबाट उक्त भावहरूलाई बाहिर प्रकट गर्ने गरिन्छ ।

अशिक्षित र परम्परित मान्यता भएको बझाङ्गी समाजमा यौवनले भरिपूर्ण भएका प्रेमी-प्रेमिका एक-अर्काको प्राप्तिको लागि आतुर देखिए पनि खुला रूपमा प्रस्ताव राखेर समाजमा अगाडि बढ्न  सक्दैनन् । आफ्नो मानसपटलमा अंकुराएको प्रेम-प्रणयका रागत्मक भावहरू खोलानाला, वनजंगलजस्ता एकान्त स्थलमा होस्र वा अन्य उपर्युत स्थानमा, बाह्मासे गीतका   माध्यमबाट साटासाट गरेर मनलाई हलुङ्गो पार्छन् । यस्ता गीतहरूमा प्रेमीप्रेमिकालाई सम्बोधन गर्ने आफ्नै प्रकारका प्रतिकात्मक शब्दहरू प्रयोग गरिएका
पाइन्छन् । प्रायः गरी प्रेमिका लागि 'साइ' 'बाज' जस्ता शब्दहरू र प्रेमिकाको लागि 'सुवा' 'मैना' 'फूलभाणी' (वारी) जस्ता प्रतीकात्मक शब्दहरूको प्रयोग गरिएको हुन्छ ।

जस्तैः-

केटाः   फुल्लै र फूलका भाणी, आँउला पुल्ती भेष ।
        नटुटौ पिरमको डोरी, डाणी नहोउ देश ॥

केटीः   बाहै् मास् फूल फुली रन्छ, मेरा फूल भाणी ।
        याँ नभ्या प्रदेश झाउला, मर्दखी क्या डाणी ॥

यी गीतहरूमा जब यौवनमत्त केटा र केटीको भेट हुन्छ तब केटाले यौवनले फक्रेकी आफ्नी प्रेमिकालाई फूलले सजिसजाउ भएको फूलवारीसँग दाँजेर फूलरुपि यौवनमा आफू पुतली बनेर आउने भाव व्यक्त गर्दै गोग्य प्रेम समाजले थाहा पाएर बदनाम गर्ने मौका नपाउन् र प्रेमको डोरी पनि जीवित नै रहोस् भनेर केटीसँग रागात्मक भावको निवेदन गरेका छ । त्यसको जवाफमा केटी पनि उत्तर दिदै आफ्नो योवन बाह्रैमहिना फुलिरहने फूलवारी हो , पुतली जहिले आए पनि फूलको रस खान पाउँछ भन्ने लाक्षणिक भाव व्यक्त गर्दै यदि  यहाँ हाम्रो समाजले हाम्रो प्रेमका कारण बस्न नदिए पनि विदेशमा (भारत) गएर बस् सकिन्छ, मर्दलाई के को डर हुन्छ, भन्दै बाह्मासे गीत (ठाडो भाका) का माध्यमबाट आफ्नो रागात्मक अभिव्यक्ति पोख्छे ।

यस्तै-यस्तै प्रकारका अनेकौं बाह्रमासे गीतहरू प्रेमी प्रेमिकाले रागात्मक भावना साटासाट गरेर गाउँछन् । जब समाजको अशिक्षा र रुढिवादी मान्यताले प्रमीप्रेमीकाको दिर्घकालीन प्रेमलाई बाधा गरिदिन्छ, उनीहरूले एकलाई चाहेको हुन्छन् र पर्खेर बसेका हुन्छन् । तर आमाबाबुले उनीहरूको इच्छा विपरित अर्कैसँग लगन गाँठो  कसिदिने काम गर्छन् तब उनीहरू भाग्यको कुरा गर्छन् र बाह्रमासे गीतका माध्यमबाट अभिव्यक्त गर्छन् ।

केटाः जीउ मात्र भुऱ्याउन्या होइकी, जोवन अर्पन्या होई ।
दिन गया था पाउन्या होइकी, बुवा पर्खन्या होई ॥

कटीः बुबाकी लणेली चेली, मन्ता जसो प छ ।
मु आफू नाई भन्याँ छ्याँइन, अंकुर कसो प'छ ?

यहाँ केटाले केटीलाई प्रश्न गर्दै तिमी मलाई आफ्नो जोवन (योवन) अर्पण गर्ने हौ कि धोका मात्र दिने हौ, यदि अर्पण गर्ने हौ भने दिनप्रतिदिन समय बितिसक्यो, के बुबालाई नै पर्खने हौ ? भनेर प्रश्न गरेका छन् । त्यसको उत्तरमा केटीले बुबाको इच्छा विपरित जोपन अर्पण गर्न नसक्ने भाव व्यक्त गर्दै मेरो मन त थियो, म त मान्छु तर भाग्यमा कस्तो छ अर्थात बुबाले के गर्नु हुन्छ भन्दै आफ्ना भावहरू बाह्रमासे गीतका माध्यमबाट व्यक्त गर्छिन् ।

प्रेम भन्ने कुरा अविवाहित युवायुवतीमा मात्र नभएर विवाहपछि झन कसिलो र खुला हुने गर्छ । एकको अभावमा अर्कोलाई जीवन निरर्थक र शुन्य झैं लाग्छ तर बझाङ जिल्लामा गरिबीको परिवेशका कारण भर्खर विवाहित श्रीमती भए पनि लोग्नेले विदेशिनु पर्ने हुन्छ र स्वास्नीले तरतर आँसु खसाली विदाई गर्नु पर्ने बाध्यता आउँछ । प्रेमप्रणयको भर्भराउदो ज्वालालाई रोकेर एक अर्काले छुट्टिनु पर्ने हुन्छ । त्यस्तो अवस्थामा आ

फ्नो प्रेम-प्रणयका रागात्मक भावहरू बाह्रमासे गीतका माध्यमबाट चिठ्ठी पत्रमा ओहोरदोहोर गर्छन् ; जस्तै :

स्वास्नीः पिण्याउँका पातको पानी, खाउँ-खाउँ भन्दा डल्की ।
बाज गया पराइका देश, जोवन गयो ढल्की ॥

लोग्ने : खानै रनु लाउनै रनु , पैसा दिउला भारु ।
मन अरेइ मन्दिर जसो, जोवन अरेई फारु ॥

यी गीतहरू कति रोदनपूर्ण, भावुक र हृदस्पर्शी छन् । जब कामाशक्तिले तिर्खाएकी एउटी स्वास्नीले तिर्खा मेट्न नपाउँदै पिँडालुको पातको पानी झैं लोग्ने आफ्नो आलिङ्गनबाट छुट्टिएर दुई-चार वर्षका लागि विदेशिन्छ, तब ऊ दिन प्रतिदिन क्षीण हुँदै गएको जोवनको चिन्ता गर्छे । उता लोग्ने आफू पैसा कमाएर दिने विश्वास दिलाउदै राम्रो खाएर- लाएर भए पनि आत्मालाई मन्दिर झैं दृढ राखेर योवनलाई सुरक्षित राख्नु (फारु गर्नु) भनेर धैर्यता र भरोसामा बस्न निवेदन गर्दछ ।

यस्तै-यस्तै प्रकारका जहाँनेर  जस्तो अवस्था देखापर्छ, त्यस्तै प्रकारले आफ्नो प्रेम-प्रणयका रागात्मक भावहरू बाह्रमासे गीतका माध्यमबाट व्यक्त भएका हुन्छन् । यस्ता गीतहरू केही अश्लील र सबै उमेर अवस्थाकालाई नसुहाउने भएकाले मन मिल्ने् प्रेमीप्रेमिकाहरू दाउरा, घाँस गर्दा होस् वा गाई भैँसी चराउँदा होस् वा वनजंगलमा भेट   गरेर होस् आ-आफ्ना भावनाको साटासाट गर्छन । कहिलेकाही प्रेमीप्रेमीकाको सम्झनामा एक्लै गुन गुनाएर पनि आफ्ना मनका रागात्मक भावनाहरलाई वनजंगलमा पोखेर आत्मालापी गीतहरू गाइन्छन् ; जस्तै :

१)	बाली बैँस साइ प्रदश, अभागी हुनाले ।
ओछ्याउने विस्तारा रुझ्यो, रातभरी रुनाले ॥

२)	अल्को डाँणो लिच्चो होइझा, वाजको मुख धोक्कि झा
कि प्रदेश ओड्डो आइझा, कि तेल्या छेक्कि झा ॥

३)	झा कौवा यो चिठ्ठी दिइया साइ बसन्या डेरा ।
धित मऱ्यो न धर्म रह्यो, साइका लाग्दा मेरा ॥

यस्तै  प्रकाका प्रेम-प्रणयका अनेकौँ भावहरू समेटिएका बाह्रमासे गीतहरू मन मिल्ने प्रेमी-प्रेमकाको मिलनमा होस् वा विछोडमा मधुर स्वरमा परिवेश नै मादक हुने किसिमले गाइएका हुन्छन् ।

### ५.२.३ गायनका आधारमा बाह्रमासे गीतको वर्गीकरण

बझाङ जिल्लामा प्रचलित बाह्रमासे गीतहरू लय र विषयवस्तुका दृष्टिले भिन्ना भिन्नै देखिए झैँ तिनका गायनको तरिका पनि अलग-अलग पाइन्छ , सामाजिक रीतिरिवाज, चालचलन भेषभूषा, गरिबी अवस्था, प्रेमिप्रेमिकाका प्रेम-प्रणयका भावहरू, युगीन अवस्थाका टिपोट जस्ता अनेकौ विषय वस्तुलाई समेटेर गाइने यी गीतहरूमध्ये केही गीतहरू पुरै समाज, प्रकृति र समयलाई समेट्ने खलका हुन्छन । कुनै ीतहरू समाजका सबै उमेर, समूह र वर्गलाई नसुहाउने केही अश्लील खाने हुन्छन् भने केही गीतहरू समाजका सानाठुला सबै उमेर र वर्गलाई सुहाउने खालका हुन्छन् ।

यस्ता यी गीतहरूमध्ये कुनै गीत निश्चित व्यत्तिका व्यक्तिगत मनोभावलाई मात्र छर्लङ्ग्याउने खालका हुन्छन । त्यस्ता गीत एकल गायनमा आधारित हुन्छन् भने समाजका सबै

उमेर र वर्गकालाई समेट्ने सामूहिक भावनामा आधारित गरिएर दुई-चार जनाको समूहमा पनि गाउन सकिने सामूहिक गायनमा आधारित गीत हन् । गायनका आधारमा बाह्रमासे गीतलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ :

अ) एकल गायन

आ) सामूहिक गायन

**अ) एकल गायन**

एक व्यक्तिले मात्र आफ्ना अन्तरहृदयका मनोभावहरूलाई बाह्रमासे गीतका माध्यमबाट गाउनुलाई नै एकल गाएन भनिन्छ । एकल र सामूहिक दुवै गायमा बाह्रमासे गीतको वर्चश्व तुलनात्मक रूपमा समान रहने भए पनि बझाङ्गी बाह्मासे गीतहर भने विशेषत: एकलरूपमै बढि गाइने गरिन्छन् । यहाँका सबै उमेर र लिङ्गका मानिसहरूले आफ्ना व्यक्तिगत मनोभावलाई बाह्रमासे गीतका माध्यमबाट एकल रूपमा गाइने गर्दछन् । काम गर्दै गाउन सकिने यी गीतहरू खोलानाला, वनजगंलमा दाउराघाँस गर्दा होस् वा खेतवारीमा काम गर्दा होस्  जहाँ पनि मधर लयमा गुन्जिएका पाइन्छन् । यसरी एकल रूपमा गाउने गीतहर प्राय: समाजका सामाजिक एवं सांस्कतिक पक्षसँग त्यति सम्बन्धित नभएर आफ्नै व्यक्तिगत जीवनका उतार-चढाव, प्राकृतिक दृश्यबाट उब्जेको अनुभूति, एक अर्काको सम्झनामा प्रेमीप्रेमिकाको मानसिक छट्पटीजस्ता व्यक्तिगत सुख-दुखका भावनात्मक पक्षसँग सम्बन्धित हुन्छन् । यसरी एकल रूपमा गाइने केही गीतहरू यसप्रकार छन् :

१) दिनमा छैन भोक तिर्खा, रातमा छैन निन ।
जरमभरि दुखै खान, मु बाँच्दाहुँ किन ॥

२) पाला पलाई हऱ्या भइग्या, दोगाण्याका खर्क ।
हुन्छै कि मनका जसो, ढल्क्यो उमेर फर्क ॥

३) कि यो जोवन नआउनु हो , कि साइले जान्नु हो ।
बैसको भरियो जोवन, कसरी साँच्नु हो ॥

यसरी एकल रुपमा गाइने गीतहरू सानो वा ठूलो स्वरमा विभिन्न लयमा वनपाखामा घन्किने गरी गाइन्छन् । कहिले काहीँ मन मिल्ने - मन मिल्ने प्रेमी-प्रेमिकाहरू नजिक-नजिक, एकको स्वर अर्काले सुन्ने ठाउँमा बसेर पनि आ-आफ्ना मनमा टुसाएका रागात्मक भावनाहरूलाई

बाह्रमासे गीतका माध्यमबाट साटासाट गर्दछन् । प्रेमी-प्रेमिकाहरूलाई खुला समाजमा आफ्ना प्रणयलमुलक भावनाहरू आदान प्रदान गर्ने उपयुक्त वातावरण नहुने हुँदा उनीहरू वन जंगलमा नै एकल गीतहरू गाएर आनन्द लिन्छन् । यसरी प्रेमी-प्रेमिकाका प्रणय भावमा कहिले काहीँ प्रश्नोत्तरको रूप पनि भेटिन्छ , जस्तैः

केटाः थापाचिनी धान बताउँन्या, बयालो दाङको ।
रसु खान पाइएला कि, पहेँला आँपको ?

केटाः परानी सुम्पनो भयाँ, बाज तेरी लागि ।
दि हेल्ता मनको चारो बसाली हेल काखी ॥ इत्यादि ।

प्रेमी-प्रेमिकाहरूले यस्तै-यस्तै प्रकारका गीतहरु एकल रूपमा गाएर आफ्ना उमङ्ग वा वेदनाका भावहरू पोख्दछन् । समष्टिमा भन्दा जुनसुकै काम गर्दा वा घुमफेर गर्दा आफ्ना मनका भानहरू व्यक्तिगत रूपमा गीत मार्फत अभिव्यक्ति गरिन्छन् भने त्यस्ता गीतहरू एकल गायनका गीत हुन् । ती गीतमा व्यत्तिका निजी सुख-दुःख, आँसु-हाँसो, हर्ष-पिडा, मिलन-विछोड, विरह-वेदना आदि जस्ता भावहरू व्यक्तिएका हुन्छन् ।

**आ) सामूहिक गायन**

बझाङ जिल्लामा प्रचलि बाह्रमासे गीतहरू खासगरी एकल गायनमा आधारित भए पनि कहिलेकाही दुई-चार जना मिल्ने प्रेमी प्रमिका तथा साथीसङ्गी बीच पनि गाइने हुँदा सामूहिक गायनको उपेक्षा गर्न सकिदैन । खासगरी सामूहिक गायनको प्रचलन बझाङ्गी 'डेउणा' गीतमा भेटिन्छ तर बाह्रमासे गीतमा भने त्यस्तो सामुहिक गायन पाइदैन । केही गीत सामुहिक रूपमा गाइने भए पनि एकालापपूर्ण प्रर्वत्तिका हुन्छन् भने केही त्यस्तै भएर पनि प्रश्नोत्तर शैलीमा हुन्छन् । यस्ता बाह्रमासे गीतका केही नमूना यसप्रकार छन् :

१) बुबाले दिएका पोइल, जीवन बिताउँदाइछौँ
अंजुलीमा आँसु भरी, फाँको भिजाउँदाइछौँ ॥

२) प्रदेशी छौँ प्रदशैमा प्रदेश हाम्रा भाग ।
बस्न दिइन करमले, परिवारका माझ ॥

३)	धन हुनु राजाका जसो, मन त जसो प छ्यो ।
	शरील छ प्रदेशका छोण रन्वन् डुल्छ हियो ॥

यी गीतहरूमध्ये पहिलो गीतमा दुई तीन जना मिल्ने स्त्रीसँगै वनपाखा काम गर्न जाँदा आफ्नो इच्छा विपरित बुबाले नजानिदो तरिकाले अपरिचित पुरुषसँग लगनगाँठो जुराइ दिएर रातदिन भोग्नु परेका विरह-व्यथा बाह्रमासे गीत मार्फत सामूहिक गायनका माध्यमबाट व्यक्त गर्न खोजेको छ । त्यस्तै दोस्रो गीतमा गरिबीका कारण घरपरिवारलाई छोडेर प्रदेशिएका पुरुषहरूको सामूहिक व्यथालाई बाह्रमासे गीतमार्फत सामूहिक र एकालापरूपमा दर्शाउन खोजिएको छ भने अन्तिम गीतमा आफू विदेशमा भए पनि मन आफ्नै घरपरिवार, खेतवारी, वनजंगल आदि ठाउँमा घुमिरहेको हन्छ साथै धनीको धन र गरिबको मन एकै ठाउँ भइदिए जे पनि गर्न सकिने कुरालाई बाह्रमासे गीतका माध्यमले सामूहिक गायन र एकालारूपमा दर्शाउन खोजिएकोछ।

त्यस्तै दुई-चार जनाको समूह-समूहका बीचमा पनि बाह्मासे गीतलाइं गाउने गरिन्छ, त्यसमा विभिन्न रस र भावका बाह्मासे गीतहरू गाइन्छन् जुन प्रश्नोत्तरशेलीमा पाइन्छन्, जस्तै :

समूह '१'	सरकारी धारो छ कि, तउरा जोइसी वाणा ।
	बासमती धान रोप्दा छौ कि, पानी जम्न्या खाणा ॥

समूह '२'	आछिन बरिख्या पानी, बरमास्या कुवा ।
	खेत छैन खोलाले लियो, पोर दशैका जुवा ॥

यहाँ समूह '१' सबैका गाउँमा सरकारी पानीका धारा बनाइएका तर समुह '२' का मान्छे ( जोशी) को गाउँमा नवनइएको र एक जन जोशीको गएका वर्ष भात खाने खेत नै बाढीले लगेको भएर, तिम्रो गाउँमा सरकारी धारा छ कि भनेर क्षण हान्नुको साथै तिम्रो त्यो ठूलो खेमा यो साल बासमती धान रोपेको छ, हाइन ? भनेर बाह्रमासे गीतका माध्यमबाट व्यङ्ग्यवाण प्रहार गरिएको छ भने समूह '२' ले त्यसको उत्तरमा तिम्रो जस्तो वर्षातमा मात्र पानी आउने धारो भन्दा बाह्रैमहिना नसुक्ने कुवा छदैछ भनेर भानेका छन् साथै समूह '१' का मान्छेले गएको दशैमा भए भरको खेत जूवा हारेका हुँनाले मेरो खेत पोहोर दशैको खोलाले बगाएको भएर अहिले त्यो छैन भनेर बाह्रमासे गीतका माध्यमबाट उल्टो व्यङ्ग्य प्रहार गरिएको छ ।

यसरी यहाँ गाइने बाह्रमासे गीत एकल गायनमा आधारित भए पनि केही रूपमा सामूहिक रहेको कुरा प्रस्तुत् उदाहरणबाट प्रष्ट भएको छ ।

### ५.२.४ स्वरूपका आधारमा बाह्रमासे गीतको वर्गीकरण

बझाङ जिल्लामा पचलित बाह्रमासे गीत अधिकांश लघु स्वरूपका रहे पनि अंशतः मध्य वा मध्यम् र लघुतम्  स्वरूपका पनि पाइन्छन्  । यी स्वरूपको निर्धारण गर्ने सीमा लघुस्वरूपलाई मान्न सकिन्छ । यसै लघु रूपलाई आधार मान्दा बझाङ जिल्लामा गाइने बाह्मासे गीतको स्वरूप वा आकारलाई तीन भागमा राखेर हेर्न सकिन्छ :

अ) मध्य वा मध्यम स्वरूप

आ) लघु स्वरूप

इ) लघुतम स्वरूप

**अ) मध्य वा मध्यम स्वरूप**

जुनसुकै गीतको स्वरूप हेर्दा त्यसको स.रचना पक्षलाई आधार मान्नु पर्ने हुँदा बझाङ जिल्लामा प्रचलित बाह्मासे गीतको स्वरूप वा आधार हेर्दा पनि त्यसको संरचना पक्षलाई नै लिनु बढी बैज्ञानिक हुन्छ । संरचनाका आधारबाट हेर्दा बझाङ जिल्लामा प्रचलित बाह्रमासे गीतमा सबैभन्दा  ठूलो  रूप नै मध्यम स्वरुप हो । बाह्रमासे गीतलाई संरचनाका आधारबाट निर्धारण गर्दा लघु आकारका गीतको सहयोग लिनुपर्छ । लघु आकारमा बाह्मासे गीतको संरचनामा १४ देखि १६ सम्मका अक्षर संरचित हुन्छन्  । बाह्मासे गीतको मध्य वा मध्यम रूप बन्न यही लघुरूपमा सुहाउदा थेगो जोड्ने गरिन्छ, जसको संरचित स्वरूप १७ देखि लिएर ३७ वा त्यो भन्दा बढी अक्षरसम्मको बन्दछ । लघुतम स्वरपमा जस्तै यसमा पनि निश्चित संरचना पाइदैन, जस्तैः

१) काली लेक रमाइलो होला ला परेवा, काफल पाकन्नारे काफल पाकन्नारे ।
घणी नखटाँदी होल्ली ला परेवा झल्का लागन्ना रे झल्का लागन्नारे ॥

२) कालो लेक रमाइलो होला लाहुरे घुर खेलाउन्या घुरिको,
कवाज खेल्दै रुँदै राम कलु काफल पाकन्ना रे ।
घणी नखटाँदी होल्ली लाहुरु घुर खलाउन्या घुरिको
कवाज खेल्दै रुँदै राम, कलु झल्का लागन्ना रे ॥

यसरी बाह्रमासे गीतको मध्य स्वरूप  त्यस गीतको लघु स्वरूपमा सुहाउदा थेगो जोडिएर निर्माण भएका हुन्छन् ।

### आ) लघु स्वरूप

बझाङ जिल्लामा प्रचलित अधिकांश बाह्रमासे गीत लघु आकारका छन् । ती गीतको संरचना बाटै त्यसको स्वरूप हेर्नु पर्ने भएकाले खासगरी १४ देखि १६ सम्मका अक्षरको संरचनामा रहेका गीतलाई लघु स्वरूपका बाह्रमासे गीत भनिन्छ । यही स्वरूपका आधारमा अन्य स्वरूपको निर्धारण गरिन्छ । विशेष गरी यसै स्वरूपका गीतबाट नै व्यक्तिका सबै प्रकारका मनोदशा छर्लङ्ग भएर व्यक्त गर्न सकिन्छ साथै त्यही स्वरूपबाट नै गीतमा रागात्मकता, सुमधुरता र सहज एवं सरलता पनि थपिने भएर लघुरूपको लोकप्रियता बढेको हो । बाह्रमासे गीतका अन्य स्वरूपमा भन्दा यसै लघुरूपमा नै अन्त्यानुप्रासको सही प्रयोग र निश्चित संरचनागत एकरूपता पाइन्छ ।

एक नमूना:

१) दिन दिन रानी चणा, बस्न लागि अल्का ।
जत्ति मैना टाणा भया, उत्ति लाग्दा झल्का ॥

२) चर्का घाम बसि झानु, पिपलुका सेल ।
मुखि कैल हाल्यो रै'छ, ईश्वरले नेल ॥

बाह्रमासे गीतका सबै स्वरूपको आधार लघु स्वरूप निकै लोकप्रिय छ । १४ देखि १६ अक्षरको संरचनामा संरचित भई अन्त्यानुप्रासयुक्त हुनु यसको पहिचान हो ।

### लघुतम स्वरूप

बझाङ जिल्लामा प्रचलित अधिकांश बाह्रमासे गीत लघु स्वरूपका भए पनि केही मात्रामा तिनको लघुतम आकार पनि पाइन्छ । विशेष गरी कर्म गीतमा यो स्वरूप पाइन्छ । यस स्वरूपका गीतको संरचनात्मक रूप दुई अक्षरबाट शुरु भएर १२ देखि १३ सम्म हुन्छ साथै यस स्वरूपको संरचना अनिश्चित र अन्त्यानुप्रासमुक्त नै हुन्छ;

एक नमूना (मंसीरका महिना खेत खन्दा गाइने गीत)

ए ! खन खन भाइयौ !  -  हम्भाइ !

| | | |
|---|---|---|
| सक चाँडो ! | - | हम्भाइ ! |
| यइ नसक्या ! | - | हो-हो ! |
| घिउ बासी रला ! | - | हम्भाइ रे ! हम्भाइ ! |
| बाँग्या रोटी खान्या को छ फौजको | - | हम्भाइ रे ! हम्भाइ ! |
| हैन भाइ ! | - | हम्भाइ ! |
| बाँडेरै खाउँला | - | हम्भाइ ! |
| जेठका मैना | - | हम्भाइ ! |
| उमा पोली खाउली | - | हम्भाइ रे ! हम्भाइ ! |

यो गीत गाउँदा खेतमा खन्नेहरूमध्ये एकजना अगाडि उभिएर गीत शुरु गर्छ र अरु सबै जनाले कोदाली चलाउँदै त्यसको उत्तरमा जोसिलो स्वरका शब्दमा कुनै बेला 'हम्भाइ र कुनै बेला 'हम्भाइ रे हम्भाइ' भनेर गीतलाई स्वीकार गर्दछन् ।

### ५.२.५ रसका आधारमा वर्गीकरण

बझाङ जिल्लामा प्रचलित अन्य लोकगीतका जस्तै बाह्रमासे गीतमा पनि सामान्यतः नवैरसको प्रयोग पाइन्छ तर विशेष रूपमा भन्दा यहाँका बाह्रमासे गीत अधिकांश करुणरसप्रधान नै छन् । यहाँका केही गीतहरूमा अन्य रसको पनि प्रयाग रहने भएकाले विशेषतया करुण रसका साथ शान्त, श्रृंगार, हाँस्य, वीर, वीभत्स र रौद्ररसको पनि यहाँ चर्चा गरिन्छः

#### (अ) करुणरसप्रधान बाह्रमासे गीत

बझाङ जिल्लामा पाइने बाह्रमासे गीत विशेषतः करुणरस प्रधान नै छन् । सामाजिक शोषण, आर्थिक असमानता, नारी समस्या तथा मिलन-बिछोडका आँसु-हाँसो सबै क्षेत्रका बाह्रमासे गीतमा करुणरसको प्रयोग पाइन्छ । करुणरसको स्थायी भाव दुःख, कष्ट वा शोक हो । मानिसहरूका धेरैजसो क्षण संघर्षमै बित्ने भएकोले ऊ आफ्ना ती संघर्षमय दिनचर्याका क्रममा मनका वेदना, विरह, पिडा, कुनै घटना र उकुसमुकुस भावहरूलाई गीतका रूपमा प्रकट गर्दा करुणरसको उत्पत्ति हुनेगर्छ, एक नमूनाः

१) माँ मरी चणीका चल्ला, रुखका रुखै छन् ।
जाँसम्म जिन्दगी रयो, त्याँसम्म दुःखै छन् ॥

२)	घर आऊ प्रदेशी साइ, जंगल पसुली ।
	जोगी र जोग्यानी हौंली, खरानी घसुली ॥

३)	घर छ खरल्या सासु, बनै खाइहेल बाग ।
	खाउँ-खाउँ भन्दो बाली बैस, नहाल्याका भाग ॥

४)	तमाखु खान्या साइको हुक्का, भऱ्याको भरेइ छ ।
	सुत्न्या खाट बस्याको ठउर, हेऱ्याको हेरेइ छ ॥

५)	कि त लैझाऊ यै अभागी, कि फर्कि घर जाऊ ।
	सम्सम बेलबुणी आया, जंगल जनझाऊ ॥

६)	आजै खस्यो उत्तो आकाश, आजै फाट्यो धर्ती ।
	को छ मेरो आणपयाणी (भरभरोसा), केइ त दिई झाऊ अर्ति ॥

माथिका गीतहरूमध्ये पहिलो गीतमा मनुष्य चोला रहेसम्म जीवनका हरेक चुनौतीहरूको सामना गर्नुपर्ने भएकाले ऊ दुःखै दुःखमा बाँच्न बाध्य हुनुपर्छ भन्ने कुरा बाह्रमासे गीतमार्फत् करुणभावना व्यक्त गर्न खोजिएको छ । दोस्रो गीतमा पनि यही रसभावमा गरिब परिवारका पुरुष प्रदेशिएको व्यथा उसकी श्रीमतीमार्फत् व्यक्त गरिएको छ भने तेस्रोमा खाउँ र लाउँको उमेर भएर पनि घरमा सधैं किचकिच, अपहेलना, तिरस्कार र अपजस सहन गर्न बाध्य नारी वर्गका व्यथा, विरह र सास्तीलाई बाह्रमासे गीतका माध्यमबाट करुणभावमा व्यक्त गर्न खोजिएका छन् भने अन्तिमः चौथो, पाँचौ र छैटौंमा क्रमशः पतिले आफूलाई सदाका लागि एक्लै छोडेर परलोक हुँदाको घटनालाई पत्नी हृदयले हजुर सधैं तमाखु खाने त्यो हुक्का भरेको भरेइ छ, सधैं सुत्ने खाट र बस्ने ठाउँ हजुर नदेख्दा हेरेको हेरेइ छ, पश्चिम डाँडाबाट सूर्य अस्ताउने बेला सबै आ-आफ्नो घरतिर फर्केर आउन थाले तर हजुर कतातिर मर्जी हुन्छ ? कि फर्केर घर आऊ; कि म अभागीलाई पनि सँगै लिएर जाऊ, मेरो जीवनका सम्पूर्ण भरभरोसा आज यसरी मासिए, मेरो बाँच्ने आधार आज टुट्यो-फुट्यो, म अब कसको आड र आश भरोसामा बसूँ, त्यति कुराकानी गर्ने हजुर आज नबोली कतातिर जान हतारिँदै हुनुहुन्छ, अन्तिममा मलाई जिउने सामाको रूपमा एक-दुई शब्द (अर्ति) बोलेर त जानुहोस् भनेर बाह्रमासे गीतका माध्यमबाट करुणरसभावमा शोक व्यक्त गर्ने खोजेको छ ।

### (आ) शान्तरसप्रधान बाह्रमासे गीत

संसारिक मायामोह, भौतिक विषयवासना आदिबाट विरक्त भएर आध्यात्मिक चिन्तनमा लीन हुन खोज्दा मानिसका मन भित्रबाट त्यसै किसिमका अनुभूतिहरू बाह्रमासे गीतका माध्यमबाट अभिव्यक्त हुँदा शान्तरसको उत्पत्ति हुन्छ; जस्तैः

१) कति भया लखपती, कति करोड पनि ।
डुलेका छन् बाबा फगत ! भिखमाग्न्या भैं बनी ॥

२) अस्थायी यो मान्छेको लिला, क्या अर्नु धनले ।
कि हुनु देवीको भक्त, कि मर्नु जनले ॥

३) जन्मनु भोट्याको राउणो, मौ कविला सातै ।
अघिपछि धनसम्पत्ति, छोराछोरी हातै ॥

माथिका गीतहरूमध्ये पहिलोमा, यो संसारमा कति लखपती भए कति करोडपति तर आखिर तिनीहरूको आत्मामा त्यो भौतिक सम्पत्तिले सधैं काडा गाडेर खिन्नता मात्र उब्जाइ रह्यो । उनीहरू त्यसबाट विरक्त भएर एक भिखारी भैं भिखमङ्गा बनेर शान्तिको खोजीमा दिनरात भौतारिन बाध्य छन्, त्यसैले यो संसारमा सबभन्दा ठूलो कुरा आध्यात्मिक दर्शन (चिन्तन) भन्दा अर्को कुनै चीज छैन, त्यहीबाट मात्र मनुष्यले शान्ति प्राप्त गर्ने कुरा शान्तरस प्रदान भावमा बाह्रमासे गीतका माध्यमबाट व्यक्त गर्न खोजिएको छ । दोस्रो गीतमा मान्छेको अस्थायी जीवनमा धनको केही महत्त्व छैन । यसले सन्तुष्टिको सट्टा अनेक दुःख र पिडा निम्त्याउँछ । त्यसैले उसले धन कमाउनु भन्दा कि देवीको भक्त भएर बाँच्नुपर्छ कि मर्नुपर्छ भन्ने शान्तरसयुक्त भाव बाह्रमासे गीतका माध्यमबाट दर्शाउन खोजिएको छ भने अन्तिम गीतमा जन्मनु भनेको भोट्या (हिउँदमा बेंसी/मधेश र वर्खा भोटमा बस्ने जाति) ले नै हो जो जहाँ गए पनि श्रीसम्पत्ति र परिवारलाई सँगसँगै लिएर हिंड्छ भन्ने भाव बाह्रमासे गीतका माध्यमबाट व्यक्त गर्न खोजिएको छ ।

### (इ) श्रृङ्गाररसप्रधान बाह्रमासे गीत

बभाङ जिल्लामा प्रचलित बाह्रमासे गीतमा पाइने रसहरूमध्ये श्रृङ्गाररस पनि एक हो । श्रृङ्गार रसको स्थायी भाव रति वा प्रेम हो । विशेष गरी प्रेमी-प्रेमिका तथा लोग्नेस्वास्नी बीचका प्रेम-प्रणय तथा रतिक्रिडासम्बन्धी गीतहरूमा यस रसको बाहुल्यता रहेको पाइन्छ; जस्तैः

केटाः  खान्न रस नित्रेला सबै, पाल्याका फलको ।
गयाँ मु लाग्दैन माया, धान कुट्न्या ओख्लको ॥

केटीः  तुइले मुइले गौं भाँच्याको, घर भन्दिन्या हुँ ।
बान्दैन चोलीका तुना, यसाइ इन्दिन्या हुँ ॥

केटाः  गौ भाँची तुइले प भाँची, मु त मल्तिरको ।
मु माइस याँको त हुँन, बार्जु पल्तिरको ॥

केटीः  न बुबाको धर्म रयो, न यो मन बुझियो ।
न गयो हणको मयल, आङ मात्र रुझियो ।

यहाँ प्रेमी-प्रेमिका बीचको रतिक्रिडा र त्यसबाट परेको असरका बारेमा बाह्रमासे गीतका माध्यमबाट उनीहरूबाट छर्लङ्ग भएको छ । यसमा सम्भोग श्रृङ्गार रसको आगमन छ । जब प्रेमी प्रेमिकोल सम्भोगक्रिडा गर्छन् अनिपछि तिमी वा तिम्रो बुबाले कसैलाई हेर्न नदिएको त्यो लावण्य प्रेम रस म धेरै पिउन चाहन्न, म अब गएँ भन्दै आखिर यो धानकुट्ने ढिकीको के माया मानि रहनु भनेर केटाले केटीलाई उल्टो झटारो हान्दा त्यसो भए म यो सबै कुरा (गहुँ भाँचेको, सम्भोग गरेको) घरमा गएर आफन्तलाई भनिदिन्छु साथै यी तिमीले खोलेका मेरा चोलीका तुना पनि यत्तिकै छोडेर जान्छु भनेर केटी डर देखाउँछे । यो सबै गहुँ भाँचेको तिमीले हो, म त माथितिरको मान्छे हुँ साथै म टाढाको मान्छे भएकोले तिम्रा आफन्त आउन्जेलसम्म यहाँबाट भागिसक्छु भनेर केटोले जवाफ फर्काउँछ । अन्तिममा न मैले बुबाको धर्म जोगाउन सकें न रतिक्रिडा गरेर चाहेजति आनन्द नै भयो सित्तैमा मेरो कुमारीत्व मात्र लुटियो भनेर केटी आफूले गरेको क्रिडाप्रति पछुतो प्रकट गर्छे । यसरी केटा र केटीले बाह्रमासे गीतका माध्यमबाट श्रृंगार प्रधान भावमा आ-आफ्ना अभिव्यक्ति व्यक्त गरेका छन् ।

### (ई) हास्यरसप्रधान बाह्रमासे गीत

मानिसहरूले अचम्मको रूप, आकृति, बोली वा विभिन्न क्रियाकलापमा विकृति सिर्जना गरी बाह्रमासे गीत गाउँदा त्यसमा हाँस्य रसको उत्पत्ति हुन्छ । यसको स्थायी भाव हाँसो वा हास हो ।

एउटा नमूना :

१)	आमाका नाखको खन्टो, बउजुखी गहना ।
	नौनी खाँदा दाणो भाग्यो, जीउ बच्यो लहना ॥

२)	भात पकाउ घरिना बउजु, ठूल्को भुटन हाली ।
	खाऊ भनी बोलाउन्या बेला, बजाउ सबै ताली ।

३)	दुई छोरा जुम्ल्याहा जम्न्या, माउकी नहुनाले ।
	वा भया अड्डाका हाकिम, गर्भमै तुनाले ।

यी गीतमा क्रमशः आमाका नाकको मसिनो फूलीबाट भाउजूलाई गहना बनाउने साथै नौनी खाएर दाँत भाँचियो तर मर्नबाट भने जोगिएको, भाउजूलाई धेरै भुट्न हालेर भात पकाउन भनेको साथै खाना खान बोलाउने बेला सबैले ताली बजाउने र स्वास्नी नहुनाले दुई जुम्ल्यहा छोरा जन्मेको साथै बुबा आपनी आमाको गर्भबाट जन्मन नपाउँदै तुहिनु भएकोले अफिसको हाकिम हुन सकेको जस्ता नसुहाउँदा, नमिल्दा, उल्टा-पाल्टा र विकृतिमूलक भाषिक प्रयोगबाट बाह्रमासे गीत गाउँदा हास्य रसको आगमन भएको छ ।

**(उ)	बीररसप्रधान बाह्रमासे गीत**

मानिसहरूले कुनै असल काम सम्पन्न गर्न वा कसैमा कुनै प्रकारको उत्साह, जाँगर र उत्प्रेरणा एवं उमङ्ग पैदा गर्न बाह्रमासे गीत गाउँदा बीररसको सिर्जना हुन्छ; जस्तैः

१)	सर्क लाग्न्या ध्रुव तारो, एक्लाको एक्लै छ ।
	संसारमा नेपाली रगत, बेग्लाको बेग्लै छ ।

२)	माल हिउँ पर्वत कुइरो मेघ बर्सन्छ धुरा ।
	रगत बगाई लडाइ जित्या, छोरा हुनु सूरा ॥

३)	लागिग्यो साठीको दिन, ताइनी साउका ब्याज ।
	प्रदेश झाउँला कमाइ दिउँला कर्ज भन्नु क्या छ ॥

यी गीतहरूमध्ये पहिलोमा जसरी आकाशमा ध्रुवतारा एक्लो भएर पनि 'ध्रुवसत्य' को उपमा बोकेर सबैभन्दा चम्किलो ताराका रूपमा चिनिएको छ त्यसरी नै नेपाल सानो देश भए पनि विश्वमा एक छुट्टै बीर नेपालीका नामले चिनिएको छ भन्ने कुराको अभिव्यक्ति दिन खोजेको छ भने

दोस्रोमा जसरी पानीले विभिन्न ठाउँमा विभिन्न रूप लिएर आफ्नो शक्ति प्रदर्शन गर्दछ त्यसरी नै छोरा लडाइको मैदानमा रगतको खोलो बगाएर भए पनि युद्ध जितेरै फर्किने एक सूरो मान्छे हुनुपर्छ भन्ने भावका साथै अन्तिममा साहुको रिन लागेर त्यसैमाथि ब्याज थोपरिए पनि प्रदेश गई कमाएर तिरौंला के छ र ! भन्ने भावलाई यहाँ बाह्रमासे गीतका माध्यमबाट वीरतापूर्ण शैलीमा व्यक्त गर्न खोजिएको छ ।

### (ऊ) वीभत्सरसप्रधान बाह्रमासे गीत

कुनै घिनलाग्दा वा नराम्रा मानिस, वस्तु तथा घटना देखेर अथवा तिनका बारेमा सुनेर बाह्रमासे गीतका माध्यमबाट त्यस्ता क्रियाकलापको बयान गर्दा बीभत्सरसको सिर्जना हुन्छ । यसको स्थायी भाव घृणा हो । जस्तैः

१) रामले लुकेर मा-यो, सुग्रीवका दाइलाई ।
भगवान कसरी भनु, मिचाहा रामलाई ।

२) कि सुख्ख देऊ भगवान्, कि जन्म क्यालाई द्यौ ।
मान्छे चोला फेर्ता लिइ, कोइ चोला मिलाइ द्यौ ।

३) मानामी मुरीको ब्याज, खाइ भयाका ठूला ।
साउको चाला ठीक हो भन्या थुक्क तेरा कुणा ॥

यी गीतहरूमध्ये पहिलोमा राम आफू एक भगवान भएर पनि सुग्रीवका दाइलाई रुखमा लुकेर मारेको प्रसङ्गलाई बाह्रमासे गीतका माध्यमबाट दर्शाउन खोज्दा सही न्याय दिन नसक्ने रामलाई भगवान भन्न नसकिने कुरालाई प्रष्ट पार्दा एक किसिमको घृणित भावको उत्पत्ति हुन पुगेको छ भने दोस्रोमा यो मान्छेको चोलाप्रति जागेको वितृष्णालाई घृणाको भावमा प्रकट गर्न खोजेको छ । अन्तिममा मानाको मुरी ब्याज असुलेर ठूला भएका साहुको खराब प्रवृत्ति र त्यसलाई सहज रूपमा लिने दुवैको व्यवहारलाई बाह्रमासे गीतद्वारा अभिव्यक्त गर्दा विभत्स वा घृणाको भाव उत्पन्न भएको छ ।

(ए) **रौद्ररस प्रधान बाह्रमासे गीत**

आफ्ना विरोधीहरूको अपमानजनक तथा अपराधपूर्ण क्रियाकलापले मानिसका मनभित्र ठूलो चोट पुगी एक किसिमको बदलाको भावना जागेर बाह्रमासे गीतका माध्यमबाट अभिव्यक्त गर्दा रौद्ररसको प्रादुर्भाव हुन्छ । यसको स्थायी भाव क्रोध वा रिस हो । जस्तैः

१) त्यस्तै होस् चोरको हालत, किणा पणी मरोस् ।
हातखुट्टा भाँचिदिउँन यैका, छाती टेकी सरोस् ॥

२) गोठ गाई पाण चेली, बेचेर खान्याको ।
यैंइ धती कसैका नहोऊ, मनले मान्याको ॥

३) धर्मीको धरम होइ झाऊ पापीको नाश होइ झाऊ ।
जिन्दगीलाई धोका दिइ छिः नरक बास होइ झाऊ ॥

यी गीतहरूमध्ये पहिलोमा अर्कालाई दुःख दिँदै हिंड्ने चोरका हातखुट्टा कसैले भाँचिदिऊन र त्यस्ता अपराधीले छातीले सर्दै किडा परेर मर्नुपरोस् भनेर घृणित भावमा बाह्रमासे गीतका माध्यमबाट व्यक्त गन खोजेको छ । त्यस्तै दोस्रोमा यो संसारमा गाई र छोरीलाई बेचेर खाने कसैको पनि भलो नहोस् भन्ने कुरालाई घृणित भावना दर्शाउन खोजेको छ भने अन्तिममा जसले भलो गर्छ त्यस्ताको सधैं भलो होस् तर पाप गर्नेको भने नाश होस् र जिन्दगीमा धोका दिने मान्छेको नर्कमा वास होस् भनेर बाह्रमासे गीतका माध्यमबाट घृणित भावशैलीमा व्यक्त गर्न खोजिएको छ ।

यसरी बझाङ जिल्लामा प्रचलित बाह्रमासे गीतमा करुण, शान्त, श्रृङ्गार, हांस्य, वीर, विभत्स र रौद्ररसको प्रयोग गरिएको पाइन्छ ।

### ५.२.६ प्रस्तुतीकरणका आधारमा बाह्रमासे गीतको वर्गीकरण

बझाङ जिल्लामा गाइने बाह्रमासे गीतलाई प्रस्तुतीका आधारमा हेर्दा यहाँ शुद्ध तथा बाद्य एवं नृत्यमुक्त गीतको प्रचलन छ । यसैले यहाँका बाह्रमासे गीतको गायनमा न कुनै बाजा चाहिन्छ न त कुनै नृत्य नै । यहाँका बाह्रमासे गीतले किसानको खेतको आलीदेखि विदेशिएका पुरुषको मनमुटुसम्म र नारीको घरधन्दाको कामदेखि वनपाखाका हरिया घाँसे फाँटसम्म सबै वर्ग, लिङ्ग र उमेरका मानिसहरूको प्रत्येक अनुभूतिसम्म फैलिएर आफ्नो लोकप्रियता प्राप्त गरिसकेको हुनाले

कुनै सामग्रीहरूको तारतम्यविना नै बाह्रमासे जिभ्रोबाट चुहिरहन्छन् । माथि उल्लेख गरिएका जति पनि गीतहरू छन् यी सबै शुद्ध बाह्रमासे गीतका नमूना हुन् ।

## ५.३ बाह्रमासे गीतको संरचना

अशिक्षित ग्रामीण बालकदेखि बृद्धसम्म सबैको जिब्रामा टपक्क टप्कने, परिवेशअनुसार सिर्जना गरेर गाउन सकिने बाह्रमासे गीतको संरचना कुनै शास्त्रीय नियममा आधारित गरिँदैन । झ्याउरे लयमा लोकजीवनका हृदयमा गीतको संरचना स्वतः सिर्जिन्छ । पूर्वापर सापेक्ष वा निरपेक्ष भएका दुई पदहरू मिलेर एक गीतको संरचना हुने बाह्रमासे गीतहरू द्विपक्ष्यीय र विशेषतः अन्त्यानुप्रासयुक्त नै हुन्छन् । गीतका दुई वटा पदहरूमध्ये कुनै-कुनै गीतमा अघिल्लो पद गायकको भावसँग सम्बन्धित नभएर केवल लय र संरचना मिलाउन मात्र पनि राखिएको हुन्छ भने गायकको खास अभिव्यक्ति दोस्रो पदबाट नै स्पष्ट हुन्छ ।

जस्तैः

सालकाट्या सजाय हुन्छ सिमलको मोलै नाई ।
उडुँ भन्या पंख छैन भूइँ बस्न मनै नाई ।।

यहाँ मनको थान्को लगाउन नसकेर जमिनमा बस्ने मन नभएको र उड्नलाई प्वाँख पनि नभएको भन्ने लाक्षणिक भाव व्यक्त गर्नु गायकको ध्येय हो; जुन कुरा दोस्रो पदबाट मात्र प्रष्टिन्छ । पहिलो पद उक्त दोस्रो पदको भावसँग कुनै सम्बन्ध नराखेर निरपेक्ष रूपमा आएको छ तर कुनै-कुनै गीतमा भने गायकको मुख्य आशयलाई अझ कसिलो र प्रभावकारी बनाउनमा दुवै पक्षको समान भूमिका हुन्छ; जस्तैः-

एक बैरी रातको डिउडी, दोस्रो बैरी निन ।
तेस्रो बेरी मायाजाल, चौथो बेरी रिन ॥

यहाँ गायकको मख्य आशय आफूले व्यहोर्दै आएको कष्ट-पिडा तथा सास्तीलाई स्पष्ट्याउनु हो र यस भावलाई तिखो पार्नमा दुवै हरफहरूको समान भूमिका छ । त्यसैले यी हरफरहरू एक-अर्काका सापेक्षित छन् ।

बाह्रमासे गीतको आधुनिक संरचना हेर्दा डेउणा गीतमा झैं १४ वटा अक्षरहरूको संयोजनाट यसको एक हरफको निर्माण भएको छ । संयम  साधनाविना नै अशिक्षित लोकमानसहरूले मौखिक

रूपमा सिर्जना गरेर गाएका गीतहरूलाई लिखित रूपमा उतार्दा कहिलेकाहीँ यी भित्रका अक्षरहरूमा नियमितता नभएर पन्ध्र, सोह्र अक्षरको भान भए पनि लयानुरूप उच्चारण गर्दा १४ अक्षरको संयोजनबाट नै यसका प्रत्येक हरफहरू निर्माण भएका हुन्छन् । बाह्रमासे गीतहरूमा डेउणागीतको झैं विभिन्न किसिमको वर्ण संयोजन पाइन्छ । कुनै गीतमा ४+४+४+२ को वर्ण संयोजन, कुनैमा ४+४+२+२+२, कुनैमा २+२+२+२+२+२+२, कुनैमा ३+३+२+३+३ वा यस्तै फरक-फरक वर्ण संयोजनका गण व्यवस्था र विश्राम-उपविश्राम भएका गीतहरू पाइन्छन्, जस्तै केही गीतमा देखिएका वर्ण-संयोजन र गण व्यवस्थाको प्रक्रिया हेर्दा यस्तो देखिन्छ ।

१.

| | | | |
|---|---|---|---|
| धामीलेक | धामीज्यूका | हातभरी | बाला । |
| दुःखारीखि | दिनैपन | रातभन्दा | काला ॥ |
| ४ | ४ | ४ | २ |

यस गीतमा ४+४+४+२ को गण व्यवस्था र यति मिलेको देखिन्छ ।

२.

| | | | | |
|---|---|---|---|---|
| काँ बस्तो हो | क्या खानो हो | वन | वस्न्या | बाग । |
| प्रदेशी हुँ | प्रदेशै छु | यसै | मेरा | भाग ॥ |
| ४ | ४ | २ | २ | २ |

यहाँ ४+४+२+२+२ को गण व्यवस्था र यति मिलेको देखिन्छ ।

३.

| | | | | | | |
|---|---|---|---|---|---|---|
| दिन | दिन | रानी | चणा | बस्न | लागि | अल्का । |
| जत्ति | बैना | टाणा | भया | उत्ति | लाग्दा | झल्का ॥ |
| २ | २ | २ | २ | २ | २ | २ |

यहाँ २+२+२+२+२+२+२ को गण व्यवस्था र यति मिलेको देखिन्छ ।

४.

| | | | | |
|---|---|---|---|---|
| मु माया | नमान्दो | भैग्याँ | नखाना | फलको । |
| काँ होला | रोक्किन्या | जग्गा | बगन्या | जलको ॥ |
| ३ | ३ | २ | ३ | ३ |

यहाँ ३+३+२+३+३ को गण व्यवस्था र यति मिलेको देखिन्छ ।

५.

| | | | | |
|---|---|---|---|---|
| उकाला | सनाई | बाजा | बज्जा | तिरिघिरी । |
| मु सम्झी | लण्याली | चेली | आयै | फिरिफिरी ॥ |
| ३ | ३ | २ | २ | ४ |

यहाँ ३+३+२+२+४ को गण व्यवस्था र यति मिलेको देखिन्छ ।

६.

| | | | | | |
|---|---|---|---|---|---|
| चर्का | घाम | बसि | झानु | पीपलुका | सेल |
| मुखी | कैल | हाल्यो | रैछ | इश्वरले | नेल |
| २ | २ | २ | २ | ४ | २ |

यहाँ २+२+२+२+४+२ को गण व्यवस्था र यति मिलेको देखिन्छ ।

७.

| | | | | | |
|---|---|---|---|---|---|
| परानी | सुम्पनो | भयाँ | बाज | तेरी | लागि । |
| दिहेल्ता | मनको | चारो | बस्न | देता | काखी ॥ |
| ३ | ३ | २ | २ | २ | २ |

यहाँ ३+३+२+२+२+२ को गण व्यवस्था र यति मिलेको देखिन्छ ।

यसरी एउटै चौध अक्षरे लोकलय-ढाँचाभित्रका अनेक उपढाँचाको प्रयोग बाह्रमासे गीतमा भेटिन्छ । यसले गर्दा बाह्रमासे गीतको लयवैविध्यको पुष्टि हुन्छ ।

## ५.४ निष्कर्ष

बझाङ जिल्लामा प्रचलित लोकगीतका विविध उपविधाहरू भन्दा बाह्रमासे गीतको लोकप्रियता धेरै छ स्थानीय भाषिकामा 'ठाडो भाका' का नामले परिचित यस गीतलाई मूख्य छ आधारमा वर्गीकरण गर्न सकिन्छ: लयका आधारमा छोटो र लामो लयका हुन्छन् भने विषयवस्तुका आधारमा प्रकृतिप्रधान र मानवीय क्रियाकलापप्रधान गरी मुख्य दुई वर्गमा राख्न सकिन्छ । मानवीय क्रियाकलापप्रधान गीतलाई पनि रीतिरिवाज सम्बन्धी, श्रम वा कर्म सम्बन्धी, आर्थिक एवं सामाजिक शोषण सम्बन्धी, नारी समस्याउसम्बन्धी र प्रेम प्रणयसम्बन्धी गीत गरी अन्य पाँच उपवर्गमा बाँड्न सकिन्छ । गाउनका आधारमा विशेषगरी एकल गायनमा गाइने भए पनि कहिले काहिँ केही व्यक्तिको समूहमा पनि गाउन सकिन्छ । स्वरूपका आधारमा मध्यम, लघु र लघुतम आकारका पाइन्छन् भने रसका आधारमा करुण, शान्त। श्रृङ्गार, हास्य, वीर, वीभत्स र रौद्धरसभाव प्रधान रहेका छन् । करुणरस यहाँका बाह्रमासे गीतमा पाइने अन्य रस भन्दा प्रधान रस हो । प्रस्तुतीका आधारमा शुद्ध (वाद्य नृत्यमुक्त) प्रवृत्तिका पाइन्छन् । विशेष गरी बझाङ जिल्लाका बाह्रमासे गीतको मूल संरचना चौध उक्षरे लोक ढाँचामा निर्मित पाइन्छ । यो यहाँका बाह्.मासे गीतको मुख्य पहिचान हो ।

## अध्याय छ

# बझाङ जिल्लाका बाह्रमासे गीतको विशेषता, स्थान र महत्त्वको निरूपण

## ६.१ परिचय

नेपालको हिमाल, पहाड र तराई सबै क्षेत्रका लोकजीवनले विभिन्न प्रकारका लोकगीतहरू गाउने गर्छन् । तिनका केही साझा र केही आ-आफ्नै प्रकारका निजी विशेषता एवं महत्त्वहरू छन् । ती मध्ये सुदूरपश्चिमको सेती अञ्चल अन्तर्गत पर्ने बझाङ जिल्लामा प्रचलित बाह्रमासे गीतका पनि केही साझा र केही आफ्नै प्रकारका निजी विशेषता एवं महत्त्वहरू छन् ।

## ६.२ बझाङ्गी बाह्रमासे गीतका विशेषताहरू

बझाङ जिल्लामा प्रचलित लोकगीतहरूमध्येको एक बाह्रमासे गीतले परम्परादेखि नै आफ्नै प्रकारका विशेषताहरू बोकेका पाइन्छन् । यहाँका समाजमा बालबालिकादेखि बूढाबूढीसम्म सबैले आफ्ना व्यक्तिगत र सामूहिक भावनाहरूलाई अंकित गरेर जहाँ र जहिले पनि सजिलै रूपमा गाउँन सकिने बाह्रमासे गीतमा सम्पूर्ण नेपाली लोकगीतका साझा विशेषताहरू त छँदै छन् आफ्नै प्रकारका निजी विशेषताहरू पनि कम देखिँदैनन् । अन्त्यानुप्रासहित द्विपदीय संरचनामा पूर्ण भाव दिने र वाद्य एवं नृत्यको प्रयोजनबिना नै विशेष एकल र केही सामूहिक रूपमा गाइने बाह्रमासे गीतका विशेषताहरू यस प्रकार देखिन्छन्:

### ६.२.१ द्विपदीय संरचना

बझाङ जिल्लामा गाइने बाह्रमासे गीतहरू दुईवटा पद मिलेर बनेका हुन्छन् । सवाई लोकलयका गीतहरू झैं १४ अक्षरहरूको संयोजनमा एक पदको संरचना भएका बाह्रमासे गीतहरूका दुवै पदहरू सापेक्ष वा निरपेक्ष पनि हुन सक्छन् अर्थात् कुनै गीतमा गायकले भन्न खोजेको आसयसँग दुवै पदहरू सम्बन्धित हुन्छन् भने कुनै गीतमा पहिलो पद केवल लय वा संरचनालाई मिलाउन मात्र जोडिएको हुन्छ र गायकको आशय दोश्रो पदमा मात्र प्रकट भएको हुन्छ; जस्तैः

१) अरु सबै बरकोट्याल्नी, मु पात्र छान्नाकी ।

कैइल्यै सुदिन फर्कन्नाकी, यसाइ दिन झान्नाकी ॥

२) बाली बैस साइ प्रदेश, अभागी कर्मले ।
जिन्दगी दुःखैमा बित्यो, क्या अरु ? धर्मले ॥

करिब १४ वटा अक्षरहरूको संयोजनबाट एक-एक पदको संरचना भएर द्विपदीप संरचनामा एक पूर्ण गीत बनेका यी गीतहरूमा पहिलो गीतको पहिलो पद गायकको भावसँग निरपेक्ष छ । उक्त गीतमा गायकको मुख्य आशय कहिल्यै सुख सुविधाका दिन आउँलान वा यस्तै दुःखि दिनहरूमा जीवन बित्ने होला भन्ने आशय छ र त्यो दोस्रो पदबाट मात्र स्पष्टिएको छ तर दोस्रो गीतमा गायकको मुख्य आशय यौवन अवथामा प्रेमी विदेशिएकाले जीवन दुःखित भइसक्यो, पतिब्रता धर्मले मात्र के गर्ने भन्ने रहेको छ र गायकको यस आशयलाई स्पष्ट्याउन दुवै पदहरू पूर्वापर सापेक्ष रूपमा आएका छन् ।

गीतमा पहिलो पद गायकका आशयसँग सम्बन्धित वा असम्बन्धित जे भए पनि सबै बाह्रमासे गीतहरू दुई पदमा नै संरचित भएका हुन्छन् । लघु र लघुतम् गीतका रूपहरूलाई सजिलै बुझ्न सकिन्छ तर यिनै बाह्रमासे गीत थेगो जोडिएर मध्य रूपसम्म विस्तारित हुन खोज्दा श्रोतालाई केही गाह्रो जस्तो लागे पनि कर्णप्रिय र सहज नै हुन्छन् । यो बाह्रमासे गीतको निजी विशेषता हो ।

### ६.२.२ सदाबहार एवं चक्रीयता

बझाङ जिल्लामा गाइने बाह्रमासे गीतको यो विशेषता नेपाली लोकगीत भित्रको बाह्रमासे गीतकै सार्वभौम विशेषता हो । समयको चक्रभित्र क्रियाशील लोकजीवनले कुनै बाधा अड्चनबिना नै जुनसुकै अवस्था र परिस्थितिमा पनि सहज रूपमा आफ्ना आत्मानुभूतिलाई बाह्रमासे गीतका माध्यमबाट व्यक्त गर्दछन् । जसरी समय एक किसिमको चक्रका रूपमा चलिरहन्छ त्यसरी नै मानवीय क्रियाकलाप र उसका अनुभव एवं अनुभूति पनि बदलिंदा उसले त्यस अवस्था वा परिस्थितिलाई बाह्रमासे गीतका माध्यमबाट व्यक्त गर्दछ । यसैले बाह्रमासे गीतलाई सदावहार वा ऋतुचक्रमा आधारित गीत भनिन्छ; जस्तैः

१) दुःखारीलाई निन लाग्दिन, जन बुण्या बेल ।
झनै धुप चर्क्याको चर्केइ, कइल होला सेल ॥

२)    फूल फुल्या छत्तीसै रङ्गका, बसन्त आउनाले ।
रनबनै उराउठो लाग्यो, कोइली गाउनाले ॥

यहाँ पहिलो गीतमा सधैं एकनासले उदाउने र अस्ताउने सूर्यलाई बाह्रमासे गीतका माध्यमबाट गरिएको सम्बोधनले उक्त गीतको सदाबहादर विशेषतालाई जनाइएको छ भने दोस्रो गीतमा वर्षभरिको समयचक्रभित्र आउने ६ वटा ऋतुमध्ये एक वसन्त ऋतुको बारेमा बाह्रमासे गीतका माध्यमाट गरिएको अभिव्यक्तिले चक्रियताको विशेषतालाई दर्शाउन खोजेको छ ।

### ६.२.३ एकल गायन

बझाङ जिल्लामा गाइने बाह्रमासे गीत कहिलेकाहीँ दुईचार जनाको समूहमा गाइएको पाइएता पनि एकल गायन यसको मूलभूत विशेषता हो । डेउणा गीतसँग यो कुनै आधारमा मिल्दोजुल्दो देखिए पनि त्यसबाट अलग हुने एक आधार यही एकल गायन हो । बाह्रमासे गीत जति एकल गायनमा आधारित छ त्यति नै व्यक्तिगत आत्मानुभूतिलाई अभिव्यक्त गर्न सक्षम हुन्छ; जस्तैः

१)    हात छैन लाग्न्या आँसी, मेली छैन खण ।
सौतेली सासुका झल्का, सम्झि रुन्छु बर ॥

२)    आमा छन् दैवका कोख, बुबा परदेश ।
चिनन्नाकी छोरो भनी झाउँ कि पुल्ती भेष ॥

यी गीतमा क्रमशः सौतेनी सासुबाट रातदिन पिरोलिएकी बुहारी र आमाबाबुबाट एक्लिएको छोराले गरेको अभिव्यक्तिले जसरी एकल गायनको भावशैलीलाई स्पष्ट पारेको छ त्यसरी नै व्यक्तिगत आत्मानुभूतिलाई अभिव्यक्त गर्न सक्षम रहेको देखिन्छ ।

### ६.२.४ वाद्य-नृत्युमुक्त (शुद्ध)

बभाङ जिल्लामा प्रचलित अन्य लोकगीतहरू कोही वाद्ययुक्त, कोही नृत्ययुक्त र कोही वाद्य-नृत्यसहितका मिश्रित छन् । यहाँका यस्ता लोकगीतमध्येको एक नृत्यप्रधान गीत डेउणा गीत हो भने बाह्रमासे गीत वाद्य-नृत्यमुक्त वा शुद्ध गीत हो । यसको गायनमा न बाजाको आवश्यकता पर्छ न त नृत्यको नै । बाह्रमासे लोकगीतको सम्बन्ध विशेषगरी श्रम र ऋतुचक्रसँग रहने भएकाले त्यसमा लोकको मानसिकताले त्यस्ता वाद्य एवं नृत्य सामग्रीको कल्पना बिना नै बाह्रमासे जिभ्रोबाट निकाली हाल्ने गर्दछन् ।

### ६.२.५ अन्त्यानुप्रासयुक्त

शास्त्रीय परिष्कारवादी कविताहरूमा झैं द्विपदीय बाह्रमासे गीतका दुवै पदका अन्त्यमा अनुप्रास मिलाइएको हुन्छ । लोकगायकहरूले गीत गाउँदा लयमा मिठास ल्याउन र श्रुतिमाधुर्यता भर्न अन्त्यानुप्रास अनिवार्य रूपमा मिलाउने गर्दछन्; जस्तैः

मेली झान्या भेडी ग्वालो, पानी काँ खाँदो हो ।
मऱ्यो माइस ढल्क्यो जोवन कै ठौर झादो हो ॥

यस गीतका अन्त्यमा 'खादो हो' र 'झादो हो' शब्दमा अन्त्यानुप्रास मिले जस्तै प्रत्येक गीतमा यस्तै तरिकाले अन्त्यानुप्रास मिलाइएको हुन्छ । कुनै कुनै गीतमा गीतको मूलभाव त्यही अनुप्रासीय शब्दमा रहेको हुन्छ भने अधिकांश गीतमा केवल लयमा मिठास ल्याउन र गीतलाई कर्णप्रिय बनाउन मात्र त्यस्ता अनुप्रासीय शब्दहरू राखिने गरिन्छन् । जे भए पनि अन्त्यानुप्रास बाह्रमासे गीतको मूल विशेषता हो ।

### ६.२.६ स्थानीयपन

बभाङ जिल्लामा गाइने बाह्रमासे गीतले त्यहाँको स्थानीपनलाई भाषिक तथा परिवेशगत रूपमा चित्रण गर्दछ । त्यसैले यहाँका जनजीवनको आफ्ना यावन अनुभव एवं अनुभूतिलाई सुलभ तरिकाले वर्णन गर्न सक्ने एउटा माध्यम बाह्रमासे गीत बनेको छ । यसभित्र नै त्यहाँको समाज, संस्कृति, धर्म, अर्थ, शिक्षा, स्वास्थ्य लगायत सबै स्थानीयपनको पूर्ण पहिचान पाइन्छ; जस्तैः

(१) चैत्या अष्टमीका दिन, डाणामाणु झान्ना ।

चार गाउँका चार बुणा मिली, देवतालाई मान्ना ॥

(२) एकातिर सेती बग्दो, अर्कातिर बाउली ।
आइझाला मागको मैना अन्नी फाँको खाउली ॥

यी गीतमा आएका क्रमशः चैत्या अष्टमी, डाणामाणु, झान्ना, चार गाउँका चार बुणा, देवता मान्ना, सेतो, बाउली, आइझाला, मागको मैना, अन्नी-फाँको र खाउली जस्ता शब्दहरूले बझाङ जिल्लाका स्थानीय भाषिकपन र परिवेशगत पहिचानलाई चिनाएको छ ।

### ६.२.७ विविध भाव

बझाङ जिल्लामा गाइने बाह्रमासे गीतहरूमा विविध भावको अभिव्यक्ति पाइन्छ । नेपालका अन्य समाजमा प्रचलित विभिन्न लोकगीतहरू कुनै न कुनै निश्चित भावमा आधारित हुन्छन् । ती गीतहरूमा या त प्रेम-प्रणय वा विरह वेदनाका भावहरू पाइन्छन् या त वीरता वलिदान, धर्म-कर्म वा यस्तै अन्य भावहरू मात्र पाइन्छन् तर जति बेला जस्तो परिस्थिति देखियो त्यही अवस्थालाई अंकित गरेर गाइने यहाँका बाह्रासे गीतमा कुनै निश्चित भाव मात्र पाईंदैन । लोकगायकका अगाडि देखापर्ने विविध आलम्वन र उद्दीपन विभावले सुषप्तु अवस्थामा रहेका मनोविकार, वासना, शोक, रति, उत्साह, भय जस्ता स्थायी भावलाई बाह्रमासे गीतमा समेटेको हुन्छ । मानवीय जीवनयापनका क्रममा आइपर्ने सुख-दुःख, आँसु-हाँसो, मिलन-बिछोड, प्रेम-प्रणय, डर-त्रास, उमङ्ग, विरहवेदना आदिलाई प्रकट गरेर गाइने बाह्रमासे गीतहरू शास्त्रीय दृष्टिले हेर्दा पनि सबै रसभावले युक्त देखिन्छन्; जस्तैः

१) निको लिँदै गट्टो लिँदै, दैवले राउँदैन ।
पोइ टिपी कालले लियो, मुखि त्यो आउँदैन ॥

२) निकाल्ता खल्टिको कुची, मिलाई देता ताला ।
हात हाल्ता चोलीका भित्र, दाँती लाता गाला ॥

३) यो शरीर दुई दिनको मात्र, मर्‍या पछि कुन्छ ।
नडर्नू सतुरका सामु कुलको बेइज्ज्त हुन्छ ॥

यी गीतहरूमध्ये पहिलो गीत लोग्ने मरेकी स्वास्नीको विरह र वेदना प्रकटिएको करुण रसभावना आधारित छ भने दोस्रो गीत यौवनमत्त केटीको रतिरागात्मक भाव प्रकटिएको अश्लील वा सम्भोग श्रृङ्गार रसमा देखिएको छ । अनि तेस्रो गीत शरीर क्षणीक हो, यसको माया मानेर शत्रुका सामु डर्दा कुलको बेइज्जत हुन्छ भन्ने साहसी भाव प्रकटिएको वीर रसमा आधारित छ । यस्तै प्रकारको हाँस्य, क्रोध, भय, घृणा जस्ता तीता-मीठा भावहरूका साथै परिवर्तित प्रकृतिका अनेकौं स्वच्छन्द भावहरू पनि बाह्रमासे गीतमा समेटिएका हुनाले यसको भावभूमि विविध र व्यापक किसिमको देखापर्छ ।

### ६.२.८ लाक्षणिकता र आलङ्कारिकता

अशिक्षित ग्रामीण नरनारीद्वारा मौखिक रूपमा सिर्जना गरेर गाइने बाह्रमासे गीतहरू आलङ्कारिक र लाक्षणिक किसिमका पनि हुन्छन् । गायकले आफ्ना अनेकौं भावहरूलाई व्यक्त गर्नका लागि अभिद्यात्मक शब्दहरूको मात्र प्रयोग नगरेर लक्ष्यार्थद्वारा बुझिने लाक्षणिक शब्दहरूका साथै बिम्बात्मक र प्रतीकात्मक शब्दहरूको पनि समावेश गरेको हुन्छ भने सशक्त लयात्मक प्रवाहका वेगमा छान्दिक संरचना र अलङ्कार सौन्दर्यको भाव स्वतः समाहित भएको हुन्छ । बाह्रमासे गीतमा अशिक्षित नरनारीको सौन्दर्य चेतनाका कारण स्वाभाविक रूपमा सहज र सरल किसिमले विभिन्न शब्दालङ्कार र अर्थालङ्कारहरू स्वतः आएर प्रयुक्त भएका हुन्छन्; जस्तैः

१) सुन टल्कनी टल्कनो छ, खप्तडको हिउँ त ।
ठौर मन ठकान छैन सबै सम्झि लिउँ त ॥

२) मै हाल्यां देवीखी बानु मेराइ भयो खती ।
माना भरु तुला जोखु कैको माया कति ॥

३) हिउँ पणे खप्तडी लेक पाटन पुरिँदैन ।
जीउ झुरी माछीको काँणो माया झुरिँदैन ।

यी गीतहरू मध्ये पहिलोमा उपमेय र उपमानका बीच रूप-गुण-क्रिया आदिको समानता प्रस्तुत गरिने उपमा (उपाध्याय, २०४८ः १३२) अलङ्कारको प्रयोग भएको छ । यस गीतमा उपमेयका रूपमा खप्तडको हिउँ र उपमानका रूपमा सुन आएका छन् र यहाँ उपमेय हिउँलाई अपमान सुनसँग दाँजिएको छ, यहाँ बाचकका रूपमा 'झैं' अर्थ दिने 'नी' आएको छ ।

धर्म सुनौलो हुनुपर्नेमा त्यसको लोप भएकाले लुप्तोपमा अलङ्कारको प्रयोग भएको छ । दोस्रो गीतमा अभिव्यक्तिलाई बढी प्रभावकारी बनाउन लोकप्रसिद्ध उक्तिलाई उछिनेर बढाइचढाइका साथ कुनै विषयको वर्णन गरिने अतिशयोक्ति (उपाध्याय, २०४८: १३०) अलङ्कारको प्रयोग भएको छ । मानवीय भावनामा हुने माया-प्रेमको नापो न त मानामा भर्न सकिन्छ न त तराजुमा तौलिन सकिन्छ तर यहाँ गतिको दोस्रो पंक्तिमा कसको माया-प्रेम कति छ नाप गरौं भन्ने भनाई स्वतः अतिशयोक्तिपूर्ण छ । यस्तै तेस्रो गीतमा उपमेय र उपमानका बीच रूपसाम्य र कार्य साम्यका कारणले उपमेयको निषेध नगरी अभेदमुलक आरोप गरिने रूपक (२०४८: १३२) अलङ्कारको प्रयोग भएको छ । यस गीतको दोस्रो पदमा उपमेय हिउँलाई उपमान माछाको काँडोको रूपमा लिई तिनमा अभेद सम्बन्ध स्थापित गरिएको छ ।

यसरी विभिन्न प्रकारका आलङ्कारिक शब्दहरूका साथै भट्ट हेर्दा भिन्नै अर्थ जस्तो लाग्ने लाक्षणिक शब्दहरूको समावेश भएका लाक्षणिक किसिमका बाह्रमासे गीतहरू पनि पाइन्छन् र गाइन्छन् । आलङ्कारिक गीतहरूले गीतको अर्थ सौन्दर्यलाई बढाएको हुन्छ ।

### ६.२.९ भाषाशैलीगत सरलता र माधुर्य

द्विपदीय संरचनामा पूर्ण भाव दिने र नेपाली लोकलयमा आधारित भएर लामो वा छोटो श्वासप्रवाहमा गाउन सकिने बाह्रमासे गीतहरूको भाषाशैली सरल र सहज हुन्छ । अन्य गीतहरू भैं कण्ठस्थ गर्नु नपर्ने र परिवेशअनुसार जसले पनि सिर्जना गर्न सक्ने हुँदा बालकदेखि बूढाबूढी सबैले आ-आफ्नो अनुभव र अनुभूतिहरूलाई अंकित गरेर जहाँ र जहिले पनि स्वच्छन्द भावमा मधुर लय हालेर गाउन सकिने बाह्रमासे गीत यही भाषिक सरलताको कारणले एकल रूपमा होस् वा दुई चार जनाको समूहमा होस् जहाँ पनि गुन्जिने गर्छन् र गुन्जिरहेका हुन्छन् । यसरी आफ्ना तीता-मीठा भावहरूलाई सजिला र रसिला शब्दमा सिर्जना गरी गाउन सक्नु बभ्काङ्गी बाह्रमासे गीतका विशेषता हुन् । त्यस्तै विभिन्न स्वरवर्णका पुनरावृत्तिबाट पैदा हुने अनुप्रास र शब्दालङ्कारको श्रुतिमाधुर्यता पनि प्रत्येक बाह्रमासे गीतमा प्रसारित हुन्छ; जस्तैः

१)	गोठगाई भोकले मऱ्यो काटि लैया रुइना ।
दिनदियै वाणुली मुखि मध्यरात सुइना ॥

२)	काला-काला रुमा हुनु कानइदो सुन हुनु ।
अति रुस्या जोवन हुनु पोइएको गुन हुनु ॥

३)	कालै गुन्यूँ कालै चोलो कालै कानमा काउँलो ।
झान्छु मु जंगलका बीचमा बोकी डोको नाउँलो ॥ आदि ।

यहाँ पहिलो गीतको पहिलो पंक्तिमा 'ग' र दोस्रो पंक्तिमा 'द' वर्ण समानक्रममा एक-एक पटक मात्र आवृत्त भएकोले छेकानुप्रास अलङ्काको आभास पाइन्छ । दोस्रो गीतमा स्वरव्यन्जन समूहको त्यसै क्रममा आवृत्ति भएको छ । त्यस्तै तेस्रो गीतको पहिलो पदमा 'क' र 'ल' वर्ग पाँच-पाँच पटक पुनरावृत्ति भएका छन् ।

यस्तै प्रकारले बाह्रमासे गीतहरूमा अनेकौं वर्ण, पद, पदावलीको आवृत्ति पुनरावृत्ति भएर गीतको रूप सौन्दर्यलाई बढाएर गीतलाई श्रुतिमाधुर्य बनाउनुका साथै स्थानीय बोलचालकै भाषामा गीत सिर्जित गरेर गाइने हुँदा गीतमा भाषिक सरलता पनि देखिन्छ ।

माथि उल्लिखित यिनै विशेषताहरूले बाह्रमासे गीतहरूलाई स्पष्ट रूपमा चिनाएका हुन्छन् ।

## ६.३ बझाङ्गी बाह्रमासे गीतको स्थान र महत्त्व

नेपालका विभिन्न भाषाभाषी र जातजातिका बस्तीहरूमा गाइने विभिन्न लोकगीतहरू झैं लोकसाहित्यरूपी बोटका अनेकौं हाँगाविँगाहरूले झ्याँगिएको चौतचारीरूपी सुदुरपश्चिम अन्तर्गत बझाङ जिल्लामा पुर्खौपुर्खादेखि प्रचलित हुँदै आएका विभिनन प्रकारका लोकगीतहरूमध्ये बाह्रमासे गीतको ग्रामीण जनसमुदायमा छुट्टै स्थान र महत्त्व छ । पुर्खाहरूद्वारा आफ्ना मनका अनेकौं तीता-मीठा अनुभूतिको अभिव्यक्तिका साथै समाजमा देखिने राम्रा-नराम्रा पक्षहरूको अंकन गरेर मेलापात, वनजंगल सबैतिर गाइँदै आएका बाह्रमासे गीतहरू एकपछि अर्को पुस्ताका मधुर कण्ठबाट दाउरा-घाँसगर्दा होस् वा खेतमा काम गर्दा होस् जतिबेला पनि गुन्जिदै आएका छन् । पुस्तौंपुस्तादेखि व्यक्तिगत मानवीय जीवनका उमङ्ग र वेदनाहरु, सामाजिक जीवनका विभिन्न अवस्थाहरु, समाजले मान्यता दिएका रीतिरिवाज र चालचलनका साथै प्राकृतिक वातावरणलाई समेत समेटेर गाइँदै

आएका बाह्रमासे गीतहरूलाई आज पनि समाजले निकै ठूलो मान्यता दिएको छ । आफ्ना सम्पूर्ण अनुभूति र अभिव्यक्ति पोख्ने र रमाउने प्रमुख माध्यम त्यहाँ यही बाह्रमासे गीत बनेको छ । समाजका बालकदेखि बृद्धसम्म सबैले आ-आफ्ना व्यक्तिगत जीवनयापनका क्रममा देखा परेका सुख-दु:ख, आँसु-हाँसो, प्रेम-प्रणय, मिलन-बिछोड जस्ता विरह एवं उमङ्गका भाव र परिवेशगत अनुभूतिलाई पोख्ने प्रमुख माध्यमका रूपमा रहेका बाह्रमासे गीतहरू किसानहरूले वनजंगल, खेतबारी, खोलानाला स्ता दैनिक कर्मस्थलमा मात्र होइन अशक्त बूढाबूढीहरूले घरका झ्यालमा बसेर पनि एक्लै बाह्रमासे जिभ्रो चलाउँदै गुन्गुनाइ रहेका हुन्छन् । बालबालिका पनि गाइगो चराउँदै र घाँस काट्दै बाह्रमासे गीत गाएर रमाइ रहेका हुन्छन् । एक अर्कालाई मन पराउने प्रेमीप्रेमिकाहरू पनि यिनै गीतका माध्यमाट आफ्नो प्रणय भाव साटासाट गरिरहेका हुन्छन् ।

समाजमा पहिलेदेखि नै खोलानाला, वनजंगल, चौतारी वा अन्य भूभागमा गुन्जिदै सामाजिक जनजीवनका संस्कार-संस्कृति र परिवेशलाई अंकित गर्दै सुखको अवस्थामा उमङ्गको भावले हँसाउँदै र दु:खको अवस्थामा वेदनाका आँसुले रुझाउँदै आएका बाह्रमासे गीतहरू आज केवल ग्रामिण अशिक्षित नरनारीका कण्ठ एर्व गाउँघरमा मात्र सीमित छैनन्  जिल्लामा मनाइने राष्ट्रिय चाडपर्व, उत्सव, समारोह आदिमा पनि विभिन्न संघसंस्था वा सरकारी स्तरबाट लोकगायकहरूलाई बोलाएर प्रतियोगिताका रूपमा बाह्रमासे गीत गाउन लगाइन्छ । त्यस्तै समाजका शिक्षित कहलाइएका गीतका अनुरागीहरूबाट विभिन्न गीति क्यासेट एवं रेडियो नेपालबाट बाह्रमासे गीतलाई विभिन्न लयमा गाएर यसको स्थानलाई अझ फराकिलो पारी राष्ट्रियस्तरसम्म पहिचान गराएका छन् । त्यति मात्र होइन, बाह्रमासे गीतका मधुर लयसँगै हुर्केका बझाङ्गीहरू आज चाहे जीविकोपार्जनका लागि भारत पसेका हुन् वा नेपालकै अन्य समाजमा, जहाँ भए पनि मधुर लयमा बाह्रमासे गीत गुन्गुनाइरहेका हुन्छन् । त्यो उनीहरुको जन्मजात गुण जस्तै सावित भएको छ ।

यसरी पुस्तौपुस्तादेखि नै समाजका बालकदेखि बृद्धसम्मको अन्तरहृदयलाई जितेर समाजमा आफ्नो स्थानलाई उच्च राख्दै आएका बाह्रमासे गीतहरूको निकै ठूलो महत्त्व छ । यी गीतहरूले एकातिर समाजले मान्दै र गर्दै आएका रीतिरिवाज, चालचलन, भेषभूषा जस्ता संस्कार र संस्कृतिलाई सुरक्षित राख्नुका साथै पुर्खाको इतिहास, प्राकृतिक र सामाजिक वातावरणलाइ वर्तमानमा छर्लङ्ग्याएका हुन्छन् भने अर्कोतिर सामाजिक, आर्थिक र शैक्षिक अवस्थाको प्रतिबिम्ब उतारेका हुन्छन् । ग्रामीण जनजीवनका विवशता र बाध्यताका साथै व्यक्तिगत जीवनका अनेकौं वेदना र उमङ्गका भावहरूलाई समेटेर एकान्त जंगलको नीखता, खोलाको कलकल, चौतारीको

सिसिरे वतास, कोइलीको कुहुँ-कुहुँ आवाज, वसन्तको मगमगाउँदो वासना र वर्षाको हरियालीसँग हर्षको उल्लासमा रमाउने र विरहको उडानमा गीत गाएर मनको तीर्खा मेट्ने एक मात्र माध्यम बनेको बाह्रमासे गीतको ग्रामीण समुदायमा धेरै ठूलो स्थान र महत्त्व छ ।

## ६.४ निष्कर्ष

नेपाल अधिराज्यका अन्य क्षेत्रहरूमा जस्तै बझाङ जिल्लामा प्रचलित बाह्रमासे गीतका पनि केही साझा र केही निजी विशेषताहरू छन् । द्विपदीय संरचना, सदावहार एंव चक्रीयता, एकल गायन, वाद्य-नृत्यमूक्त (शुद्ध), अन्त्यानुप्रासयुक्त, स्थानीयपन, विविधभाव, लाक्षणिकता र आलङ्कारिकता लगायत भाषाशैलिगत सरलता र माधुर्यता बझाङ्गी बाह्मासे गीतका मुख्य विशेषता हुन् । एकातिर बाह्मासे गीत यिनै गुणले पुस्तौ देखि सबै वर्ग, लिङ्ग उमेरका व्यक्तिको अन्तरहृदयलाई जित्दै वर्तमानसम्म आइपुगेको छ भने अर्कातिर समाजले मान्दै र गर्दै आएका रीतिरिवाज, चालचलन भेषभुषा जस्ता संस्कार एवं संस्कृतिलाई सुरक्षित राख्दै पुर्खाको इतिहास प्राकृतिक परिवेशलाई वर्तमानमा एक ऐनाले झै देखाएर यहाँको आर्थिक, शैक्षिक र सामाजिक अवस्थाको प्रतिबिम्ब उतार्न सफल छ । ग्रामीण जनजीवनका भावनालाई समेट्ने एक मात्र माध्यम बाह्रमासे गीत भएकाले बझाङ्गी समुदायमा मात्र नभई अन्य समुदायसम्म पनि यसगीतको सुगन्ध फैलिएको छ । बाह्रमासे गीतका यिनै विशेषताले गर्दा बझाङ्गी जनजीवनमा यस गीतको स्थान एवं महत्त्व धेरै रहेको देखिन्छ ।

## अध्याय सात

# शोधनिष्कर्ष

यस शोधपत्रमा बझाङ्गी बाह्रमासे गीतको अध्ययन गरिएको छ र त्यस अध्ययनलाई सातवटा अध्ययनमा संगठित गरी प्रस्तुत गरिएको छ । ती सातवटा अध्यायमध्ये पहिलो अध्याय शोधपरिचयसँग सम्बन्धित रहेको छ भने तेस्रो अध्याय चाहीँ बझाङ जिल्लाको सामान्य परिचयमा केन्द्रित रहेको छ । यस शोधपत्रका बाँकी दोस्रो, चौथो, पाँचौ र छैटौं अध्याय अध्ययनसँग सम्बन्धित रहेका छन् र त्यहाँ गरिएको अध्ययनबाट प्राप्त हुन आउने निष्कर्षलाई यहाँ बुँदाहरूमा अंकित गरिएको छ :

१) बाह्रमासे गीतको सैद्धान्तिक अध्ययनका क्रममा साहित्य तथा लोकसाहित्य सबै विधाका विद्वान्हरूका फरक-फरक अध्ययन एवं दृष्टिकोणको निचोडमा पुग्दा बाह्रै महिना वा त्यस समयचक्रका आधारमा गाइने गीत र त्यो चक्रभित्र गरिने विविध कर्म वा श्रमका आधारमा गाइने गीत बाह्रमासे गीत हो भनेर बाह्रमासे गीतलाई परिभाषित गरी चिनाएको पाइन्छ ।

उल्लिखित विद्वान्हरूले लोकगीतसम्बन्धी गरेका विविध अध्ययन तथा खोज र तिनले दिएका विचार, राय तथा सुझावको निचोडमा पुगी हेर्दा बाह्रमासे गीत प्रयोगका आधारमा, प्रस्तुतीका आधारमा, स्वरूपका आधारमा, गायनका आधारमा र रसका आधारमा गरी जम्मा पाँच भागमा वर्गीकरण गर्न सकिन्छ भने द्विपक्षीय संरचना, सदाबहार एवं चक्रीयता, एकल गायन, शुद्ध, स्थानीयपन वा मौलिकता, व्यापकता, रागात्मकता, स्वच्छन्दता, सरलता, पुनरावृत्ति, अज्ञान रचयिता जस्ता विशेषताले बाह्रमासे गीत चिनिन्छ ।

(२) हाल नेपालको सुदूरपश्चिमको सेती अञ्चल अन्तर्गत पर्ने एउटा पहाडी जिल्ला बझाङ हो र यस जिल्लामा मुख्यतया नेपाली भाषाको 'ओरपच्छिमा' भाषिका बोलिन्छ । त्यसै भाषाका वक्ताहरूको मुख्य बसोबास भएको यस जिल्लामा लोकसाहित्यको विशाल भण्डार छ जहाँ विभिन्न किसिमका लोकगीतहरू परम्परागत रूपमा प्रयोग हुँदै आएका देखिन्छन् । यहाँका लोकगीतका विविध प्रकारमध्ये सबभन्दा बढी प्रचलित र लोकप्रिय रहेको गीत भने बाह्रमासे गीत नै हो, जसलाई स्थानीय भाषामा 'ठाडो भाका' का गीत भनेर पनि चिनिन्छ ।

बझाङ्गी बाह्रमासे गीत त्यहाँ प्रचलित परम्परित गीत र परिवश सापेक्ष गीत जस्ता दुई वर्गमध्ये परिवेशसापेक्ष गीत अन्तर्गत पर्ने एक उपवर्ग हो । यो बाह्रमासे गीत त्यहाँ विशेषतः एकलरूपमा गाइने भए पनि कहिले काहीँ दुई चार जनासम्मको सामूहिक रूपमा पनि गाउन सकिने वाद्य-नृत्यमुक्त एवं शुद्ध गीत हो ।

३) बाह्रमासे गीतको नामकरणलाई हेर्दा यसलाई वर्षभरि नै गाइने वा बाह्रैमहिना गाउँन सकिने भएर यसको नाम बाह्रमासे रहेको हो ।

बझाङ्गी बाह्रमासे गीतको वर्गीकरण लय, विषयवस्तु, गायन, स्वरूप, रस र प्रस्तुतीकरणका आधार गरी मुख्य छ किसिमले गर्न सकिन्छ । लयका आधारमा बाह्रमासे गीत छोटो लयमा गाइने लामो लयमा गाइने गरी मुख्य दुई प्रकारका छन् । विषयवस्तुका आधारमा प्रकृतिप्रधान बाह्रमासे गीत र मानवीय क्रियाकलापप्रधान बाह्रमासे गीत गरी मुख्य दुई वर्गमा बाँडेर मानवीय क्रियाकलाप प्रधान बाह्रमासे गीतलाई पनि सामाजिक रीतिरिवाजसम्बन्धी, कर्म वा श्रीमसम्बन्धी, आर्थिक एवं सामाजिक शोषणसम्बन्धी, नारी समस्यासम्बन्धी र प्रेम-प्रणयसम्बन्धी गरी पाँच उपवर्गमा विभाजन गर्न सकिन्छ । गायनका आधारमा विशेष गरी बाह्रमासे गीत एकल गायनमा आधारित भए पनि कहिलेकाहीँ दुई चार जनाको समूहमा पनि गाइने हुँदा एकल र सामूहिक गरी दुई आधारमा बाह्रमासे गीतको गायनलाई विभाजन गर्न सकिन्छ । त्यस्तै स्वरूपका आधारमा मध्यम, लघु र लघुतम् गरी तीन उपवर्गमा विभाजन गर्न सकिन्छ । रसका आधारमा हेर्दा विशेषतः करुण रसको प्रधानता रहे पनि शान्त, हाँस्य, बीर, वीभत्स, रौद्र आदि सबै रसभावमा बाह्रमासे गीत गाइने गरिन्छन् भने प्रस्तुतीकरणका आधारमा बाह्रमासे गीत बाद्य-नृत्मुक्त वा शुद्ध पाइन्छन् ।

बाह्रंमास गीतको मूल संरचनालाई हेर्दा निम्न कुराहरू देखिन्छन्:

(क) बाह्रमासे गीत द्विपदीय हुन्छन्,

(ख) यस गीतका दुवै पाउहरू परम्परामा सापेक्ष वा निरपेक्ष हुन्छन् ।

(ग) बाह्रमासे गीतका दुवै पाउका अन्त्यमा अनुप्रास मिलेको हुन्छ

(घ) बाह्रमासे गीतका प्रत्येक पाउमा विशेषतः चौध अक्षरे लयढाँचाको प्रयोग गरिएको हुन्छ र त्यस अन्तर्गत गणगत र यतिगत वैविध्य भने देखापर्छ ।

(४) बझाङ्गी बाह्रमासे गीतका मुख्य विशेषता यी हुन् :

(क) द्विपदीय संरचना हुनु,

(ख) सदाबहादर एवं चक्रीयतामा आधारित भएर गाइनु (ग) विशेषतः एकल गायनमा आधारित हुनु,

(घ) वाद्य-नृत्यमुक्त वा शुद्ध हुनु,

(ङ) अन्त्यानुप्रासयुक्त हुनु,

(च) स्थानीयपन वा मौलिकता हुनु,

(छ) विविध किसिमका मानवीय आत्मानुभूतिको अभिव्यक्ति पाइनु,

(ज) लाक्षणिकता र आलङ्कारिकता भेटिनु ।

(झ) चौध अक्षरे मूल लोकलयढाँचा अन्तर्गत विभिन्न लयगत ढाँचाको प्रयोग हुनु र (ञ) भाषाशैलीगत सरलता र माधुर्य सञ्चारित हुनु ।

त्यस्तै बाह्रमासे गीतको स्थान एवं महत्त्वका सम्बन्धमा, बझाङ्गी लोकपरम्परादेखि आजसम्म समाजका सबै उमेर, लिङ्ग र वर्गका मानिसहरूले बाह्रैमहिना वा बाह्रमहिनाको समयचक्र तथा त्यसभित्र गरिने विविध श्रमका क्रममा आफ्ना निजी तथा सामूहिक अनुभव र अनुभूतिलाई बाह्रमासे गीतका माध्यमबाट व्यक्त गर्दछन् । आज ती यस्ता गीतहरू गाउँघरमा मात्र सीमित नरही राष्ट्रियस्तरसम्म पनि आफ्नो पहिचान गराउन सफल भएका छन् । बाह्रमासे गीतका माध्यमबाट यहाँको स्थानीय परम्परा, धर्म-कर्म, भेष-भूषा, रीतिरिवाज, चालचलन आदि कुराहरूको जगेर्ना र पहिचान गर्ने काम गरेको हुनाले यो गीतको स्थान र महत्त्व ठूलो रहि आएको पाइन्छ ।

# सन्दर्भग्रन्थ सूची


अनिल, सन्तराम (१९७५), **कन्नोज लोकसाहित्य**, आगराः बिनोद पुस्तक भण्डार ।

आप्टे, वामन शिवराम (१९६९), **संस्कृत हिन्दीकोश**, दो.सं., दिल्लीः मोतीलाल बनारसीदास पब्लिसर्स प्रा.लि. ।

आर.डी. तथा एल.एल. (२०२३), **नेपालका विभिन्न जाति र लोकगीत, एक परिचय,** काठमाडौंः जगदम्बा प्रकाशन ।

**इन्साइक्लोपेडिया ब्रिटानिका,** भाग ८, २०४९, काठमाडौंः साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०४८: १३२), **पूर्वीय साहित्य सिद्धान्त,** दो.सं., काठमाडौं : साझा प्रकाशन ।

उपाध्याय, कृष्णदेव (१९५७), **लोकसंस्कृति भूमिका**, प्रयागः साहित्य भवन लिमिटेड ।

उपाध्याय, रामप्रसाद (२०५७), **बझाङ्गी डेउडा गीतको अध्ययन**, स्नातकोत्तर शोधपत्र, कीर्तिपुरः नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

स्वर्णलता (१९७९), **लोकसाहित्य विमर्श**, विकानेरः रत्नस्मृति प्रकाशन ।

कदङ्वा, काजीमान (२०२०), **नेपाली जनसाहित्य,** काठमाडौंः रोयल नेपाल एकाडेमी ।

गैरे, ईश्वरीप्रसाद (२०६०), **लोकसाहित्य**, काठमाडौंः साझा प्रकाशन ।

चालिसे, विजय (२०३९), **डोटेली लोक संस्कृति र साहित्य**, काठमाडौं : साझा प्रकाशन ।

जोशी, सत्यमोहन (२०१२), "लोकसाहित्यका केही झल्का", **प्रगति** (वर्ष ३, अङ्क २, पूर्णाङ्क १४), पृ. १४५-१८७ ।

जोशी, विष्णुभक्त (२०५५), **सुन्यालदेखि बझाङ्गीसम्म,** काठमाडौंः बागबजार छापाखाना ।

थापा, धर्मराज (२०१४), "डेउडा गीत", **डाँफेचरी** (पत्रिका) ।

________ (२०१६), **मेरो नेपाल भ्रमण**, पोखरा : सावित्री थापा ।

________ (२०३०), **गण्डकीको सुसेली**, काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

थापा, धर्मराज तथा सुवेदी, हंसपुरे (२०४१), **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौँः त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

देवकोटा, लक्ष्मीप्रसाद (२०४५), **पहाडी सङ्गीतको भूमिका,** काठमाडौँः रत्नपुस्तक भण्डार ।

**नेपाली साहित्य कोष** (२०५५), काठमाडौँः रत्नपुस्तक भण्डार ।

**नेपाल मानव अधिकार वर्ष** (२०६१), काठमाडौँः अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ।

पन्त, कालीभक्त (२०२८), **हाम्रो संस्कृति र इतिहनस**, स्याङ्जाः स्वयं (कालीभक्तपन्त) ।

पन्त, देवकान्त (२०३२), **डोटेली लोकसाहित्य**, काठमाडौँ : नेपाल र एशियन अध्ययन संस्थान ।

पराजुली, मोतीलाल (२०४९), **नेपाली लोकगाथा,** पोखराः तारादेवी पराजुली प्रकाशन ।

पराजुली, कृष्णप्रसाद (२०५०), "गीत र लोकगीत केही चर्चा", **प्रज्ञा** (वर्ष २२, पूर्णाङ्क ७७), पृ. ६१-११० ।

________ (२०५४), "लोकसाहित्य, परिभाषा र लोकसाहित्यलाई छुट्याउने आधार", **कुञ्जिनी,** (वर्ष ५, अङ्क ३), पृ. १०१-११८ ।

________ (२०६०), **लोकसाहित्य,** काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

पोखरेल, बालकृष्ण (२०५०), **राष्ट्रभाषा,** काठमाडौँः साझा पुस्तक भण्डार ।

पोखरेल, बालकृष्ण तथा अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश,** काठमाडौँः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५८), **नेपाली लोकसाहित्य,** काठमाडौँः एकता बुक्स ।

बराल, ईश्वर (२०१०), "नेपाली जनगीतका विषयमा", **प्रगति**, (वर्ष १, अङ्क ५), पृ.३५-७३ ।

बराल, ईश्वर तथा अन्य (सम्पा.), २०५५, **नेपाली साहित्यकोश,** काठमाडौँः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

वर्मा, धीरेन्द्र तथा अन्य, सम्पा. (१९६३), **हिन्दी साहित्यकोश,** भाग १, वाराणसीः ज्ञानमण्डल लि. ।

**मेचीदेखि महाकालीसम्म** (२०३१), काठमाडौँः श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग ।

यात्री, पूर्णप्रकाश नेपाल (२०३५), **सेती अञ्चलको दिग्दर्शन,** विराटनगरः हिमाली सौगात प्रकाशन ।

________ (२०३९), “नेपाली लोकगीत”, **मधुपर्क,** वर्ष १५, अङ्क ८, पृ. ५७-७९ ।

________ (२०४१), **भेरी लोकसाहित्य**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

योगी, नरहरिनाथ (२०१३), **इतिहास प्रकाश,** अङ्क २, भाग ३, काठमाडौँः इतिहास प्रकाश संघ ।

लोहनी, लक्ष्मण (२०२२), **रोदीघर,** काठमाडौँः रत्नपुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०५४), “नेपाली लोकगीतमा प्रगतिवादी चेतना”, **प्रलेस**, (वर्ष ४, अङ्क ८), पृ. २७-४१ ।

शर्मा, श्रीराम (१९८१), **लोकसाहित्य सिद्धान्त और प्रयोग**, आगराः विनोद पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०५०), “गीत विश्लेषणका समकालीन आधारहरू”, **प्रज्ञा**, (वर्ष २२, पूर्णाङ्क ७७), पृ. २५-५६ ।

शर्मा, मोहनराज तथा लुइटेल, खगेन्द्रप्रसाद (२०६३), **लोकवार्ताविज्ञान र लोकसाहित्य,** काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

शाह, सुवि (२०५७), **लोकगीत वार्तालाप**, सङ्गीत (वर्ष १, अङ्क १) पृ. ४३-९३ ।

श्रेष्ठ, दयारम (२०३८) **प्रारम्भिककालको नेपाली साहित्य इतिहास र परम्परा,** काठमाडौँः त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

# परिशिष्ट

यस शोधपत्रका विभिन्न अध्यायहरमा बझाङ्गी बाह्रमासे गीतका बारेमा चर्चा-परिचर्चा गरिसकिएको छ । त्यस क्रममा बझाङ्गी लोकगीतमा प्रयुक्त बझाङ्गी भाषिकाका शब्दहरूको अर्थ नदिइएको हुँदा यहाँ ती गीतमा प्रयोग भएका स्थानीय बोलचालका शब्दहरूलाई वर्णानुक्रमअनुसार राखी तिनको मानक नेपाली अर्थ दिने प्रयास यहाँ गरिएको छ;

| | स्थानीय शब्द | अर्थ |
|---|---|---|
| अ | अन्नी | गर्छे/खाजा |
| | अर्नु | गर्नु |
| | अऱ्या | गरे |
| आ | आछिन | छैन |
| इ | इजु | आमा |
| उ | उदो | तलतिर/दुर्गति |
| | उबो | माथितिर/उन्नति |
| ओ | ओखल | ढिकी |
| | ओड्डो | नजिक |
| | ओणो | यतातिर |
| क | क्या | के |
| | क्यान | किन |
| | काँ | कहाँ |
| | कइका | कसका |
| | कइल | कहिले |
| | कविला | जहान/ परिवार |
| | कसुइखी | कसैलाई |
| | कुटु | प्यारा |
| | कुणा | कुरा |
| ख | खण | खर/बानी |

| | | |
|---|---|---|
| | खन्टो | फुली |
| | खरल्या | कर्कसा |
| | खती | नोक्सान |
| ग | ग्या | गए |
| | गट्टो | नराम्रो |
| | गाण | खोलो/निकाल |
| घ | घणी | समय/घडी/केरा |
| | घरिना | घरमा काम गर्ने आइमाई |
| | घडुली | गाग्री |
| च | चणा | चरा |
| | चेली | छोरी |
| | चोला | जुइनी/जन्म |
| छ | छ्यो | थियो |
| | छ्यौ | थियौं |
| | छुइ | नछुने/महिनावारी |
| | छोण | छोड्/समात/थाप |
| ज | जन | नगर |
| | जाग | बिउझ |
| | जागा | ठाउँ |
| | जेठी | जेठाज्यू |
| झ | झन | अझै/बढी |
| | झा | जा |
| | झाउन | जाऔं |
| | झाउला | जानेछौं |
| | झान्ना | जालान् |
| | झाल | समस्या/कष्ट |
| | झाँदा | जाँदा |

| | | |
|---|---|---|
| | झुरिनु | दुब्लाउँदै जानु |
| ट | टाटु | घाँटी |
| | टाणा | टाढा |
| ठ | ठौर | ठाउँ |
| ड | डाणी | बदनाम |
| | डिण्या | ताउली |
| त | त्याई | त्यही / उतै / उहाँ |
| | तउरा | तिम्रा |
| | तउरो | तिम्रो |
| | तउरै | तिम्रै |
| | तमी | तिमी |
| | ताँ | त्यहाँ / तपाई |
| | ताइनी | त्यसैमाथि |
| | ताहाइ | त्यहाँबाट |
| | तुइले | तैंले |
| थ | था | थाहा |
| द | द्यौ | दियौ / देऊ |
| | दाइना | राम्रा |
| | दाणो | दाँत |
| | दिइया | दिएर आऊ |
| | दिहेल्ता | दिहाल |
| | देलो | मूल ढोका |
| | दैव | भगवान् |
| ध | धेक्नु | देख्नु |
| न | नभ्या | नभए |
| | नाइप | छैन |
| | निको | राम्रो / सञ्चो / ठीक |

| | | |
|---|---|---|
| | निन | निद्रा |
| प | पनेरो | पानी भर्ने ठाउँ |
| | पण्नु | पर्नु/पढ्नु |
| | पण्यो | पऱ्यो/पढ्यो |
| | पाण | घरको माथिको तला |
| | विण्याउ | पिडालु |
| | पुनि | पूर्णिमा |
| | पुणो | उता |
| फ | फाँको | चिउरा/चामल |
| ब | बउजु | भाउजू |
| | बल्ल | गोरु |
| | बयालो | हावा |
| | बाला | छोरा |
| | बुणा | बूढा |
| | बग्नु | अस्ताउनु/ डुब्नु |
| | बुण्याउणी | ठालु |
| | बेल | सूर्य |
| भ | भइसो | भैंसी |
| | भन्छया | भन्थिस्/भन्थे/भन्नुहुन्थ्यो |
| | भाणी | बगैंचा |
| म | मल्लो | माथिल्लो |
| | माइस | मानिस |
| | माइयौ | आमा |
| | माउकी | स्वास्नी |
| | माणु | मन्दिर |
| | मुखि | मलाई |
| | मैना | महिना/ प्रेमिकालाई सम्बोधन गरिने शब्द |

| | | |
|---|---|---|
| | मौ | परिवार/घरबार |
| य | यसाइ | यस्तै |
| | यै | यही |
| | यैका | यसका |
| र | रन्या | रहने |
| | रयो | रह्यो |
| | राउणो | राम्रो |
| | राउनु | चिन्नु |
| | रुउस्या | सुन्दर |
| | रुणा | सुख्खा/खडेरी |
| | रुमा | कपाल |
| | रूपस | सुन्दर |
| | रैछ | रहेछ |
| ल | लणेली | प्यारी |
| | लाण्या | लहड |
| | लादो | पेट |
| श | शरील | शरीर |
| ह | हण | जीउ |